यात्राका ४० वर्ष

रमण घिमिरे
राजाराम फुयाल

म्युजिक नेपाल

यात्राका ४० वर्ष

लेखन	:	रमण घिमिरे राजाराम फुयाल
प्रकाशक	:	म्युजिक नेपाल
सम्पादक	:	राजाराम फुयाल
आवरण	:	अशेष महर्जन
ले-आउट	:	सुन्दर श्रेष्ठ
संस्करण	:	१००० प्रति (पहिलो वि.सं. २०८१)
सर्वाधिकार	:	म्युजिक नेपाल
ISBN	:	

यस पुस्तकको कुनै पनि अंश, पूरै पुस्तक अनुमतिविना कुनै पनि माध्यमद्वारा पुनरुत्पादन, प्रसारण वा फोटोकपी गर्न पाइने छैन, कसैले त्यसो गरेको पाइए प्रतिलिपि अधिकार ऐनअन्तर्गत कारवाही गरिनेछ ।

हाम्रो कुरा



सन्तोष शर्मा
(प्रबन्ध सञ्चालक म्युजिक नेपाल)

आज हामीले म्युजिक नेपाल स्थापनाको चालिसौँ खुट्किलामा पाउ राख्ने सौभाग्य प्राप्त गरेका छौँ । यस खुट्किलामा टेक्न हाम्रा सहकर्मीहरूले धेरै मेहनत गरेका छन् र पसिना बगाएका छन् । भन्छिन नि "रोम एकै दिनमा बनिएको होइन" । मलाई यो उक्ति म्युजिक नेपालको विकास क्रममा प्रयोग गऱ्यो भने एकदमै उपयुक्त हुन्छ होलाजस्तो लाग्छ । हो, म्युजिक नेपाल एकै दिनमा पटक्कै बनेको होइन । यो इँटाइँटा जोडेर बनेको कुनै भवनजस्तो स्रष्टा र कलाकारहरूको योगदानका इँटाहरूले लामो समय लागेर बनिएको प्रतिष्ठान हो ।

म आज पनि धोबीधाराको त्यो एककोठे कार्यकक्षलाई सम्झिन्छु । जहाँबाट म्युजिक नेपालका यावत गतिविधिहरू सञ्चालन हुन्थे । मार्गहीन माटोमा

उभिएको यात्रीको अवस्था के हुन्छ ? न बाटो छ, न कुनै गन्तव्यको पहिचान छ । यहाँबाट कुन दिशामा यात्रा गर्ने भन्ने कुनै निश्चितता पनि थिएन । तर हामी यात्रामा निस्किछाड्यौँ । आफैँले कम्पासको काम गर्‍यौँ र दिशानिर्दिष्ट गर्‍यौँ, आफैँले बाटो बनायौँ र त्यस बाटोमा हिँड्यौँ अनि गन्तव्यको परिकल्पना गर्‍यौँ । परिस्थितिसँग जुधिरहनु हाम्रो नियति थियो । साँघुरा र अप्ठ्यारा मोडहरूमा ठोक्किँदै अघि बढिरहनु हाम्रो अभीष्ट थियो । हामीले सम्भावित प्रतिकूलताको पहिल्यै अनुमान गरिसकेका थियौँ, त्यसैले जस्तै असहजतामा पनि हामी आत्तिएनौं र अडिएनौँ, अघि बढि नै रह्यौँ । त्यही अँध्यारोबाट उज्यालो खोज्ने कर्मको परिणाम हो म्युजिक नेपालले पूरा गरेको यो चार दशक यात्रा ।

समय र परिस्थितिसँग नियमित भइरहने प्रक्रिया हो, परिवर्तन । यस संस्थाले पनि यी चालिस वर्षमा अनेकौँ परिवर्तनहरूको सामना गर्नुपर्‍यो । दशकैपिच्छे हुने प्रविधिगत् रूपान्तर, पुरानो प्रविधिलाई कुडाकर्कटजस्तै मिल्काएर नयाँ महँगो प्रविधिलाई भित्र्याउनु हाम्रो आर्थिक अवस्थाले थेग्न सक्ने कुरा थिएन । तर समुद्रमा पाउ राखिसकेपछि किनारबाटै फर्किनु पनि आफ्नो स्वाभिमान र कर्त्तव्य बोधले दिएन । त्यसैले पौडिन सिक्ने क्रममा कहिले डुब्दै र कहिले उत्रिँदै हामीले ऋणपान गरेर भए पनि नयाँ नयाँ प्रविधिलाई भित्र्याइरह्यौँ । यो नितान्त नेपाली सङ्गीतको प्रादुर्भाव र विस्तारका लागि थियो ।

म्युजिक नेपालको मूल ध्येय त नेपाली सङ्गीतलाई व्यावसायीकरण गर्दै स्रष्टा-कलाकारहरूलाई आर्थिक रूपमा सबल बनाउनु थियो । त्यसैले हामीले हरेक क्यासेटमा उनीहरूलाई रोयल्टी दिने प्रथाको सुरुआत पहिलो दिनदेखि नै गर्‍यौँ । कालान्तरमा आज यो इतिहास बन्यो र नेपालमा प्रतिलिपि अधिकारको अभ्युदय भयो ।

व्यवसाय त म्युजिक नेपालको मूल ध्येय हो नै तर व्यवसाय मात्र यसले गरेन । नेपाली सङ्गीतको सर्वाङ्गीण विकास र समृद्धिका लागि पनि

यसले यथेष्ट काम गऱ्यो । पुराना गीत-सङ्गीत र लोकसंस्कृतिको सम्बर्धन गर्ने कार्यमा पनि यसले महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो । र, सङ्गीतको औपचारिक शिक्षाका लागि पनि त्यतिकै कार्य गऱ्यो । नेपाल म्युजिक सेन्टर गुठीको स्थापना गरी त्यसअन्तर्गत नेपाल सङ्गीत विद्यालय सञ्चालन गर्दै सङ्गीतको औपचारिक शिक्षालाई नेपालमै पहिलोपटक आरम्भ गऱ्यो । एउटा निजी संस्थाबाट भएको यो सानोतिनो काम थिएन ।

सङ्गीत प्रविधिकै कुरा गर्ने हो भने पनि म्युजिक नेपालले विश्वमा चलेको अत्याधुनिक प्रविधि भित्र्यायो र भारतमा गएर रेकर्ड गर्न बाध्य चलचित्रका गीतहरूलाई त्यहींकै रेकर्डिङ स्तरमा यहीं रेकर्डिङ हुनसक्ने व्यवस्था गरिदियो । यसले गर्दा भारतमा गएर रेकर्डिङ गर्दाका क्रममा रेकर्डिङबाहेक त्यहाँ जाने-आउने, बस्ने, खाने लगायतमा हुने खर्च कटौती गरिदियो ।

यति मात्र होइन । यसले हिन्दी सिनेमाका गीतहरूले पिटेको साङ्गीतिक बजारमा नेपाली सङ्गीतको बजार आफैँ खोज्यो । हिन्दी गीतहरूलाई विस्थापित गर्दै नेपाली गीत-सङ्गीतलाई स्थापित गरिदियो । हामीले खोजेकै यही थियो- नेपाली सङ्गीतलाई व्यावसायिक रूपमा स्थापित गर्ने र आम स्रष्टा-कलाकारहरूलाई यसैमार्फत् आयआर्जनको बाटो पहिल्याइदिने ।

आज म्युजिक नेपाल नेपाली सङ्गीतको माउ संस्था भएको छ । यसको जस हामी आफूले भन्दा तमाम नेपाली सङ्गीत स्रष्टाहरूलाई दिन्छौं । उहाँहरूको साथ, सहयोग र सद्भावविना यो सम्भव थिएन । यस निम्ति म ती सम्पूर्ण गीतकार, सङ्गीतकार, गायक, गायिका र वाद्यवादकहरूप्रति आभार व्यक्त गर्दछु र आगामी यात्रामा पनि उहाँहरूको सहभागिता यसरी नै हुनेछ भन्ने अपेक्षा राख्दछु ।

❋

लेखकीय



रमण घिमिरे



राजाराम फुयाल

निरन्तर लामो यात्रा पार गरेर उपलब्धिहरूका साथ एउटा बिसौनी तय गर्नु कुनै पनि निजी स्तरमा स्थापित संस्थाका लागि सजिलो कुरा होइन । कति संस्थाहरू बीचैमा अस्ताएका छन् त कति संस्थाहरू क्रमभङ्ग हुँदै अघि बढिरहेका छन् । यस स्थितिमा म्युजिक नेपालले आफ्नो स्थापनाको चार दशक लामो यात्रा अविच्छिन्न गतिमा पूरा गऱ्यो । यो एउटा चुनौती पनि हो र उपलब्धि पनि ।

यात्रामा निस्केपछि बाटाहरू सधैँ चिल्ला र सुगम नै भेटिन्छन् भन्ने प्रत्याभूति पनि हुँदैन । बाटोमा निस्केपछि हरेक प्रतिकूलताको सामना गर्न तत्पर रहनुपर्छ । म्युजिक नेपालको सन्दर्भमा पनि यस्ता अनेकौँ व्यवधान र समस्याहरू आए । पहिला अरू कसैले नहिँडेको बाटो आफैँले बनाउँदै हिँड्नुपर्छ । ठूलठूला प्रतिरोध र अप्ठ्यारा मोड, कुइनेटा र जँघारहरू आउँछन्, तिनलाई पन्छाउँदै पदचाप छोड्दै हिँड्नु सजिलो हुँदैन । यसले त नेपाली सङ्गीत-व्यवसायको गोरेटोबाट राजमार्ग निर्माण गर्नु थियो ।

त्यसैले यसले नेपाली सङ्गीतलाई आय-आर्जनको मूलस्रोत बनाउनका लागि हरसम्भव प्रयत्नहरू गरिरह्यो, हरेक चुनौतीहरूसँग जुधिरह्यो । सन्तोष शर्माको परिकल्पनामा रेखाङ्कित मार्गचित्रले अन्ततः म्युजिक नेपाललाई अन्य थोकहरूको व्यवसायसँगै मिसाएर साङ्गीतिक मुनाफामूलक बजारको रूपमा स्थापित गरिदियो । यसैको फलस्वरूप आज धेरै स्रष्टा-कलाकारहरू गीत-सङ्गीतबाटै सम्मानित जीविकोपार्जन गर्न सफल भएका छन् ।

चालीस वर्षअघिको नेपाली सङ्गीतको अवस्थालाई सिंहावलोकन गर्ने हो भने त्यस समयमा परिकल्पित सङ्गीत व्यवसाय नै आश्चर्यपूर्ण लाग्छ । एउटा क्यासेट निकाल्न पनि रत्न रेकर्डिङ संस्थाको मुख ताक्नु पर्थ्यो र एउटा गीत रेकर्ड गर्न रेडियो नेपालले दिने "डेट" महिनौं कुर्नुपर्थ्यो । तर म्युजिक नेपालले कलाकारका गीत पनि आफ्नै लगानीमा रेकर्ड गरिदिने र बजार पनि आफैँ खोजिदिई बिक्रीबाट आएको मुनाफाको उनीहरूलाई रोयल्टी दिने कुरा आकाशको फल नै थियो । तर यो फल धर्तीमै फलाइदिने कृत्य गऱ्यो म्युजिक नेपालले । त्यसैले अहिले चालिस वर्षपछि पनि यो कुरा सोच्दा अचम्म लाग्छ । म्युजिक नेपालले यस्तै अचम्मलाग्दा काम गरिदियो, नेपाली सङ्गीतको व्यावसायीकरणमा ।

इतिहासका पानाहरू थपिँदै जाने क्रममा सङ्गीतजगत्मा अनेकौं नाम थपिइसके, अनेकौं प्रयोग भइसके वा भनौं आजको सङ्गीत व्यापक भइसक्यो । व्यापकताजतिकै आजको सङ्गीतले स्तर निर्धारण गर्न सकेको छ, छैन त्यो विज्ञहरूलाई नै थाहा होला । रानूदेवी, मेलवादेवी, रत्नदास प्रकाश आदि हुँदै आजसम्म आइपुगेको सङ्गीत संसारमा निजी क्षेत्रको आगमन एउटा बेग्लै परिवेश लिएर देखापऱ्यो । पुरानो इतिहास, सरकारी लगानी र प्रसिद्ध बनिसकेको रेडियो नेपालको छेउमै म्युजिक नेपालको आगमन सङ्गीतप्रेमीहरूका लागि सुखद आगमन हुनपुग्यो । नेपाली सङ्गीत क्षेत्रमा आउन तम्सेकाहरू

मञ्च खोजिरहेका थिए, स्थापितहरू निरन्तरता चाहिरहेका थिए, नौलो केही गरौँ भन्नेहरू पर्खिरहेका थिए । लाग्छ निजी क्षेत्रबाट स्थापित म्युजिक नेपालले यस्ता धेरै प्रतिभाहरूको इच्छा पूरा गरेको हुनुपर्छ ।

म्युजिक नेपालमा एउटा अठोट थियो । त्यसैले त यो उक्लेको उक्लेकै भयो । आज म्युजिक नेपाल एउटा ठूलो महत्व र प्रतिष्ठाको नाम पनि बन्न पुगेको छ । उत्तरदायी र प्रयासी पनि हुनु, त्यसका साथै व्यावसायिक स्पर्धामा आफ्ना मूल्य, मान्यता र सिद्धान्तसहित उद्देश्य प्राप्तितिर अग्रसर संस्था म्युजिक नेपाल भएको छ । नेपाली सङ्गीत आकाशमा विविध सङ्गीतलाई समेट्दै म्युजिक नेपालले दिएको योगदान उल्लेख्य छ । साङ्गीतिक जगत् म्युजिक नेपालको मुख्य आधार भएर पनि नेपाली भाषा-साहित्यप्रति यसले दर्शाएको श्रद्धाभाव र चासो विर्सन नहुने पक्ष हो ।

म्युजिक नेपालको संलग्नता, समर्पण र सक्रियता सङ्गीतको संसारमा मात्र सीमित भएको भए म्युजिक नेपाल सङ्गीतसाधक, सङ्गीतप्रेमी, सङ्गीतकार शब्दस्रष्टा आदि मात्र यससँग सम्बद्ध हुने थिए, यसप्रति रुचि लिने थिए । म्युजिक नेपालले आफ्नो स्थापनाकालदेखि नै मुलुकको भाषा, साहित्य अनि यसका स्रष्टा-साधकहरूप्रति देखाएको सम्मान र समर्पण साँच्चै प्रशंसनीय छ । त्यसबाटै सहजै अनुमान गर्न सकिन्छ, म्युजिक नेपालको आगामी पाइला अझ व्यापक हुनेछ ।

कुनै पनि काम निरन्तर गर्नु खासै ठूलो कुरा होइन यसबाट प्राप्त गरेको उपलब्धिले मात्र निरन्तर काम गर्नुको उपादेयता सिद्ध गर्छ । हामीलाई लाग्छ म्युजिक नेपालले आफ्नो अविच्छिन्न चार दशकको यात्रामा यस कुरालाई प्रमाणित गरिदिएको छ ।

❊ ❊ ❊

विषयक्रम

१. म्युजिक नेपालः विगतदेखि वर्तमानसम्म १०

२. नेपालमा प्रतिलिपि अधिकार र म्युजिक नेपालको भूमिका १७

३. सङ्गीत प्रविधिमा आएको परिवर्तन र चुनौतीहरू ३१

४. नेपाली सङ्गीतको विकास र विस्तारमा म्युजिक नेपाल ४५

५. नेपाली सङ्गीतको रूपान्तरणमा म्युजिक नेपालको भूमिका ५४

६. नेपाली सङ्गीतको भविष्य र म्युजिक नेपाल ६४

७. सङ्गीत संरक्षणमा म्युजिक नेपालको भूमिका ७१

८. म्यूजिक नेपालको युगान्तकारी कामहरू ७५

९. सन्तोष शर्मा र म्युजिक नेपाल ८३

१०. नेपालमा सङ्गीतको डिजिटल फड्को र म्युजिक नेपाल ८८

११. नेपालमा सङ्गीत शिक्षा र म्युजिक नेपाल ९५

१२. संस्मरण ११०

(क) भूपाल राई (कुलपति, नेपाल प्रज्ञा प्रतिष्ठान) ११२

(ख) उत्तम थापा (महाप्रबन्धक, म्यूजिक नेपाल) ११७

(ग) केशव अधिकारी (वरिष्ठ प्रबन्धक, म्यूजिक नेपाल) १२१

(घ) कर्णदास (लोकप्रिय गायक) १२५

१३. तस्बिर खण्ड १२८

म्युजिक नेपाल:
विगतदेखि वर्तमानसम्म

पृष्ठभूमि: राजाराम फुयाल

म्युजिक नेपालको विगत र वर्तमान बुझ्न नेपालको सङ्गीत व्यवसायको पृष्ठभूमि बुझ्नु जरूरी छ । नेपालमा सङ्गीत व्यवसायको बीउ राणाकालमै रोपिएको थियो । नेपाली गीत-सङ्गीतको व्यावसायिक र संस्थागत विकासका दृष्टिले विश्व सङ्गीतको इतिहाससँग तुलना गर्दा लामो देखिन्न । वि.सं. १९६० मा नेपालमा ग्रामोफोन भित्रिएपछि नेपालमा बल्ल सङ्गीतको श्रुति परम्परामा ब्रेक लाग्यो । सङ्गीतमा चासो लिने सबैको ग्रामोफोनप्रति ध्यान खिचियो । सुन्नलाई नेपाली गीत थिएनन् । हिन्दी गीतकै भर पर्नुपर्ने अवस्था थियो ।

ग्रामोफोन आएपश्चात् नै नेपाली गायकहरूले आफूले गाएको गीत आफैंले पनि सुन्न पाइँदो रहेछ भन्ने जाने । वास्तवमा ग्रामोफोनले गीतको स्थायित्व कायम गरिदिएर सङ्गीतमा एउटा क्रान्ति नै ल्याइदिएको थियो । ग्रामोफोनको लोकप्रियता देखेर जनकलाल जोशीले वि.सं. १९६१ सालमै नेपालमा ग्रामोफोन र बजाउने डिक्स बेच्ने पसल खोले । उनकै लगानीमा

वि.सं. १९६५ मा सर्वप्रथम सेतुरामको स्वरमा गीत रेकर्ड पनि भयो । यो घटना नेपाली सङ्गीतको युगान्तकारी हो । यहीबाट सुरू भयो नेपाली गीत-सङ्गीतको व्यावसायिक इतिहास ।

जनकलाल जोशीले समन्वय गरेर कलकत्तामा रेकर्ड गराउने अभिभारा बोक्थे । रेकर्ड भएका डिक्स पनि बेचिदिन्थे आफ्नो पसलमार्फत् । कलाकारले बिक्रीबाट पैसा पनि पाउँथे । कतिपय गायक गायिकाले साहुहरूसँग बक्सिस लिएर पनि गीत रेकर्ड गरेको कुरा विभिन्न पुस्तकहरूमा पढ्न पाइन्छ । गायक गायिकाहरूले गीत रेकर्ड गर्ने भनेर राणा शासकहरूसँग पनि पैसा सहयोग लिएको कुरा पनि सुनिन्छ । यसबाट के देखिन्छ भने सानै रूपमा भए पनि नेपालमा सङ्गीतले व्यवसाय राणाकालमै देखिएको थियो ।

वि.सं. २००७ सालमा रेडियो नेपालको स्थापनापश्चात् रेडियो नेपालले पनि जनकलालले जस्तै गायक गायिकालाई कलकत्ता लगेर गीत रेकर्ड गराउन थाल्यो । यसबाट पनि सङ्गीत अझ व्यवसायिक मोडमा आयो । रेडियोमा प्रत्यक्ष गीत गाएरै घरखर्च चलाउने गायकहरू त्यसपछि भेटिन थाले । गायनप्रतिको रुचि बढ्दै गएकाले सङ्गीतकै विकासका लागि धेरै संघसंस्था खुल्न थाले । इन्द्रेणी रेकर्डस्, कलाकुन्ज यसैका उदाहरण हुन् ।

वि.सं. २०१४ सालसम्म नेपाली गायक गायिकाहरू कलकत्ता गएर गीत रेकर्ड गराउँथे । राजा महेन्द्रलाई अमेरिकी दूतावासले रेकडिङ मेसिन दिएपछि नारायणहिटी दरबारमै पनि गीत रेकर्ड हुन थाल्यो । राजालाई मनपरेका थुप्रै गायक गायिकाले दरबारमा गीत रेकर्ड गराउने अवसर पनि पाए । दरबारमा पहुँच नहुनेहरू र राजाको नजरमा नपरेकाहरू कलकत्ता नै पुग्थे ।

सरकारले वि.सं. २०१८ सालमा रानी रत्नको नामबाट रत्न रेकडिङ संस्थान खोल्यो । यसको काम नेपाली गीत रेकर्ड गराउने र बिक्री बितरण

गर्ने थियो । रत्न रेकडिङले विधिवत् रूपमा वि.सं. २०२२ सालबाट रेकडिङ र डिक्स उत्पादन गर्न थाल्यो । नेपालमा रेकर्ड गरेर कलकत्ता र जापान पठाएर डिक्स बनाएर रत्न रेकर्डले बेच्न थाल्यो । यसले पनि नेपालमा सङ्गीत व्यवसाय फस्टाउँदै लग्यो । टोलटोलमा क्यासेट पसल खुल्न थाले । बजारमा नेपाली गीतभन्दा हिन्दी गीतकै चल्ती बढी थियो । यसले पनि नेपालमा सङ्गीत व्यवसायको आधार खडा गर्दै लग्यो ।

म्युजिक नेपालको स्थापना:

नेपालमै गीत रेकर्ड र गीत उत्पादन हुन थालेपछि योप्रतिको चासो बढ्दै गयो । रेडियो र रत्न रेकर्डिङलाई कामको चाप बढ्दै गयो । चाहेर पनि सबैलाई मौका दिन सकिने अवस्था रहेन । निजी क्षेत्रको उपस्थिति पनि समयले माग्न थाल्यो । तर यसप्रति कसैको चासो पुगिरहेको थिएन । अन्ततः वि.सं. २०३८ सालमा निजी क्षेत्रको आँखा सङ्गीत व्वसायमा पऱ्यो र म्युजिक नेपालको स्थापना भयो । नेपाली सङ्गीतमा नयाँ व्यावसायिक चरणको सूत्रपात भयो ।

४१ वर्षअघि न्युनतम् प्राविधिक तथा वित्तीय स्रोतबाट घरेलु उद्योगको परिभाषाअन्तर्गत सञ्चालनमा आएको म्युजिक नेपाल ४१ वर्षसम्म रहला भनेर सायद कसैले कल्पना गरेका थिएनन् । दर्ता भएको केही महिना लगानीकर्ताहरूसँगको छलफल तथा प्राविधिक विषयमा बित्यो । केही महिनापश्चात् दुई बहादुर सजनराम भण्डारी र यादव बासकोटाले १/१ लाख रूपैया लगानी गर्न आँट गर्नुभयो र काम अघि बढ्यो । थलोको रूपमा डिल्लीबजार उकालो (पुतलीसडकपट्टि) को एभरेस्ट एक्सरे भित्रको नारायण दाइको ३ कोठे घर मासिक ८ सय बहाल तिर्ने गरी लिइयो । आठ महिना त्यहाँ बसेपछि ठाउँको अलि अभाव भएको कारण धोबीधारामा सऱ्यो । त्यहाँ २ वर्ष र अघिल्लो ८ महिना नीतिगत काम र बुझेका कुराहरू लागु गर्न व्यतित भयो ।

सिद्धान्ततः कुनै पनि उद्योग बाँच्नका लागि निरन्तर विस्तार हुँदै जानुपर्छ । यथास्थितिमा कुनै पनि संस्था टिक्न सक्दैन भन्ने कुरा म्युजिक नेपालमा आवद्ध सबै शेयर होल्डरले बुझेका थिए । तसर्थ, साङ्गीतिक सुझबुझपूर्ण नीति निर्माण तथा उचित बजार खोजीमा सबै दत्तचित्त थिए ।

म्युजिक नेपाल स्थापनाताका देश खलकुदमय थियो । तत्कालीन राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव शरद्चन्द्र शाहले राष्ट्रिय खेलकुदमा राष्ट्रिय दोहोरी प्रतियोगिता राखिदिएपछि नेपालभरि नै दोहोरी गीतको लोकप्रियता बढेको अवस्था थियो । त्यही लहरलाई समाउँदै म्युजिक नेपालले पनि लोकदोहोरी गीतलाई प्राथमिकता दियो । आफ्नो पहिलो गीतिएल्बम "जयनन्द लामाका लोकगीतहरू" प्रकाशन गरेर म्युजिक नेपाल बजारमा आयो । यसपश्चात् राम थापा, रामशरण नेपालीका लोकगीतहरू विजयसिंह मुनालका आधुनिक गीतहरू तथा चलचित्र वासुदेव गीति एल्बम म्युजिक नेपालले बजारमा पठायो । माहौल नै सकारात्मक भएकाले म्युजिक नेपालको सोच सफल भयो । एल्बमहरू हिट भए ।

म्युजिक नेपालप्रति सर्जकहरू आकर्षित हुन थाले । काम पनि बढ्दै गयो । धोविधाराको अफिस पनि साँगुरो भयो । तसर्थ कालिकास्थानमा सर्‍यो । आफ्नो कामलाई बिस्तार गर्दै म्युजिक नेपालले कालिकास्थानमै रेकर्डिङ स्टुडियो पनि बनायो । निजी क्षेत्रबाट स्थापित यो पहिलो स्टुडियो थियो । यही स्टुडियोमा धेरै कलाकारहरूले आफ्नो आवाज रेकर्ड पनि गराए ।

म्युजिक नेपालले स्टुडियो बनाएपश्चात् योप्रति अझै आकर्षण बढ्यो । गीत पनि त्यहीँ रेकर्ड गर्ने एल्बम पनि त्यहीँबाट निकाल्ने काम बढ्दै गयो । निकै राम्रा राम्रा गीत रेकर्ड र एल्बम त्यहाँ बसेर म्युजिक नेपालले बनाएको छ । स्टुडियो र कम्पनी चल्न थालेपछि बिस्तारै आफ्नै भवन बनाएर २०४८ सालमा म्युजिक नेपाल अनामनगरमा सर्‍यो । खाली क्यासेट उत्पादन र डविङ सेवा पनि म्युजिक नेपालले बिस्तार गर्‍यो । अहिले अनामनगर नै म्युजिक नेपालको स्थायी थातथलो भएको छ ।

एउटा घर बनाउन धेरै पक्षको सीप र परिश्रम चाहिन्छ । जग खन्नेदेखि गारो लगाउने, भ्यालढोका बनाउने, छत ढलान र रंगरोगन गर्नेसम्मका चरणहरूमा प्रत्येक कर्मीको सीप, जागर र परिश्रमले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । तर पनि कालान्तरमा घरको महत्वमाथि एकजना मानिसको बढि नै चर्चा हुन्छ । त्यो घरको सोच बनाउने र डिजाइन बनाउने इन्जिनियर । जसको घरको प्रारम्भिक स्वरूपको रेखांकनदेखि त्यसको फिनिसिङ टचसम्मको योगदान रहन्छ । किनभने उसैको मार्गनिर्देशनमा त्यस घरको निर्माण सम्पन्न हुन्छ । यसको स्वरुप निर्माणदेखि रेखांकन सम्मका सबै चरणमा सहभागी हुने व्यक्ति हुन् - सन्तोष शर्मा । जसको सोच र ढाँचामा यो जन्मियो । हुर्कियो । यस मोडसम्म आइपुग्यो । नेपाली सङ्गीतले व्यावसायिक मोड लियो ।

म्युजिक नेपाललाई एउटा घरसँग तुलना गरेर हेर्दा यसको संरचनामा अनेकौं शिल्पीहरूको हात छ । आरम्भका दिनहरूमा झोलामा क्यासेट बोकेर पसलहरूमा "हाम्रा क्यासेट पनि बिक्रीमा राखिदिनूस्" भन्दै अनुनय गर्दै भौतारिने जेके शर्मा र ईश्वर अर्यालको पनि म्युजिक नेपाललाई बनाउनमा ठूलो हात छ । प्रविधि शून्य अवस्थामा गीतको रेकर्ड गर्ने र यस पक्षमा परामर्श दिन सक्षम प्रदीप उपाध्यायको पनि यसको जग हाल्ने क्रममा प्रशस्त योगदान छ ।

ज्ञान र अनुभव खर्चेर म्युजिक नेपाललाई नीति नियमको आधारमा निरन्तरता दिन कम्मर कसेर लाग्ने सङ्गीतकार मदन दिपबिमको पनि उल्लेखनीय योगदान छ । यसै चरणमा रेकर्डिङमा सम्वद्ध परशुराम चौधरी र रेकर्डिङपछि प्रत्येक चरणलाई आफ्नो काँधमा बोकेर झण्डैझण्डै श्रोताको दैलोसम्म पुऱ्याएर बिसाउने कृष्ण खनालको योगदान पनि त्यतिकै स्मरणीय छ । यसबाहेक पुतलीसडक, धोबीधारा, कालिकास्थान हुँदै अनामनगरसम्मको यात्रामा अनेकौं व्यक्तित्वहरूले होस्टेहैसे गरेर म्युजिक नेपालको इतिहाससँग महत्वपूर्ण रूपमा जोडिएका छन् । सबैको योगदान अतुलनीय र महान् छ ।

गीतसङ्गीतको उत्पादन र वितरण गर्ने सरकारी निकाय रत्न रेकर्डिङले हुनुपर्ने रफ्तारमा काम गर्न नसकेको अवस्थामा म्युजिक नेपालको स्थापना भएकाले पनि यसको महत्व बढ्दै गयो । रत्न रेकर्डिङको ओरालो यात्राले सङ्गीतको बन्दै गएको व्यावसायिक माहौल बिग्रिँदै गएको थियो ।

त्यसलाई सम्हाल्न म्युजिक नेपाल नआएको भए नेपाली सङ्गीत यो बिन्दुमा आउन निकै कठिन हुन्थ्यो । रत्न रेकर्डिङको नाममा भएका सबै सरकारी लगानी निष्प्रभावी बनिसकेका थिए ।

यस अवस्थामा म्युजिक नेपालले आफ्नो बाटो आफैँ बनायो । पहराहरू आफैँले फुटायो । भीरहरू ताछेर एक्लैले गोरेटो बनायो । यति गर्दा पनि बाटोमा धेरै कुइनेटाहरू थिए । त्यसैले कतै ठोकिन्छ कि भनेर सतर्कतापूर्वक जोगिँदै हिड्दैँयो । म्युजिक नेपालले बिस्तारै गोरेटोलाई बाटो र बाटोलाई राजमार्गमा फैलाउँदै अविराम हिँडिरहयो ।

यस यात्रामा सुरुमा म्युजिक नेपाल एक्लो थियो । म्युजिक नेपाल यात्रामा निस्केपछि अरू पनि क्रमशः निस्कन थाले । यात्रा बढ्दै गएपछि अरू पनि निस्कन थाले । यसरी एकबाट दुई दुईबाट चार हुँदै अनगिन्ती म्युजिक कम्पनी देखा परे ।

सङ्गीतको व्यापारले एउटा गति समायो । रत्न रेकर्डको एकाधिकार म्युजिक नेपालले तोड्यो । म्युजिक नेपालको अरुले । तर म्युजिक नेपाल कहिल्यै विचलित बनेन । यस क्रममा कहिले स्रष्टा कलाकारले यसलाई डोऱ्याए । कहिले म्युजिक नेपालले उनीहरूलाई डोऱ्यायो । यसरी शून्यबाट आफ्नो यात्रा तय गरेको म्युजिक नेपालले नेपाली सङ्गीतलाई एउटा निश्चित मार्ग र गन्तव्य प्रदान गरिसकेको छ । समयले म्युजिक नेपाललाई कलाकर्मीहरूको चौतारी बनाएको छ ।

विक्रमको ६० को दशकमा आइपुग्दा नपुग्दै सङ्गीत क्रमशः परिवर्तित युगमा पुगिसकेको थियो । यसको भेउ नेपालका सङ्गीत कम्पनीहरूले प्राप्त

गर्न सकिरहेका थिएनन् । म्युजिक नेपालले परिवर्तित समय र प्रविधिलाई आत्मसात् गर्न कम्मर कस्यो । लगभग बिक्न छोडिसकेको सङ्गीतलाई फेरि चलायमान बनाउन लागि पऱ्यो । नेपालका टेलिफोन कम्पनीहरूले निःशुल्क प्रयोग गरिरहेको कलर रिङ्टोनलाई नगदमा परिणत गर्न म्युजिक नेपाल सफल भयो । यसले नेपाली सङ्गीतलाई फेरि वाहार दियो ।

कलर रिङ न्याकटोनमार्फत् नै म्युजिक नेपालले तत्कालिन समयमा सञ्चालनमा आएका धेरै सङ्गीतको कारोवार गर्ने कम्पनीहरूलाई एउटै मालामा उन्न सफल भयो । एउटा एग्रीग्रेटरको भूमिकामा आफूलाई राखेर सारा कम्पनीलाई रिंङन्यागटोन नम्बर उपलब्ध गराउने काममा म्युजिक नेपाल अग्रस्थानमा देखियो ।

कलरटोनपश्चात् नेपाली सङ्गीत क्रमशः डिजिटल युगमा प्रवेश गऱ्यो । हुन त यसको पृष्ठभूमि अलि अगाडिबाटै बनिसकेको थियो । यसलाई प्रारम्भमै नेपालका सङ्गीत व्यवसायीहरूले आत्मसात् गर्न सकेनन् । डिजिटल प्लेटफर्म बनाउने कामको अगुवा पनि म्युजिक नेपाल नै बन्यो । आफूसँगै अरुलाई पनि समेट्दै डिजिटल कारोबारमा म्युजिक नेपाल अघि बढ्न थाल्यो र आजको यो अवस्थामा आइपुग्यो ।

वि.सं. २०७८ सालबाट म्युजिक नेपाल पब्लिक लिमिटेडमा परिणत भएको छ । यसरी पब्लिक लिमिटेड बन्ने सङ्गीत कम्पनीमा म्युजिक नेपाल पहिलो बन्न पुग्यो । यसरी लिमिटेड बनेपछि म्युजिक नेपालको कारोवारले अझ फस्टाउने अवसर प्राप्त गर्नेछ । नेपाली सङ्गीतले राम्रो गति पाउने कुरामा दुई मत नरहला ।

❋ ❋ ❋

नेपालमा प्रतिलिपि अधिकार र म्युजिक नेपालको भूमिका

राजाराम फुयाल

विषय प्रवेश:

प्रतिलिपि अधिकार एउटा कानुनी व्यवस्था हो जसले कुनै पनि बौद्धिक सम्पत्तिको कृतिकारलाई आफ्नो कृति वा सृजनाको प्रयोग वा पुनः प्रयोगको व्यवस्थापन गर्ने विशेष अधिकार दिन्छ । प्रतिलिपि अधिकारले कृतिकारलाई आफ्नो सिर्जना अरूले के कस्तो सर्तमा प्रयोग वा पुनः प्रयोग गर्न दिने भन्ने तय गर्ने अधिकार दिएको हुन्छ ।

खासमा यो कृतिको प्रतिलिपि बनाउने अधिकार हो तथापि यसले त्यस कृतिको आंशिक प्रयोग अथवा त्यसबाट लिइने लाभका लागि कृतिकारलाई श्रेय प्रदान गर्दछ । यो बौद्धिक सम्पत्तिको रूपमा प्रतिलिपि अधिकार, ट्रेडमार्क, पेटेन्ट र ट्रेड गोपनीयताका नामबाट सुरक्षित गर्न सकिन्छ ।

बौद्धिक सम्पत्ति अधिकार पूर्णतः स्थापित भइनसकेको हाम्रो देश नेपालमा स्रष्टाको आफ्नो सिर्जनामाथिको अधिकार स्थापित गर्न बौद्धिक सम्पत्ति अधिकारको बारेमा बुझ्न टड्कारो आवश्यकता देखिएको छ ।

आफ्ना अमूल्य सिर्जना र आविष्कार सर्जक/समाजको सम्पत्ति हो, त्यसैको आधारमा औद्योगिक विकास, मानव सभ्यता र संस्कृति सम्भव भएको

हो । आधुनिक समाज एकातिर ज्ञानमा आधारित बन्दै गएको छ भने अर्को तर्फ सर्जकको सिर्जनामाथि अतिक्रमणसमेत हुने गरेकोले बौद्धिक सम्पत्ति अधिकार संरक्षणको सवाललले महत्व पाउँदै आएको छ र राष्ट्रहरूले बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी नीतिगत तथा संरचनागत व्यवस्था गर्दै आएका छन् ।

बौद्धिक सम्पत्ति मानिसको आफ्नो सीप, क्षमता र दक्षताको प्रयोग गरी तयार गरेको सिर्जनात्मक कार्य हो जसको माध्यमबाट भौतिक संरचना वा वस्तु निर्माण हुन्छ भने उक्त वस्तु वा संरचनामाथिको सर्जकको अधिकार बौद्धिक सम्पत्तिको अधिकार हो ।

विश्व बौद्धिक सम्पत्ति सँगठनले बौद्धिक सम्पत्तिलाई व्यक्तिको विचार मानवीय विवेकको सिर्जना भनी परिभाषित गरेको छ । सर्जकलाई प्रोत्साहित गरिनुपर्दछ भन्ने मान्यताका साथ त्यस्तो सम्पत्तिमाथि निश्चित समयको एकाधिकार रहने गरी अधिकारको व्यवस्था गरिएको हुन्छ, जुन अधिकार कुनै प्राकृतिक हक नभएर सर्जकलाई प्रोत्साहन स्वरूप दिइएको एकाधिकारको कृत्रिम हक हो ।

पृष्ठभूमि:

नेपालमा स्रष्टाहरूको प्रतिलिपि अधिकारको कुरा ६ दशक पहिले साठीको दशकको सुरुमै उठेको हो । यो उठाउने व्यक्तित्व थिए, महाकवि लक्ष्मीप्रसाद देवकोटा । सन् १९६०मा तत्कालीन सोभियत संघको भ्रमणमा रहेको बेलामा आयोजित एक साहित्यिक समारोहमा विचारोत्तेजक मन्तव्य दिँदै देवकोटाले यसको प्रसङ्ग उठाएका थिए ।

त्यहाँ बोलिएको उनको शब्द यस्तो थियो -"हामी लेखकहरूले हाम्रा अनेक समस्या र परमितताका विरुद्ध सङ्घर्षरत् हुनुपर्छ । यो देशको भविष्य प्रजातन्त्रको भविष्य, मुख्यतः हाम्रो प्रतिकूल परिस्थितिसँग जुध्न सक्ने क्षमतामा निर्भर गर्छ । अन्तर्राष्ट्रिय क्षेत्रमा हाम्रो राष्ट्रले लेखकहरूलाई प्रोत्साहित गर्दैन र २० औँ शताब्दीमा खान पाउँदैनन् भन्नु राष्ट्र र प्रजातन्त्रका लागि कलङ्क

हो । नेपाली लेखकहरूको बलियो सँगठन नै यी सबै समस्याहरूको एकमात्र समाधान हो । हामीले एक सबल आवाज प्राप्त गर्नुछ । एक शक्तिशाली निकायको विकास गर्नु छ, साथै यसमा सामूहिक आत्मा भर्नु छ ।"

सन् १९६० मा सार्वजनिक भएको यो उदगार ६ दशक बुढो भयो नै, महाकवि देवकोटालाई गुमाएको पनि दशकौं भैसक्यो । यसैबीचमा उनले सङ्केत गरेको २० औं शताब्दी नै २१ औं शताब्दीको भऱ्याङ उक्लिसक्यो । तैपनि उनले अपेक्षा गरेको जस्तै स्रष्टाहरुको समयसापेक्ष बलियो हतियार "प्रतिलिपि अधिकार" र संकेत गरेको सँगठन प्रतिलिपि अधिकार संरक्षण समितिको विधिवत् गठन भयो तर बलियो हुन सकेको छैन ।

नेपालमा प्रतिलिपि अधिकारको इतिहासको पछि लाग्दा सन् १९६५ सम्म पुग्नु पर्छ । महाकवि देवकोटाले अन्तर्राष्ट्रिय मञ्चमार्फत आग्रह गरेको पाँच वर्षपछि अर्थात् सन् १९६५ मा प्रतिलिपि अधिकार ऐन २०२२ को घोषणा गरिएको थियो । तर त्यसको कार्यान्वयनको लागि आवश्यक नियमावली बन्न चाहिँ अरु २४ वर्ष लागेको थियो । तर यतिका वर्षपछि आएको नियमावली पनि मुसा नमार्ने बिरालोजस्तै नाम मात्रको थियो । यो प्रजातन्त्र पुन-स्थापना पहिलेको कुरा थियो ।

प्रजातन्त्रको पुन-स्थापनापछि नेपाली स्रष्टालाई आफ्नो सिर्जनाको संरक्षण गर्न मुसा मार्ने बिरालो नै आवश्यकता थियो । प्रजातन्त्रको आगमनपश्चात् नेपालमा मनोरञ्जन व्यवसायले पनि गति लियो । मनोरञ्जन व्यवसायीहरू पनि लेखकजस्तै प्रतिलिपिको मारमा परेका थिए । यही मारको कारण प्रतिलिपि अधिकारको पछि लाग्न उनीहरुलाई बाध्य बनायो ।

मनोरञ्जन व्यवसायीहरु पनि आफ्नो लडाइँमा आइदिनाले स्रष्टाहरू प्रफुल्लित बने । उनीहरुकै अनवरत् प्रयत्न र सङ्घर्षबाट २०५४ मा प्रतिलिपि अधिकार ऐन २०२२ को पहिलो संशोधन पनि सम्भव भयो । तर यस संशोधनमा निजी क्षेत्रको भन्दा पनि बढी परम्परागत सरकारी ढर्रा र ढाँचाको टाँचा लगाइयो । जसले गर्दा स्रष्टाको र समयको आवश्यकतालाई फेरि पनि यसले पूरा गर्न सकेन ।

अझ गज्जबको कुरा के थियो भने यस संशोधित विधयेकमा लालमोहर लाग्नुअघि नै संशोधनको कुरा उठेको थियो । यसैक्रममा अनेकौं गतिविधि भए । प्रतिलिपि अधिकार ऐन २०२२ को दोस्रो संशोधन २०५७ लेखेर संसदमा लगिएको थियो । त्यतिखेर सत्ता खेलका कारण संसद नै बस्न सकेन । यो संशोधित विधेयक पुनः एकपटक ट्राफिक जाममा पऱ्यो । पछि संसदको २० औं अधिवेशनमा त्यो जाम त मुस्किलले तोडियो । तर पनि यसले आफ्नो निर्माणचक्र पूरा गर्न पाएन ।

बौद्धिक सम्पत्तिका विषयगत क्षेत्रहरुः

बौद्धिक सम्पत्तिमा साहित्य, सङ्गीत सिर्जना र उत्पादन, औद्योगिक डिजाइन, पेटेन्ट तथा ब्रान्ड, ट्रेडमार्क, आविष्कार, आनुवंशीय सम्पदा, कम्प्युटर डिजाइन र अपरेटिङ सिस्टम, उत्पादन फर्मुला, कम्पोजिसन तथा सूत्र, भौगोलिक पहिचान, जैविक उत्पादन र विविधता, डिजाइन, पेन्टिङ आदि कुराहरू पर्दछन् ।

नेपाली समाजका विभिन्न किसिमका कला, सीप, साहित्य, सभ्यता र सांस्कृतिक सम्पदा तथा जैविक विविधताले आफ्नै खालको विशिष्ट पहिचान बोकेका छन् । काठमाडौंको काष्ठमण्डप, पाटनको कृष्ण मन्दिर, भक्तपुरको पाँच तले मन्दिर, नेपालका हिमाल, पहाड र तराईमा फैलिएका कला संस्कृति, जैविक विविधता, परम्परागत कृषि प्रणाली, वास्तुशास्त्र, ज्योतिषशास्त्र, गणितशास्त्र, विभिन्न तन्त्रमन्त्र, परम्परागत ज्ञान आफैमा यसका ज्वलन्त उदाहरणहरू हुन् ।

कानुनी व्यवस्थाः

कमन ल प्रणाली अवलम्बन गर्ने देशहरूले बौद्धिक सम्पत्तिलाई आर्थिक, साँस्कृतिक र औद्योगिक विकास गर्ने माध्यम र त्यस्तो सम्पत्तिको मालिकलाई एकाधिकारको अधिकार प्रदान गरी आर्थिक प्रोत्साहन दिने साधनको रूपमा लिने गरेको पाइन्छ ।

त्यसैगरी कन्टिनेन्टल ल पद्धतिको अवलम्बन गर्ने मुलुकहरूमा बौद्धिक सम्पत्तिलाई सर्जकको व्यक्तित्व विकास गर्ने माध्यमको रूपमा लिइने भएकोले नैतिक अधिकारको रूपमा मान्यता दिने गरेको देखिन्छ ।

समाजवादी मुलुकहरूमा भने समाजकै सम्पत्तिको हिस्साको रूपमा सर्जकलाई आर्थिक अनुदान, पुरस्कार र पारिश्रमिक दिने गरिन्छ ।

नेपालको प्राचिन इतिहास हेर्ने हो भने नेपालमा बौद्धिक सम्पत्तिको मान्यता र संरक्षणसम्बन्धी लामो अभ्यास देख्न सकिन्छ । खास गरी विभिन्न कलाहरूको विकास, मठ मन्दिरहरूको निर्माण, र तिनको निर्माण गर्ने कलाकारको सम्मान आदिले बौद्धिक सम्पत्तिसम्बन्धी अवधारणाको जग मजवुत भएको मान्न सकिन्छ ।

बौद्धिक सम्पत्तिसम्बन्धी कानुनी प्रयासहरूलाई हेर्ने हो भने बौद्धिक सम्पत्तिहरूको संरक्षणका लागि नेपालमा सर्वप्रथम वि. सं. १९९३ मा नेपाल पेटेन्ट, डिजाइन, र ट्रेडमार्क ऐन अस्तित्वमा आएको देखिन्छ । त्यसपछि आएर उक्त ऐनको सट्टामा आवश्यक परिमार्जनसहित नयाँ ऐनको निर्माण हुनुको साथै बौद्धिक सम्पत्ति अधिकारको एउटा महत्वपूर्ण पक्षका रूपमा रहेको प्रतिलिपि अधिकारसम्बन्धी कानुनको तर्जुमा भई लागु भएको अवस्था छ ।

हाल नेपालमा प्याटेन्ट, डिजाइन तथा ट्रेडमार्क ऐन, २०२२ प्रतिलिपि अधिकार ऐन, २०५९ तथा प्रतिलिपि अधिकार नियमावली, २०६१ प्रचलनमा छ । प्रतिलिपि अधिकारसम्बन्धी कानुनी व्यवस्थालाई समयानुकूल बनाउने उद्देश्यका लागु गरिएको प्रस्तुत ऐनले विश्व व्यापार सँगठनको बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी सम्झौताका आधारभूत पक्षहरूलाई समेट्ने प्रयास गरिएको छ ।

प्रस्तुत ऐनले प्रतिलिपि अधिकार प्राप्त हुने र नहुने विषयहरूको बारेमा स्पष्ट उल्लेख गरेको छ । प्रतिलिपि अधिकारको प्राप्तिका लागि दर्ता अनिवार्य

नहुने व्यवस्थासमेत ऐनमा गरिएको छ । त्यस्तै कुनै रचनाउपर आर्थिक अधिकार प्राप्त गर्ने धनिको अधिकार हुने र आर्थिक अधिकारअन्तर्गत के कस्ता अधिकारहरू पर्ने पनि स्पष्ट पारेको छ । तथापि नेपालमा बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी अनुभव र कानुनको कमी नै रहेको छ ।

बौद्धिक सम्पत्तिका क्षेत्रमा भएका सवल पक्षः

नेपाल सन् १९९७ मा विश्व बौद्धिक सम्पत्ति सँगठन (WIPO) र सन् २००४ मा विश्व व्यापार सँगठनको सदस्य भइसकेको छ । साहित्यिक तथा कलात्मक रचनाको विश्वव्यापी संरक्षणका लागि जनवरी ११, २००६ देखि नेपाल वर्न महासन्धि (Berne Convention) को पक्ष पनि भइसकेको छ । यसर्थ नेपालमा बौद्धिक सम्पत्ति सम्बन्धमा यी सबल पक्ष छन्

- आठ दशक लामो समयदेखि बौद्धिक सम्पत्तिको अवधारणा विकास,
- विश्व बौद्धिक सम्पत्ति सँगठन, विश्व व्यापार सँगठनलगायत विश्वमञ्चमा संलग्नता,
- वर्न, पेरिसलगायत विभिन्न सन्धि, अभिसन्धि र प्रोटोकलमा प्रतिवद्धता,
- नेपालको संविधानमा बौद्धिक सम्पत्तिसम्बन्धी अधिकारलाई मौलिक हकमा राखिएको,
- प्रतिलिपि अधिकार ऐन, नियमावली, औद्योगिक, वाणिज्य र बौद्धिक अधिकार सम्बन्धी नीतिगत व्यवस्था,
- नेपाल प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालयको स्थापनासहित संस्थागत व्यवस्था,
- परम्परागत ज्ञान, सम्पदा, संस्कृति जैविक विधाता, लोक संस्कृतिको संरक्षणमा चेतना स्तरमा वृद्धि,
- सर्जक वा उत्पादकको सम्मान गर्ने परिपाटीको विकास,

बौद्धिक सम्पत्तिका क्षेत्रमा भएका दुर्वल पक्ष

बौद्धिक सम्पत्ति अधिकार स्थापनाको सन्दर्भमा नेपालले विभिन्न प्रयासहरू गरेको भए तापनि विश्व व्यापार सँगठनको सदस्य भएसँगै चुनौतिको पहाड लाग्न थालेको छ । खास गरी बौद्धिक सम्पत्तिको सम्बन्धमा नेपालमा कमै अनुभव रहेको, यससम्बन्धी पर्याप्त संस्थागत तथा कानुनी आधारहरू तयार नभएको सन्दर्भमा यस क्षेत्रमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धा गर्दै राष्ट्रका मौलिक बौद्धिक सम्पदाहरूको संरक्षण गर्न नेपालका सामु चुनौती भएको छ ।

बौद्धिक सम्पत्ति अधिकारको व्यवस्थापन र प्रशासनको सन्दर्भमा समेत नेपालमा उपयुक्त प्रबन्ध हुन सकेको छैन, यसको प्रशासन हेर्ने निकायतर्फ हेर्ने हो भने त्यस्ता निकायहरू पर्याप्त र प्रभावकारी हुनसकेको छैन । औद्योगिक सम्पत्तिको संरक्षण र व्यवस्थापनको लागि उद्योग विभाग, उद्योग मन्त्रालय तथा प्रतिलिपि अधिकारको लागि नेपाल प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालयलाई जिम्मेवारी प्रदान गरिएतापनि यथोचित काम हुन सकिरहेको छैन । अहिले पनि यस्ता कमजोरी देखिँदै आएका छन् ।

- स्पष्ट र विस्तृत नीतिगत अवधारणाको विकास अभाव साथै भएका नीतिको कार्यान्वयन हुन नसक्नु,
- उत्पादक तथा सर्जकहरू आफ्ना सिर्जनाप्रति सचेत नहुनु,
- अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धिका प्रावधानलाई नीति कानुनमा समायोजित गर्न नसक्नु,
- छरिएर रहेका सँगठन, संरचना र फरक फरक कार्यशैली तथा व्यवहार,
- साझा अवधारणाको विकास र क्षमता विकासको अभाव,
- सूचना सन्तुलन र त्यसको आधारमा प्रभावकारी अनुगमन हुन नसक्नु,

बौद्धिक सम्पत्ति संरक्षण प्रणाली आमनागरिक र सम्बन्धित समुदायसम्म पुग्न सकेको छैन । चेतनाको अभावकै कारण बौद्धिक सम्पत्ति संरक्षणका लागि औपचारिक प्रक्रियामा आउने नगरेको अवस्था समेत छ साथै कतिपय अवस्थामा बौद्धिक सम्पत्ति अधिकारको प्रशासन हेर्ने निकायको कार्यविधिगत जटिलता र अप्रभावकारिताको कारण पनि यस प्रक्रिया निरुत्साहित हुन पुगेको अवस्था छ ।

प्रतिलिपि दर्ताको अवस्था समेत त्यति उत्साहवर्धक र दर्ता भएका प्रतिलिपि अधिकार लगायतका बौद्धिक सम्पत्ति खास गरी ट्रेडमार्कको संरक्षण प्रभावकारी रूपमा हुन सकेको छैन । सम्बन्धित जनशक्तिमा विषयवस्तुको पर्याप्त ज्ञानको अभाव समेत रहेको छ ।

बौद्धिक सम्पत्ति देशको आर्थिक र सामाजिक विकासको मेरुदण्ड रहेको र नेपालले व्यापारसम्वन्धि अन्तर्राष्ट्रिय मञ्चको उपयोग गर्ने हो भने त्यसका लागि प्रतिस्पर्धात्मक क्षमता विकास गर्नुपर्ने अपरिहार्यता छ ।

त्यसका लागि नेपालले विश्व व्यापार सँगठनलगायत बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरूको पक्ष बनिसकेको सन्दर्भमा तिनीहरूको कार्यान्वयनका लागि उपयुक्त नीतिगत, कानुनी एवं संरचनागत पूर्वाधार तयार गर्नुपर्ने, बौद्धिक सम्पत्ति सम्बन्धमा अनुसन्धान र विकासमा जोड दिनु र यसका लागि आवश्यक पर्ने अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्न तर्फ प्रयत्न गर्न जरुरी छ ।

यसै गरी नेपालले अन्य विकसित राष्ट्रहरूसँग प्रतिस्पर्धा गर्न नसक्ने भएकोले बौद्धिक सम्पत्तिसम्बन्धी तुलनात्मक लाभका क्षेत्रहरू पहिचान गरी अन्तर्राष्ट्रिय व्यापारका लागि प्रोत्साहित गर्नुका साथै आवधिक योजनामा समेत यसलाई समावेश गरी राष्ट्रिय विकासमा मूल प्रवाहिकरण गर्न पनि त्यतिकै जरुरी छ ।

प्रतिलिपि अधिकारको लडाँइमा म्युजिक नेपालको भूमिका

नेपालमा प्रतिलिपि अधिकारका लागि व्यक्तिगत रूपमा पहिलो आवाज उठाउने व्यक्तित्व महाकवि देवकोटा भए पनि उनकै अनुसरण गर्दै त्यतिवेलाका स्रष्टाहरूले पनि यस क्रमलाई निरन्तरता दिइ नै रहे । संस्थागत प्रयत्नको कुरो गर्ने हो भने त्यो प्रयत्न "नेपाल प्रतिलिपि अधिकार संरक्षण समाज" ले गरेको हो ।

जब म्युजिक नेपाल सङ्गीतको बजारमा आफ्नो ठाउँ बनाउँदै हिड्न थाल्यो । प्रारम्भदेखि नै केही अड्चन आउन थाले । विशेषगरी आफ्ना क्यासेटको नक्कलीप्रति बजारमा भेटिने, गीतको स्वामित्वजस्ता कुराको बारेमा के कस्ता कानुनी व्यवस्था रहेछन् भनेर बुझ्न खोज्दा नेपाल यो सवालमा गतिहीन अवस्थामा रहेको कुरा सन्तोष शर्माले चाल पाए । म्युजिक नेपालबाट उत्पादित क्यासेट चक्का अनधिकृत बिक्री बितरण भैरहेको र आफुलाई व्यवसायिक घाटा लागिरहेको टुलुटुलु हेर्न उनको मनले मानेन ।

यो क्रियाकलापबाट म्युजिक नेपाल मात्र होइन, गीत सङ्गीतसँग सम्बन्धित सर्जक पनि मर्कामा परिरहेका थिए । सन्तोष शर्मा धेरैतिर धाए सरकारका मान्छेलाई गुहारे । त्यतिखेर प्रतिलिपिसम्बन्धी कानुन थियो थिएन कसैलाई पनि पत्तो थिएन । धेरै भौतारिएपछि स्वयं सन्तोष शर्माले कानुन त वि.सं. २०२२ सालमै बनेको भेट्टाए ।

त्यसको अध्ययनपश्चात् त्यो अपुरो देखियो । अझ त्यो कानुनअनुसार बन्नुपर्ने नियमावली बनेकै देखिएन । हरिहरभवनस्थित किताबखानाका तत्कालीन लाइब्रेरियन साहित्यकार भीमनिधि तिवारीलाई रजिस्ट्रार तोकिएको रहेछ । साहित्यकार भीमनिधि तिवारीको नेतृत्वमा केही काम गर्ने जमर्को गरेको रहेछ तर मेलोमेसो केही नपाएर त्यसै रोकिएको रहेछ ।

यी अपुरा कानुनको बारेमा तत्कालीन राष्ट्रिय पञ्चायत सदस्य तथा पूर्व मन्त्री क्षेत्रप्रताप अधिकारीलाई अवगत गराउने काम सन्तोष शर्मा, मदनकृष्ण

श्रेष्ठ, हरिवंश आचार्य र नीर शाहले गरेपछि नियमावली बन्ने कुरो अघि बढ्यो । साथै कानुन संशोधन पनि गर्ने कुरा उठ्यो । । बल्ल बल्ल नियमावली चाहिँ २०४४ सालमा बनेर आयो । अपुरो कानुनको नियमावली त बन्यो तर त्यो प्रभावकारी हुनसकेन । नयाँ ऐन बनाउने भन्दा भन्दै समय त्यतिकै खेर गयो । २०४६ सालको आन्दोलनले पनि यसमा अलमल गरिदिएको थियो ।

यो समस्यालाई रोक्न तत्कालिन कानुन सक्षम थिएन । वि.सं. २०२२ मा नै बनेको कानुन पनि प्रयोगमै आएको थिएन । त्यो कानुनले केही पनि गर्न सक्ने अवस्था देखिएन । के के कानुन चाहिने के के छन् भनेर आफैँले खोज्नुपर्ने बुझ्नुपर्ने अवस्था म्युजिक नेपाललाई आयो । यो कामको नेतृत्व सञ्चालकको हैसियतमा सन्तोष शर्मा आफैँले गर्नुपर्ने अवस्था आयो ।

सरकार यो सवालमा पूर्णरुपमा जानकार थिएन । त्यसमा निकै सुधार गरेर नयाँ बनाउनु पर्ने तथा नियमावली पनि बनाउनु पर्ने अवस्था थियो । यो काम एक्लै गर्न सम्भव पनि थिएन । यसका लागि सँगठित प्रयास गर्ने निधोमा म्युजिक नेपालका संचालक सन्तोष शर्मा पुगे । अनि २०५३ सालमा जन्मियो "नेपाल प्रतिलिपि अधिकार संरक्षण समाज" । सोही सालको चैत्र ४ गते जिल्ला प्रशासन कार्यालयमा विधिवत् यो दर्ता पनि गरियो । आवश्यक बजेट म्युजिक नेपालले वहन गर्ने व्यवस्था मिलाएर अनामनगरमा कार्यालय पनि खोलियो ।

सन्तोष शर्माको परिकल्पनामा हरिकृष्ण श्रेष्ठको अध्यक्षतामा गठित यस समाजमा विष्णुगोपाल श्रेष्ठ उपाध्यक्ष, सन्तोष शर्मा महासचिव र सदस्यहरुमा उत्तम नेपाली, रमण घिमिरे, शरद प्रधान, संजीव राजभण्डारी, कुमार बस्नेत, हरिवंश आचार्य, अशेष मल्ल र परशुराम कोइराला रहे । समाजका तर्फबाट महासचिव सन्तोष शर्मा दिनरात सरकारका प्रतिनिधिलाई झक्झकाउन दौडिरहे । यसमा लोक गायक कुमार बस्नेतको पनि साथ थियो ।

सङ्गीत तथा साहित्यको क्षेत्रमा क्रियाशील सर्जक तथा उत्पादक सबैको हितको खातिर प्रतिलिपि अधिकारको अवधारणा जन्मिएको हो । तर प्रारम्भिक अवस्थामा नेपालमा योप्रति कसैको चासो थिएन । यसमा सबै सक्रियता केवल सन्तोष शर्माकै थियो । उनकै सोचअनुसार नेपालमा आवश्यक प्रतिलिपिको कानुन तथा अवधारणा बनाउन प्रतिलिपि संरक्षण समाजको गठन भयो ।

यसमा साहित्य, सङ्गीत, चलचित्र, कला आदि सबै क्षेत्रका व्यक्तित्व समेटिएको थियो । एक्लै लड्नुभन्दा सँगठित भएर लड्न सजिलो पनि भयो । नेपालमा प्रतिलिपि कानुन बनाउन तथा यसप्रति चासो जगाउन यो समाज सफल पनि भयो । प्रतिलिपि अधिकारको प्रारम्भिक जग बसाल्न यो समाजको निकै ठूलो देन छ ।

स्थापनापश्चात् यो समाजले नेपालमा पहिलोपटक प्रतिलिपिसम्बन्धी सेमिनार गरेर आफूलाई सक्रिय बनायो । यो सेमिनारले सङ्गीत साहित्य र चलचित्रको क्षेत्रमा प्रतिलिपिसम्बन्धी विषयको महत्व उजागर गर्न सफल भयो । वि.सं. २०२२ मै बनेको तर अपुरो प्रतिलिपि ऐनलाई समायानुकूल परिमार्जन गर्न लागि पऱ्यो । यसमा सफल पनि भयो । कतिपय नयाँ प्रावधान राख्न सफल पनि भयो । संशोधन गर्न सरकारको निश्चित विधि हुनेभएकाले आवश्यक प्रावधान सबै समेट्न नसके पनि कम्तिमा नयाँ ऐनको लागि मार्ग प्रस्तुत गर्न सफल रहयो ।

यो कामको लागि तत्कालीन मन्त्री शरदसिंह भण्डारी, मुख्य सचिव तीर्थमान शाक्य र संस्कृति मन्त्रालयका सचिव साफल्य अमात्यले सहयोग गरेका थिए । यसमा प्रमुख हर्ताकर्ता महासचिव सन्तोष शर्मा नै थिए ।

प्रतिलिपि अधिकार ऐन २०५४ बनेर यसको नियमावली पनि आएपछि त्यसमा नसमेटिएका अन्य कुराहरु थप गरेर नयाँ ऐन ल्याउन समाज फेरि क्रियाशील रहयो । यसको लागि आवश्यक वातावरण बनाउन समाजले निकै

ठूलो भूमिका खेल्यो । के के थप्ने के के हटाउने भन्ने सवालमा विषय विज्ञहरुसँग राम्रो परामर्श गरेर सरकारलाई सुझाव पनि दियो । ऐन लेखनमा पनि भूमिका निभायो । अन्ततः २०५८ सालमा नयाँ ऐन ल्याउन सफल भयो । यसपश्चात् मन्त्रालयमा एउटा कपिराइटको डेस्क तथा हरिहरभवनमा एउटा रजिस्टारको कार्यालय र अभिलेखालय स्थापना भए ।

सुरुमा यसको लागि अर्थ मन्त्रालयले बजेट नदिएपछि सन्तोष शर्माको अगुवाइमा तत्कालिन प्रधानमन्त्री सूर्यबहादुर थापाकोमा डेलिगेशन नै गयो । त्यो डेलिगेशन टोलीमा गीतकार कालीप्रसाद रिजाल, अधिवक्ता परशुराम कोइराला, गीतकार रमण घिमिरे पनि जानुभएको थियो । प्रधानमन्त्रीको ठाडो तोक आदेशमा अर्थ मन्त्रालयले बजेट दियो । अन्ततः प्रतिलिपि अधिकारको कार्यालय सञ्चालनमा आयो ।

यो स्थापना हुनुमा पनि म्युजिक नेपालकै पहलले ठूलो भूमिका निभाएको छ । प्रतिलिपि अधिकार रजिस्ट्रार कार्यलयको पहिलो रजिष्ट्रार रामप्रसाद भट्टराई नियुक्त भए । ८ जाना कर्मचारीको स्थायी दरबन्दी राखेर यो कार्यलय खोल्न सन्तोष शर्मा र तत्कालिन सामान्य प्रशासन सचिव अर्जुनमणि दीक्षितको ठूलो योगदान छ ।

यसरी नेपालमा प्रतिलिपि अधिकारको काम गर्न सरकारी तहमा कार्यालय खोल्न लगाएर त्यसलाई चाहिने बजेट अर्थ मन्त्रालयबाट मिलाउन लगाएर अघि बढेपछि अर्को चरणमा म्युजिक नेपालका संचालक सन्तोष शर्मा नेपाललाई वोर्न महासन्धिको पक्षधर राष्ट्र बनाउन क्रियाशिल रहें । यो कानुनको पक्षधर बनेपछि अन्तर्राष्ट्रिय रोयल्टी उठाउने र दिने दायित्व रहन्छ । यसको लागि सरकारलाई बाटो देखाउने काममा सन्तोष शर्माको विशेष हात थियो । नभन्दै नेपाल वोर्न महासन्धिमा सूचिकृत भयो ।

रजिस्ट्रारको कार्यालय स्थापनापश्चात् प्रतिलिपि अधिकार ऐनले परिकल्पना गरेको रोयल्टी संकलन समाज गठनको लागि पनि म्युजिक नेपालकै भूमिका रहयो । यो कार्यालय संचालन गर्न आवश्यक प्रारम्भिक बजेटदेखि यसको रुपरेखा बनाउन सन्तोष शर्मा नै अघि सरे । संस्थापक अध्यक्ष रत्नशम्शेर थापालाई बनाएर यसको कार्य प्रारम्भ गरियो ।

नेपाल म्युजिक सेन्टरको कामको सिलसिलामा नर्वे गएको बेलामा सङ्गीत रोयल्टी संकलन समाज नर्वे (टोनो) का प्रमुख Bendik Hofseth सँग राम्रो चिनजान र मित्रता भएपछि त्यो चिनजान उनले नेपालको हितमा प्रयोग गरे । नेपालको सङ्गीत रोयल्टी संकलन समाजलाई नर्वेको नरकोडले ७ वर्ष राम्रो आर्थिक सहयोग गऱ्यो । यो सब बन्दोवस्त मिलाउने सन्तोष शर्मा नै थिए ।

नरकोडको प्रतिनिधिको रुपमा svein korshman नेपाल आएर नेपालको सङ्गीत रोयल्टी समाजको वस्तुस्थिति सबै बुझेर एउटा थिति बसालेर सहयोग गर्न थाल्यो । त्यतिखेर सङ्गीत क्षेत्रमा निकै उत्साह देखिए पनि नेपालको समाज सक्षम नभएर खासै सही नतिजा आएन । नर्वेजियन प्रोजेक्ट फिर्ता गयो ।

सङ्गीत रोयल्टी संकलन समाजलाई सन्तोष शर्मा र म्युजिक नेपालको सहयोग जारी नै रहयो । नेपाल प्रतिलिपि संरक्षण समाजलाई सरकारले दिँदै आएको सहयोग पनि उनकै पहलमा रोयल्टी संकलन समाजलाई नै दिने निर्णय पनि गराएर नगद सहयोग पनि गरे । यति गर्दा पनि नेपालको संकलन समाजले खासै गति लिन भने सकेन ।

नेपालको सङ्गीत रोयल्टी समाजलाई wipo सँग पनि आबद्ध गराउने काममा सन्तोष शर्माकै योगदान छ । wipo का प्रतिनिधि Gao Hang सँग चिनजान गराउने काम त्यहाँबाट पनि सहयोग पुराउने काममा उनले निकै राम्रो पहल गरेका थिए । सि- स्याकसँग पनि उनकै चिनजानमा सहकार्य भएको

थियो । सङ्गीत रोयल्टी समाजको विधान बनाउने काममा सि- स्याकले निर्णायक भूमिका खेलेको छ । सि-स्याक प्रतिनिधि **Ang kwee tiang** ले यसको लागि नेपालमै आएर सहयोग गरेका थिए ।

यसरी सङ्गीतको लागि चाहिने नियम कानुन बनाउन पनि सङ्गीत कम्पनी आफैँ धाउनु पर्ने अवस्था पार गरेर सङ्गीतको यात्रा यहाँसम्म आइपुगेको छ । यसरी सङ्गीतको लागि चाहिने कानुन आफैँले खोजेर, आवश्यक कुरा थप्न लगाएर त्यो अनुसारको संरचना आफैले बनाएर तौरतरिका आफैँले सिकाएर हिडेको अनुभव म्युजिक नेपालसँग छ ।

निष्कर्ष

नेपालमा प्रतिलिपि अधिकारको विद्यमान अवस्था जे जति बनेको छ यसमा म्युजिक नेपालको भूमिका गौरवशाली देखिन्छ । नहुनु मामाभन्दा कानो मामा नै ठिक भने जस्तै प्रतिलिपि अधिकारको क्षेत्रमा बनेका सबै संरचनामा सङ्गीतको उत्थान र विकासमा क्रियाशील म्युजिक नेपालले तारिफयोग्य काम गरेको थियो ।

बौद्धिक सम्पत्तिले देशको आर्थिक वृद्धि र सर्जकको व्यक्तित्व विकासमा लाभ पुऱ्याउन सक्ने हुनाले यस क्षेत्रमा देखिएका समस्या र चुनौतीलाई सुझबुझका साथ छनौटपूर्ण तरिकाले समाधान गर्नु आवश्यक देखिन्छ ।

यसरी नेपालको सङ्गीतलाई टेवा दिने र व्यवसाय पनि गर्ने उद्देश्यले स्थापित म्युजिक नेपाल आजको समयसम्म आइपुग्दा निकै उचाइमा पुगिसकेको छ ।

❊ ❊ ❊

सङ्गीतप्रविधिमा आएका परिवर्तन र चुनौतीहरू

विषय प्रवेश: राजाराम फुयाल

समय गतिशील छ । समयसँगै हरेक क्षेत्र परिवर्तन हुँदै जान्छ । सङ्गीतमा समयले धेरै परिवर्तन देखाउँदै आएको छ । अझ सङ्गीतको प्रविधिमा त संसार कहाँ हो कहाँ ? तुलनै गर्न गाह्रो हुने अवस्था आएको छ । सङ्गीतको रेकर्ड गर्ने र सुन्ने प्रविधि दुवैमा समयले निकै फेरबदल गरिदिएको छ । किसिम किसिमका प्रविधि आइदिनाले कतिपय पुराना कुरा काम नलाग्ने हुँदै गएका छन् । नयाँ पुस्ताले कतिपय कुरा देख्नै नपाइकन हराउँदै गएका छन् । समयक्रमले फेरिने प्रविधिले सङ्गीतलाई परिस्कृत गर्दै लगेको छ ।

गीत रेकर्डको सुरुवाती चरणतर्फ फर्कने हो भने हामीलाई अनौठो लाग्छ । विश्वको सबैभन्दा पहिलो रेकर्ड गीतबारे जान्नु जरुरी छ । फ्रान्सका नागरिक एडवार्ड लियोन स्कट डे मार्टिनभिलले पहिलोपटक आफैँले आविष्कार गरेको फोनाटोग्राफमार्फत् सन् १८६० अप्रिल ९ मा आवाज रेकर्ड गरेका थिए ।

फ्रेन्च भाषामा रेकर्ड गरिएको "अ क्लियर द ले लुन" (जुनेलीमा) पहिलो रेकर्डेड गीत हो । फोनाटोग्राफले ध्वनिलाई तरङ्गहरूको चित्रमा

रूपान्तरण गऱ्यो, जुन ग्लासजस्तो कागजमा कुँदिएको थियो । तर, यसको ध्वनि पछाडि सुन्न सकिने र पुनःउत्पादन गर्न सकिने थिएन । फोनोग्राफको आविष्कारपश्चात् भने ध्वनि वेभ ग्राफिक्सलाई फेरि सुन्न सकिने अडियो फाइलमा ट्रान्सक्रिप्सन गर्न सकिने व्यवस्था भयो ।

सन् १८७७ मा फोनोग्राफ आविष्कार भइसकेपछि रेकर्ड प्रविधिको सुरुवात भएको मान्न सकिन्छ । त्यसयता वाक्स सिलिन्डर, फ्ल्याट डिस्क, आरएसी भिक्टर, मास प्रोडक्सन, रेडियो ब्रोडकास्ट हुँदै विविध प्रविधिको विकास हुँदै गयो ।

भविष्यमा फेरि सुन्नका लागि ध्वनि रेकर्डिङको थालनी गरिएको हो । ध्वनि छुन र देख्न नसकिने कुरा हो । ध्वनि रेकर्ड गर्न वर्षौंको मिहिनेतपछि धेरै प्रविधिहरू विकसित भएका छन् । यही अमूर्त कुरालाई रेकर्डिङ गर्ने विभिन्न विधि तथा चरण यस्ता थिए ।

एकस्टिक तथा मेकानिकल युगः

यो ध्वनि रेकर्ड गर्ने सबैभन्दा पुरानो विधि थियो । यो रेकर्डिङ विधि सन् १८८० देखि १९२५ सम्म प्रचलनमा आएको थियो । त्यस अवधिमा सबै ध्वनि रेकर्डिङ माइक्रोफोन वा विद्युतीय प्रवर्द्धनविना मेकानिकल माध्यमद्वारा गरिएका थिए । सन् १९२५ अघि ध्वनि रेकर्डिङका लागि गायक र वाद्यवादक "हर्न" को सामु बसेर प्रत्यक्ष प्रस्तुति दिन्थे । जसबाट ध्वनि तरङ्ग सङ्कलित भएर डायाग्राममा पुग्थ्यो ।

ध्वनि तरङ्गहरूको ऊर्जाले डायाग्राममा कम्पन आउँथ्यो । जसले गर्दा खाली "मोम" घुमाउने सिलिन्डर वा डिस्कमा तरंगहरू आउँथे । यो विधिमा कुनै इलेक्ट्रोनिक नियन्त्रण थिएन । सिलिन्डर वा डिस्कजस्ता समतल सतहमा ध्वनि तरङ्गलाई शारीरिक रूपमा नक्काशी गर्न सुई प्रयोग गरिन्थ्यो ।

त्यो समय यही विधिबाट गीत रेकर्ड गरिनु ठूलो कौशल मानिन्थ्यो । तर, यो रेकर्डिङ विधिको रेकर्ड दायरा सीमित थियो । मेकानिकल रेकर्डिङ उपकरणहरूको उदाहरणहरूमा फोनोग्राफ र ग्रामोफोनलाई लिन सकिन्छ ।

विद्युतीय युग:

यस समयमा इलेक्ट्रिकल रेकर्डिङ वैज्ञानिक प्रयोग र नवीनताको परिणामका रूपमा देखापऱ्यो । यस विद्युतीय विधिले एकस्टिक विधिलाई "रिप्लेस" गरेको थियो । सुरुमा कोलम्बिया रेकर्ड कम्पनी र भिक्टर टकिङ मेसिन कम्पनीले सन् १९२४ मा यसको प्रयोग गरेका थिए । यसले ध्वनिको गुणस्तरमा सुधार गऱ्यो । यो चरणमा ध्वनि इलेक्ट्रोनिक डिभाइसमा रेकर्ड गरिन्थ्यो । जसमा माइक्रोफोन, एम्प्लिफियरलगायतका फरक उपकरणको प्रयोग गरिन्थ्यो ।

विद्युतीय माइक्रोफोनले गायकहरूको प्रदर्शन शैलीमा नाटकीय परिवर्तन ल्यायो, इलेक्ट्रोनिक प्रवर्द्धनले धेरै क्षेत्रमा व्यापक प्रभाव पाऱ्यो । जसले रेडियो, सार्वजनिक ठेगाना प्रणाली र इलेक्ट्रोनिक विकासलाई सहज बनायो । यही नै वेला ध्वनि प्रदान गर्ने व्यावहारिक विधि प्रयोगमा आए । यस चरणका प्रविधिमा अडियो स्रोतहरू एकसाथ सुन्न सकिन्थे ।

यस चरणमा सम्मिश्रित ध्वनिको सबभन्दा प्रसिद्ध उदाहरणहरू मध्ये एक जोनी वेइसमुलर अभिनित टार्जन फिल्महरूको शृङ्खलाका लागि बनाइएको प्रख्यात "टार्जन चिल्ला" हो । यद्यपि, यो टेक्नोलोजीले समूहको प्रत्यक्ष प्रदर्शनमा भने परिवर्तन ल्याउन सकेन । यो १९४५ सम्म रहयो । यस चरणमा रेकर्ड भएका गीतहरू डिक्समा सुन्न सकिन्थ्यो ।

चुम्बकीय युग:

सन् १९३० मा जर्मनीमा चुम्बकीय टेप रेकर्डिङ आविष्कार भएपछि अडियो रेकर्डिङमा नयाँ परिवर्तन देखापऱ्यो । दोस्रो विश्वयुद्धको अन्त्यसम्म जर्मनीमा मात्र सीमित रहयो । यो सन् १९४५ देखि १९७६ सम्मको चरणमा

प्रयोगमा आएको प्रविधि हो । १९५० पछि चुम्बकीय टेप द्रुत गतिमा रेडियो र सङ्गीत उद्योगहरूमा अडियो मास्टर रेकर्डिङको मानक माध्यम भयो ।

यस प्रविधिले चुम्बकीय टेप प्रयोग गरेर ध्वनि रेकर्ड गर्न र प्ले गर्न थाल्यो । यस प्रविधिमा ध्वनि रेकर्ड गर्न चुम्बकीय टेप वा डिस्क प्रयोग गर्नु पर्थ्यो । टेप वा डिस्क चुम्बकीय सामग्रीको साथ लेपित हुन्थ्यो र ध्वनि चुम्बकीय टाउको प्रयोग गरेर त्यसमा रेकर्ड गरिन्थ्यो । चुम्बकीय रेकर्डिङ उपकरणहरूको उदाहरणहरूमा रिल-टु-रिल टेप रेकर्डरहरू र क्यासेट टेपहरू हुन् । घरेलु बजारका लागि पहिलो हाईफाई रेकर्डिङको विकासको कारण भयो । उच्च गुणस्तर र प्रयोगको सजिलोको कारण चाँडै लोकप्रिय भयो । चुम्बकीय टेपले अडियो विश्वसनीयतामा अर्को फड्को माऱ्यो ।

यस प्रविधिमा पनि समयक्रममा धेरै सुधार आयो । यसैमा आधारित भएर ध्वनि रेकर्डमा नौलानौला आयामहरू थपिँदै गए । सङ्गीतका लागि मल्टिट्रयाक टेप रेकर्डिङको विकास भयो । ध्वनिका लागि डिस्कको अन्त्य भयो । चुम्बकीय टेपले रेकर्डिङ प्रक्रियाको मौलिक आकार पनि ल्यायो । यसले पहिलेको तुलनामा धेरै लामो अवधिसम्म सम्भव हुने रेकर्डिङ बनायो ।

यसले रेकर्डिङ इन्जिनियरहरूलाई पनि निकै सहज बनाइदियो । टेपमा कैद गरिएको आवाज सजिलैसँग हेरफेर गर्न, सम्पादन गर्न र डिस्क रेकर्डिङमा असम्भव हुने कुरा यसले सम्भव बनायो । १९५० को दशकमा ठूला "भर्चुअल" आवाजहरू र यन्त्रहरू निर्माण गरेको थियो । चुम्बकीय टेपले लोकप्रिय सङ्गीत र अन्य विधाहरूको परिष्कारमा द्रुत विस्तारलाई बढावा दियो ।

यसै प्रविधिमा आधारित रहेर स्टेरियो रेकर्डिङ प्रविधि आयो । स्टेरियो प्रविधिले विभिन्न कोणहरूबाट ध्वनि क्याप्चर गर्न धेरै माइक्रोफोनहरू प्रयोग गर्न थाल्यो । त्यसपछि यसमा अधिक इमर्सिभ र यथार्थवादी ध्वनि अनुभव गर्न पाइयो । स्टेरियो रेकर्डिङ सामान्यतया सङ्गीत उत्पादन र फिल्म ट्रयाकमा प्रयोग गर्न थालियो ।

स्टेरियो रेकर्डिङपश्चात् यसैको अर्को नवीनतम स्वरुप बाइनायुरल प्रविधि विकसित भयो । यो स्टेरियो रेकर्डिङको एक विशेष रूप हो । यसमा प्रयोग गरिने माइक्रोफोनहरू वास्तविक जीवनमा मानिसहरूले ध्वनि सुन्ने तरिकासँग मिल्दोजुल्दो छ । बाइनायुरल रेकर्डिङ प्रायः भर्चुअल रियालिटी र भिडियो गेमजस्ता इमर्सिभ अडियो अनुभवहरूको लागि प्रयोग गरिन्छ ।

सन् १९७४ सम्म विकसित यिनै प्रविधिले ध्वनि रेकर्डको क्षेत्रमा आमूल परिवर्तन गरेर डिजिटल युगमा जाने पृष्ठभूमि तयार गरिरहेका थिए । विज्ञानको चमत्कार देखेर मानिसहरू दङ्ग थिए ।

डिजिटल युग:

सन् १९७५ यता डिजिटल प्रविधिमार्फत् ध्वनिको सङ्ग्रह गरिने गरिएको छ । हालको चरण डिजिटल युगमा छ । जुन रेकर्डिङको इतिहासमा परिवर्तनको सबैभन्दा ठूलो फड्को हो । जापानी इलेक्ट्रोनिक्स कर्पोरेसन सोनीले सन् १९७० को दशकमा पहिलोपटक पिसिएम एन्कोडर पिसिएम-१ अडियो युनिटको प्रयोग गऱ्यो ।

सन् १९७९ मा अघिल्ला प्रविधिहरूको विपरीत यसले ध्वनि रेकर्ड भइरहेको निरन्तर एनालगलाई कब्जा गऱ्यो । यस अवधिमा धेरै अल्पकालीन हाइब्रिड स्टुडियो र उपभोक्ता टेक्नोलोजी देखापरे । उदाहरणका लागि डिजिटल अडियो टेप वा डाटा, जसले मानक चुम्बकीय टेपमा डिजिटल सिग्नल नमुना रेकर्ड गर्न थाले । सोनीले आफ्नो नयाँ डिजिटल रेकर्डिङ प्रणालीको विकासलाई प्रस्तुत गरी फिलिप्सको साथ आजको सबैभन्दा उन्नत अडियो ढाँचा डिजिटल कम्प्याक्ट डिस्क (सिडी) को प्रयोग गऱ्यो ।

२० औं शताब्दीको अन्त्यसम्ममा कम्प्याक्ट डिस्कले उपभोक्ता अडियो बजारमा लगभग पूर्णरूपमा प्रभुत्व जमाएको थियो । यसको पछिल्लो दशकमा

कम्प्युटिङ टेक्नोलोजीमा द्रुत विकासले अडियो रेकर्डिङ इतिहासको सबैभन्दा महत्वपूर्ण युग बनायो, जसले फाइल आकारलाई ठूलो मात्रामा कम गऱ्यो ।

अडियो र अन्य डिजिटल मिडिया फाइलहरूको व्यापक इजाजतपत्र वितरण हुनथाल्यो । उच्च गतिमा डिजिटल मिडिया फाइलहरूको ठूलो खण्डहरू अपलोड गर्ने र डाउनलोड गर्ने काम नेपस्टर र बिटटोरन्ट जस्ता फ्रि-वेयर टेक्नोलोजीले गरे । तीव्र इन्टरनेट सिग्नल र डाटा भण्डारणले उपकरणहरूमा लगातार सुधार भयो ।

सन् २००० पछिदेखि सङ्गीतप्रसारण सेवाहरूले लोकप्रियता पाएका छन् । स्ट्रिमिङ अडियोलाई श्रोताले अडियो फाइलहरू डाउनलोड गर्न वा आफ्नै स्वामित्व लिन आवश्यक पर्दैन । स्ट्रिमिङ सेवाहरूले सङ्गीत सुन्ने वैकल्पिक विधि प्रदान गर्छ । यससँगै ध्वनि रेकर्डिङका थुप्रै र विशाल प्रविधिहरू भित्रिरहेका छन् ।

सिडी र डिजिटल अडियोसँगै नयाँ उपकरणले तीव्रता पाएका छन् । सन् १९९६ मा आएको "एमपी-३" लामो समय प्रचलनमा आयो । अहिले पनि यसको प्रयोग देख्न सकिन्छ । यसलाई गुणस्तर र भरपर्दो रेकर्ड माध्यम मानिन्छ । सन् १९९९ मा आएको डिजिटल मनिटर्सले अर्को सुविधा थपिदियो । यसमा मिडिया प्लेयर र लाइब्रेरी दुवै समावेश थिए । आइट्युन्सले विकास गरेको यस प्रविधिमार्फत् कम्पनीले प्रयोगकर्ताहरूलाई सङ्गीत डाउनलोड गर्न, व्यवस्थित गर्न र असङ्ख्य फाइल भण्डारण गर्न अनुमति दिएको छ ।

सन् २००६ मा आएको "मेजर ट्रान्जिक्सन" ले विशाल टावर रेकर्डहरू, जसले सेभिङ र अभिलेखमा महत्वपूर्ण भूमिका खेल्यो । वर्तमान समयमा अडियो सुरक्षित गर्न मेमोरी, पेनड्राइभ वा अनलाइन एपहरूलगायत विभिन्न माध्यमको प्रयोगसमेत गरिन्छ । युट्युवको विकास भएसँगै युट्युवमा समेत

सामग्री सुरक्षित राख्न थालिएका छन् । ध्वनि रेकर्डिङ र संरक्षणको प्रशस्त विकल्प र मार्ग पहिल्याउन हामीलाई कुनै समस्या छैन ।

विश्वमा हाल एक दिनमै लाखौं गीत रेकर्ड र उत्पादन हुनेगर्छ । त्यसैले ध्वनि रेकर्ड एउटा स्वभाविक प्रक्रियाजस्तो भइसकेको छ । अहिले रेकर्डेड आवाजको दुनियाँ अर्के भइसकेको महसुस गर्न सकिन्छ । पछिल्लो समय आएका ध्वनि सङ्ग्रहणका नयाँ प्रविधिले रेकर्ड विधिमै नयाँपन भित्र्याइरहेका छन् । सन् १८८३ यतालाई हेर्ने हो भने सङ्गीत वा ध्वनि रेकर्ड तथा संरक्षणका नयाँ उपकरणमा क्रान्ति नै भएको मान्न सकिन्छ ।

नेपालमा ध्वनि रेकर्डिङः

निकै लामो समयसम्म नेपाली गीत सङ्गीत श्रुति परम्परामा रहयो । वि.सं. १८६५ मा सेतुरामले प्रथम गीत रेकर्ड गरेर सुरु गरेको सङ्गीतकर्म त्यतिखेरको युगान्तकारी काम थियो । नेपाली गीत पहिलोपटक डिक्समा रेकर्ड भएको थियो । उसवेला रेकर्डिङ गर्न भारतको कलकत्ता जानुपर्थ्यो । श्रुतिपरम्पराबाट यसरी रेकर्डिङ युगमा प्रवेश गरेको नेपाली सङ्गीत यसपश्चात् अर्को ५७ वर्ष यही प्रविधिमा रमाइरहयो ।

कुनै जमाना थियो, जब सेतुराम श्रेष्ठ, मास्टर मित्रसेन र मेलवादेवीका कलकत्तामा रेकर्ड भएका गीतहरू डिक्स रेकर्डमा उपलब्ध भए पनि नेपालका शासक र घरानियाहरूको बैठकमा सजिएको ग्रामोफोनमा मात्र घन्किन्थे । आमनेपालीलाई ग्रामोफोन मङ्हगो थियो । स्वदेशमै रेडियो स्टेसन नभएकाले ती गीत रेडियोमा बज्ने कुरै भएन । आमजनताले ती गीत सुन्न पाएनन् ।

सङ्गीत बेच्ने पसल थिएनन् तर सङ्गीतप्रेमी थिए । तिनका घरमै गायक स्वयम्ले गीतको डिक्स लगेर बेच्थे । यो क्रम निकै पछिसम्म पनि कायम रहयो । यतिमै पनि तत्कालीन सङ्गीतकर्मी रमाएका थिए । सानो रूपमा भए पनि व्यावसायिक आकार ग्रहण गरेको थियो ।

२००७ सालको परिवर्तनसँगै रेडियो स्टेसनको स्थापना भएपछि गायक-गायिकाहरूको एउटा जमात हुर्किन थाल्यो । रेडियो नेपाल स्थापना भएको धेरै वर्षसम्म पनि नेपालमा रेकर्डिङको व्यवस्था थिएन । त्यस समय अधिकांश गीत-सङ्गीत रेडियो नेपालको लगानीमा रेकर्ड गरिन्थ्यो । केही चुनिएका गीत र गायकलाई रेडियो नेपालले कलकत्ता लगेर रेकर्ड गराउँथ्यो । तीनै गीत रेडियोबाट प्रसारण हुन्थ्यो ।

साह्रै झन्झटिलो काम मानिथ्यो पहिला गीत रेकर्डिङलाई । त्यतिखेरको प्रविधि पनि कम गाह्रो थिएन । अझ त्यसमा पनि स्वदेशमै रेकर्डिङको काम हुननसक्दा बोझिलो थियो यो काम । सामरिक महत्वले अरू कुरामा जति नेपालको अर्थतन्त्र भारतमाथि निर्भर छ, सुरुका दिनमा रेकर्डिङ पनि त्यसरी नै भारतमै निर्भर थियो ।

वि.सं. २०१६ सालमै रेकर्डिङ गर्ने प्रविधि भित्र्याइए पनि २०२२ सालतिर मात्र नेपालमा रेकर्डिङ हुनथाल्यो । यसअघि जेजति प्रसारण हुन्थे ती सब प्रत्यक्ष प्रसारण हुन्थे । कलाकारहरू आफ्नो गाउने पालो स्टुडियो बाहिर रहेको पोखरीमा माछा मार्दै वा गफिँदै पर्खिने गर्दथे । "तिम्रो पालो आयो" भनेर कसैले मूलढोकाबाट चिच्चाएपछि फसेको माछा र बल्छी त्यहीँ छाडेर स्टुडियोकै ढोकाबाट आलाप लिएर पनि गीत गाउँथे त्यतिवेलाका गायक-गायिकाहरू ।

वि.सं. २०१७ सालमा स्थापना भएको सरकारी स्वामित्वको रत्न रेकर्डिङ स्टुडियो नै नेपालको पहिलो रेकर्डिङ स्टुडियो हो । रत्न रेकर्डिङको स्थापनासँगै नेपालमा गीत रेकर्डिङ गर्नसकिने त भयो तर सर्वसाधारणको चाहना र योग्यताको कदर सो संस्थाबाट हुन नसकेको गुनासो पुराना सङ्गीतकर्मीहरूको छ । सुरुसुरुमा कलाकारहरूको सङ्ख्या कम भएकाले गाउनका लागि त्यति प्रतिस्पर्धा गर्नु नपरे पनि कलाकारको सङ्ख्या वृद्धिसँगै रत्न रेकर्डिङमा व्यापक

प्रतिस्पर्धा र पक्षपातका घटनाहरू बढ्न थाल्यो । त्यसमाथि पनि त्यसबेलाको रेकर्डिङ प्रक्रिया सहज किसिमको थिएन । लाइभ रेकर्ड हुने त्यस समयमा रत्न रेकर्डिङमा रेकर्ड गराएर रेडियो नेपालबाट गीत बजाउनु ठूलो युद्ध जितेजत्तिकै हुने गरेको यथार्थ पुराना गायकहरू बताउँछन् ।

रत्न रेकर्डिङले नेपालमा २३ वर्ष एकक्षत्र राज गऱ्यो । अर्को कुनै स्टुडियो नभएकाले जे गर्नु परे पनि यसकै भर पर्नुपथ्र्यो । सरकारी-गैरसरकारी सबै काम यहीँ हुन्थ्यो । वि.सं. २०४० सालमा म्युजिक नेपालले स्टुडियो स्थापना गरेपछि बल्ल नेपालमा निजी क्षेत्र पनि यस क्षेत्रमा सलबलायो । पछि सरकारले रत्न रेकर्डिङ बन्द गराएर यसको सबै सम्पत्ति रेडियो नेपाललाई दियो ।

रेडियो नेपाल र म्युजिक नेपालको मात्र स्टुडियो हुँदा एल्बम निकाल्ने कुरा अलि गाह्रो काम मानिथ्यो । रेडियो नेपालमा निवेदन दिएको एक वर्षपछि पनि गीत रेकर्डिङ गर्ने पालो पाउन मुस्किल हुन्थ्यो । तर यो समय २०४५ पश्चात् रहेन । निजी क्षेत्रबाट अरू स्टुडियो पनि खुलेपछि तुरुन्त काम हुने परिस्थिति पनि बन्यो । आज नेपालमा संसारमा भएका सबै प्रविधि, स्रोत साधन छ । रेकर्डिङमा नेपाल आत्मनिर्भर छ ।

रेकर्डिङ क्षेत्रका चुनौतीहरू:

संसारमा देखापरेका सबै रेकर्डिङ प्रविधिहरू नेपालमा पनि ढिलो चाँडो आए । पहिलो प्रविधिदेखि अहिलेसम्मको अन्तिम प्रविधिमा पनि नेपाली गीत रेकर्ड भएका छन् । आफ्नो आकाङ्क्षा पूरा गर्न र श्रोताको मन जित्न स्वच्छ प्रतिस्पर्धात्मक अवस्था सिर्जना भइसकेको छ । सहर सहर र टोलटोलमा खुलेका स्टुडियोहरूले साङ्गीतिक क्षेत्रमा लाग्न चाहनेलाई निकै सघाउ पुऱ्याएका छन् ।

सङ्गीतका पुराना प्रविधिभन्दा डिजिटल प्रविधिले झन्झट हटाइदिएकाले निकै सरल महसुस हुनथालेको छ । अहिले त झन् क्यासेट, सिडीमा सार्नुपर्ने

झन्झट पनि छैन । सिधै आफूलाई मन परेको प्रविधिमा गीत लिएर जान मिल्ने भएको छ ।

प्रारम्भमा डिक्समा हुने रेकर्डिङ वि.सं. २०२२ पश्चात् क्यासेटमा आइपुग्यो । क्यासेटपछि सिडी हुँदै अहिलेको उच्चतम् प्रविधिमा आइपुगेको छ । हुँदाहुँदा अहिले त गीत-सङ्गीत कपी नै गर्नुनपर्ने अवस्थामा आइपुगेको छ । सिधै इमेलमा रेकर्डेड फाइल लियो अनि जहाँ जुन माध्यममा पठाए पनि हुने अवस्था आयो । हिजोआज गीतहरू हावामा उडिरहेका हुन्छन् । जुन वेला जे मन लाग्यो त्यही सुन्न सकिने अवस्था आएको छ । न त स्टोर नै गर्नु पऱ्यो, न त किन्नु नै पऱ्यो ।

आर्थिक उपार्जनको दृष्टिकोणले हेर्ने हो भने २०५० ताका मात्र सङ्गीत बजार फराकिलो हुनथालेको र गीत-सङ्गीतमा लगानी गरेर पनि बाँच्न सकिन्छ भन्ने आधार निर्माण भएको पाइन्छ । विभिन्न आरोह-अवरोह पार गर्दै वर्तमान डिजिटल युगसम्म आइपुगेको नेपाली सङ्गीतजगत् डिजिटल युगमा प्रवेश गरेपछि एल्बम निकाल्ने चलन हराइसकेको छ । गीतहरू डिजिटल प्लेटफर्ममार्फत् सार्वजनिक हुनेगरेका छन् ।

गुणस्तरको कुरामा पनि एनालगभन्दा कमजोर छैन अहिलेको प्रविधि । तर पुरानो सुन्ने बानी परेकाले डिजिटल मन नपराएको पनि भेटिन्छ । कम्प्युटराइज प्रविधिद्वारा काम गर्न सजिलो हुने भए पनि सुन्दाखेरिको मिठासचाहिँ एनालग प्रविधिमै रहेको मान्ने जमात पनि कम छैन । अझ लाइव रेकर्डिङ नै राम्रो भन्नेहरू पनि छन् । अहिलेको सङ्गीतमा प्राण नै छैन भन्नेहरू पनि ठूलै सङ्ख्यामा भेटिन्छन् । तर बाध्यताचाहिँ डिजिटल सिस्टममै काम गर्नुपर्ने अवस्था आइसकेको छ । पुराना प्रविधि सबै लगभग हराइसके । पुरानो पुस्ता र पुरानै प्रविधिमा रमाएका सर्जकहरूको मन डिजिटल प्रविधिले अझै जित्न भने सकेको देखिँदैन । पुरानो पुस्तालाई सन्तुष्टि दिन अहिलेको पुस्तालाई ठूलै चुनौती भएको छ ।

वि.सं. २००७ मा रेडियो नेपालको स्थापनासँगै नेपाली सङ्गीत विकसित हुनथालेको हो । बिस्तारै फस्टाउँदै अहिले नेपाली सङ्गीत समृद्ध भैसकेको छ । प्रसारणका विभिन्न माध्यमहरूका साथै रेकर्डिङ स्टुडियोहरूको स्थापनाले नेपाली गीत-सङ्गीत अन्य मुलुकको स्तरमा प्रतिस्पर्धा गर्नसक्ने अवस्थामा पुगेको छ । काठमाडौंलगायत नेपालका अन्य सहरहरूमा पनि अहिले अत्याधुनिक रेकर्डिङ स्टुडियोहरूको स्थापना भैसकेका छन् । विगतमा झैं गीत रेकर्डिङ गर्न अहिले विदेश जानुपर्ने बाध्यता छैन । तर सङ्गीतको गुणस्तर कायम राख्न भने ठूलै चुनौती अहिलेका रेकर्डिस्ट र स्टुडियोलाई आइपरेको छ । मेसिन नवीनतम भए पनि हातमा सीप र ज्ञान नभएपछि गुणस्तरबारे वेलावेलामा गुनासो सुनिन्छ ।

नेपालमा अन्य क्षेत्रको तुलनामा सङ्गीत निकै अगाडि छ । सङ्गीतको बढ्दो लोकप्रियता र व्यापकतासँगै रेकर्डिङ स्टुडियो पनि त्यतिकै वृद्धि भए । गुणस्तरजस्तो भए पनि चर्चाचाहिँ निकै हुनेगरेका त्यस्ता स्टुडियोहरू काठमाडौँमा मात्रै १०५ वटा छन् । व्यावसायिक रूपमा समेत धेरैजसो स्टुडियोले सफलता प्राप्त गरेको देखिन्छ ।

गुणस्तरभन्दा पनि फेसनका रूपमा स्थापना भएका स्टुडियोहरूमा रेकर्डिङका साथै छायाङ्कन, प्रशिक्षण, युट्युब च्यानल आदि समेत गर्ने प्रचलन बढेको छ । गीत-सङ्गीतको बढ्दो लोकप्रियताले गायक-गायिका बन्ने धुनमा सयौं युवकयुवतीहरू दौडधुप गरिरहेकाले पनि रेकर्डिङ स्टुडियो फस्टाएका छन् । तर सङ्गीतको गुणस्तर खस्किएको र जसलाई पनि गायक-गायिका बनाइदिएको आरोप स्टुडियोहरूले खेपिरहेका छन् ।

दुई दशकअघिसम्म गायक-गायिकाले आफ्नो गीत रेकर्ड गर्न महिनौं कुर्नुपर्ने स्थिति थियो । अचेल पैसा छ भने क्षणभरमै हुन्छ रेकर्ड । यसरी गायक-गायिकाले छानिछानि चाहेको वेला गीत रेकर्ड गर्न सम्भव भएपछि यसलाई सकारात्मक रूपमा लिनै पर्‍यो । रेकर्डिङको दुनियाँमा यो एउटा फड्को नै हो ।

रेकर्डिङ स्टुडियोको वृद्धि र आधुनिक सुविधाले गला र सरगमका पारखीहरूलाई सजिलो बनाइदिएको छ । तर स्टुडियोहरू व्यापारमुखी भएपछि रेकर्डिङको स्तरीयतामा प्रश्न उठ्न थालेको छ । बढ्दो प्रतिस्पर्धासँगै आफूलाई टिकाइराख्न स्तरीयतातर्फ ध्यान दिनुपर्नेमा त्यसो हुन सकिरहेको देखिँदैन । स्टुडियो धेरै खुले तर स्टेरियो सङ्स निकाल्न मिहेनत गरेनन् । सङ्ख्या बढ्दैमा हर्षित हुने अवस्था रहेन । कामको गुणस्तर नरहेपछि सङ्गीतको बाढी आए पनि त्यसको औचित्य रहन्न । वास्तवमा भन्ने हो भने यति धेरै स्टुडियो नै चाहिन्न । राम्रो गुणस्तरको रेकर्डिङ भएको गीत निकाल्ने चुनौती अझै पनि कायम छ नेपालका स्टुडियोहरूलाई ।

धेरैजसो स्टुडियोहरूले प्रविधिलाई पछ्याए पनि दक्ष प्राविधिक र गुणस्तरलाई कायम गर्न सकेकै छैनन् । दक्ष साउन्ड इन्जिनियरहरूको कमीले पनि यसमा ध्यान पुग्नसकेको छैन । एक-दुई महिना सिकेकै भरमा वरिष्ठ रेकर्डिस्ट बन्न खोजेपछि कहाँबाट आउँछ गुणस्तर ? स्तरको कुरो उठाउँदा एउटा पाटो स्टुडियो पनि हो भने अर्को स्वयम् गायक-गायिका र सङ्गीतकार पनि हुन् । सङ्गीतकर्मीले आफैं पनि गुण बुझ्न नसक्दा कतिपय अवस्थामा गीत प्राविधिकरूपमा स्तरहीन बन्ने गरेको पनि देखिन्छ । विशेषतः सङ्गीतका बारेमा नबुझी यस क्षेत्रमा हामफाल्ने सौखिनहरूमा यस्तो समस्या देखिएको छ । स्टुडियो व्यवसायीहरूलाई यो निकै ठूलो चुनौती हो ।

गीत-सङ्गीतको गुणस्तर नहेरी केवल कामका लागि जस्तोसुकै काम पनि लिँदा स्टुडियोको साख घट्दै गएको छ । गीत-सङ्गीतको कुनै मापदण्ड नहुँदा जस्तो पायो त्यस्तै गीत बजारमा आइरहेका छन् । नेपाली सङ्गीतको विकास हुनु राम्रो हो । लोकप्रिय हुनु भनै राम्रो तर गुणस्तरहित गीतको बढी चर्चा हुनु राम्रो होइन ।

डिजिटल प्रविधिद्वारा रेकर्ड गरिने भएकाले गुणस्तर हुन्छ नै भन्न सकिन्न । डिजिटल भन्दैमा सबै कुरा आफैं राम्रो हुने होइन । कम्प्युटरको सहायताले

रेकर्डिङ गर्दा सजिलो मात्र हुने हो । सङ्गीत आफैँ गुणस्तरीय बन्ने होइन । डिजिटल प्रविधिबाट रेकर्ड गर्दा स्पष्ट सुनिने र नोइज कम हुने भए पनि दक्ष रेकर्डिस्ट भएन भने गुणस्तरीय सङ्गीत उत्पादन हुनसक्दैन । नेपालमा केही रेकर्डिस्टहरू दक्ष भए पनि स्टुडियोको सङ्ख्याअनुरूप रेकर्डिस्टहरूको सङ्ख्या वृद्धि हुनसकेन ।

कुरा प्रविधिको भन्दा पनि प्राविधिकको हो । गाउने, बजाउने र रेकर्डिङ गर्ने व्यक्ति दक्ष नभए जतिसुकै उच्चस्तरको उपकरण भित्रिए पनि के गर्नु ? यो पनि एउटा ठूलो चुनौती बनेर उभिएको छ नेपाली सङ्गीत क्षेत्रमा । यसको समाधानका लागि अब रेकर्डिङ व्यावसायीहरूले प्राविधिक ज्ञान र प्राविधिज्ञ उत्पादनतर्फ जोड दिनुपर्ने देखिन्छ । गीत रेकर्डिङका लागि पछिल्ला अत्याधुनिक उपकरणको कमी छैन नेपालमा । प्रविधि भएर पनि सन्तोषजनक रूपमा गुणस्तरीय उत्पादन हुननसकेको विडम्वनापूर्ण अवस्था नेपालमा छ ।

कुनै समय गीत सुन्ने चल्तीको माध्यम रेडियो नेपाल थियो । त्यतिबेला कुन-कुन गीत रुचाइए भनेर थाहा पाउन रेडियो नेपाल सुन्नैपर्ने अवस्था थियो । रेडियो नेपालमा लाइव रेकर्ड गरेका हरेकजसो गीतहरूले वाहीवाही पाउँथे । अवस्था कस्तोसम्म थियो भने रेडियो नेपाललले जे बजायो, त्यही चल्थ्यो । नारायण गोपाल हुन् वा तारा देवी, अरुणा लामा, भक्तराज आचार्य, बच्चु कैलाश हुन् वा प्रेमध्वज यिनका गीतहरू बढी चल्थे ।

गायक प्रकाश श्रेष्ठ, उदितनारायण झा, रविन शर्माहरू पनि रेडियो नेपालबाटै चम्किएका हुन् । कुनै समय हरेकजसो नेपालीको घरमा मादल, खैजडीजस्ता वाद्यहरू हुन्थे, जो अहिले पनि कतिपयका घरमा छन् । त्यस वेला श्रोताका लागि छनोटका धेरै विकल्प पनि थिएन । त्यसपछि क्यासेट युग सुरु भयो । क्यासेट जेनरेसनसँगै ब्याण्डहरू उदाउन थाले । माध्यममा आएको विविधतासँगै सुन्ने माध्यम र तरिकाहरू पनि परिवर्तन हुँदै गए ।

अहिले सङ्गीत पारखीलाई रोजाइअनुसार छानी-छानी गीत-सङ्गीत सुन्ने दर्जनौं अप्सन उपलब्ध छन् ।

आफ्नो रुचिअनुसार कोही लोकगीत सुन्छन्, कोही पप, ज्याप, हिपहप, सुगम सङ्गीतमा रमाइरहेका छन् । अङ्ग्रेजी, हिन्दी गीतहरू पनि रुचिअनुसार सुनिरहेकै हुन्छन् । अहिले सङ्गीतमा पनि एक किसिमको "बफेट डिनर" को युग सुरु भएको छ, जे मन लाग्यो छानेर सुन्न पाइने ।

यस्तो परिस्थितिले पनि सङ्गीतमा निकै ठूलो परिवर्तन ल्याइदिएको छ । न त गीत कलेक्सन गर्नुपर्ने झमेला, न त एल्बम किन्नु नै पर्ने जे मन लाग्यो त्यही तुरुन्त सुन्न पाइने । आजकल गीतहरू हावामै उडिरहेझैं लाग्ने जमाना आयो । बदलिँदो परिस्थितिले सङ्गीतमा दृश्य-अदृश्य चुनौती थपिदिएका छन् । यस्ता चुनौतीको सामना गर्दै अघि बढ्नुको विकल्प छैन ।

❊ ❊ ❊

नेपाली सङ्गीतको विकास र विस्तारमा म्युजिक नेपाल

राजाराम फुयाल

नेपाली सङ्गीतको विकास कसरी भयो ? यसको विस्तार कसरी भयो ? सङ्गीतमा कहिले के भयो ? यस्ता कुरा बुझ्न जान्न नेपाली सङ्गीतको ऐतिहासिक गर्भ-गुदीको विचरण गर्नैपर्छ । कुनै पनि स्थूल वस्तु वा विषय-सन्दर्भको एकछेउ अथवा कुनाबाट मात्रै हेरियो भने त्यसको सम्पूर्णता थाहा पाउन वा देख्न सकिँदैन । विभिन्न पक्षबारे उल्लेख गरिनु सान्दर्भिक हुन्छ ।

नेपाली सङ्गीतको विकासमा सेतुरामअघिको कालखण्ड उत्खनन् हुनसकेको छैन । यसअघिको नेपाली गीत खोजी हुन बाँकी नै छ । वि.सं. १९६५ देखि २००७ सम्मको गीत-गायनलाई कालक्रमका आधारमा पछिल्लो समय "माध्यमिककालीन नेपाली सङ्गीत" भन्ने गरियो । कसैकसैले यस समयावधिलाई गीतगजलको काल पनि भन्ने गरेका छन् । रेडियो नेपालको स्थापनापछिको समयावधिलाई भने नेपाली आधुनिक सङ्गीतको काल भनिदै आइएको छ ।

यी तथ्यलाई लिँदा पनि सय वर्षभन्दा अगाडि बढिसकेको नेपाली सङ्गीतको विकासमा सङ्गीतकर्मी उदाउने-अस्ताउने क्रम क्रमशः चलिरहयो ।

कतिपय नेपाली गीतका स्रष्टा-सर्जकका कृति-कर्म नै गुमनाम हुन गयो । डिस्क रेकर्डमा भएका गीतहरू हिजोआज समयले उपल्लो छेउ पुऱ्याइदियो । अर्थात्, प्राविधिक कारणले बज्न छोड्यो । तर, ती इतिहास भित्रका गायक-गायिका खोज्नुपर्दा समयसँगै लोप भइसकेका तिनै डिस्क रेकर्डको खोज-अध्ययन अनुसन्धान नगरी हुँदैन ।

वि.सं १९६५ देखि २००७ सम्म सङ्गीतको निर्माण विकास-विस्तार प्रशस्तै भए तापनि इतिहास अभिलेखनका आधारमा शास्त्रीय सङ्गीतको मात्र उल्लेख हुनगयो । त्यस समयभन्दा अघि लिच्छवि र मल्लकालीन समयका प्रस्तार अभिलेखमा परम्परागत तथा शास्त्रीय सङ्गीतका प्रशस्तै उल्लेख गरिए । लिच्छविकालीन "वादित्र गोष्ठी", "प्रेक्षमण्डपी" साथै मल्लकालीन राग-रागिनी वा विभिन्न ताल आदिका प्रस्तार मूर्ति-मन्दिर अनि ढुङ्गे-ढोकाहरूमाथि उल्लेख-उत्कीर्ण हुनुले यही कुराको पुष्टि गरेको देखिन्छ ।

यस अर्थमा भन्न सकिन्छ कि लिच्छवि र मल्लकालमा नेपाली सङ्गीतलाई राज्यले नै विशेष महत्व दिएको थियो । शाह-राणाकालीन समयका कतिपय लिखित अभिलेखादि अहिले पनि लिपिवद्ध छन् । जसले शास्त्रीय, आधुनिक अनि परम्परागत सङ्गीत सबै विधा वा क्षेत्रलाई समानान्तर विस्तार विकासको बियाडमा विजन बनाएको देखिन्छ ।

नेपालको आधुनिक सङ्गीतमा भारतीय उपमहाद्वीपमा चलिरहेको पूर्वीय-पाश्चात्य सङ्गीतको प्रभाव अनि असर नजानिँदो-नदेखिँदो रूपमा परेकै हो । भारतमा अङ्ग्रेजको उपस्थिति, सत्ता र शासनसँगै पश्चिमी आधुनिक बाजागाजाको प्रयोग मात्र भएन, भारतवर्षभरि नै आधुनिक सङ्गीतको जग बसालिदियो ।

त्यसको असरले त्यहाँका सम्राट, महाराज आदि शासकका सत्तापलट हुनुका साथै बिचल्ली समेत भयो । ती शासकका महल, दरबार वा हवेलीमा कार्यरत उस्ताद, खलिफा वा बाई-नर्तकी आदि बेरोजगार भए । त्यसपछि

राणाकालीन दरबारमा खान्कीसहित ती नेपाल भित्रिएका हुन् भन्ने कुरा कतिपय राणाकालीन इतिहासमा उल्लेख गरिएको पाइन्छ । त्यसपछि शास्त्रीय सङ्गीत परम्परा मात्र होइन, क्रमशः पश्चिमी आधुनिक बाजा पनि नेपाल भित्रिन थाले । भारतमा पाश्चात्य बाजाको बजारै बन्यो ।

दोस्रो विश्वयुद्धपछि कलकत्तामा खुलेका अनेकन् सङ्गीत कम्पनी र रेकर्डिङ स्टुडियोबाट डिस्क रेकर्ड उत्पादन-वितरण हुनथालेपछि नेपाली सङ्गीतको प्रारम्भ त्यसैसँग जोडिन पुगेको देखिन्छ । नेपालमै पनि सङ्गीतको व्यापार गर्न केही व्यक्ति तम्सिए । रेकर्डिङ स्टुडियो नै खोल्ने जमर्को नभए पनि नेपालबाट कलकत्ता लगेर रेकर्ड गराइदिने मध्यस्थकर्ताहरू निस्किए ।

अझ भद्रकाली हाउस नामक संस्था नै खोलेर सङ्गीतको व्यापारमा नेपालमै पहिलो कदम चालियो । त्यतिखेरका मध्यस्थकर्ताहरूले कलकत्ताका रेकर्ड हाउससँग समन्वय गरेर गीत रेकर्ड गराउन नेपाली गायक-गायिकासँग पैसा लिएर कलकत्ता पुऱ्याउँथे । त्यसरी रेकर्ड भएका डिक्सलाई बेच्न कलाकार स्वयम् घरघर पुग्थे । भद्रकाली हाउसले भने भोटाहिटीमा पसल नै खेलेको थियो ।

त्यस वेलाका गीत-गायनमा ती पाश्चात्य बाजाको भरपुर प्रयोगले तत्कालीन गीत-सङ्गीतशैली साथै युग निर्धारण पनि गरेको पाइन्छ ।

अहिलेसम्म ज्ञात भएअनुसार नेपाली गीत-सङ्गीतको विकास-विस्तारमा सेतुराम, मित्रसेन वा मेलवादेवी मात्र होइन, उस्ताद आनन्द, खेमचन्द, चन्दादेवी, मास्टर जितु सिंह, मिस तारा बाई, दलबहादुर, मिस दुलारी, पञ्चबाला दासी, पाताल चाइना, पारुलबाला, मास्टर पूर्णमान, मिस प्रभा, मिस प्रमिला, भवानीचरण दास, मानवीर राना, रूपकुमारी, सोनी सिंह, हीनादेवी, हीरा बाई हुँदै उस्ताद बद्री, उस्ताद साहिँला, रत्नदास प्रकाश, धर्मराज थापा, नातिकाजी, शिवशङ्कर, हरिप्रसाद रिमाल आदि सुरकर्मी देखिन्छन् ।

नेपाल र नेपाली सुरकर्मीका लागि वि.सं. २००७ अघिको समयकाल सजिलो समकाल थिएन । न त सहकाल नै थियो । किनभने नेपालबाट कलकत्ता गएर रेकर्ड बनाई नेपाल ल्याउनु सबै कुराले अप्ठ्यारो समय थियो ।

व्यवस्था परिवर्तन र प्रजातन्त्रको खोजीबीचको सङ्क्रमणमा पनि नेपाली सुरकर्मीले गीत-सङ्गीतको नवीन र पृथक खुड्किला खोपेका हुन् । सङ्क्रमणकाल हुँदाहुँदै पनि लेखन, सिर्जना वा गायन-वादन विकासमा लागिपरेका हुन् ।

तत्कालीन सत्ताले सङ्गीतको दोहन गऱ्यो भन्ने विषय-सन्दर्भ नउठेका होइनन् । अहिले पनि राजनीतिले कलाकारको प्रस्तुति अनिवार्य बनाइएको छ, । प्रचार-प्रसार आकर्षणको माध्यम बनाएको पाइन्छ भने त्यस वेलाको युग अर्कै थियो । तथापि तत्कालीन कलाकारहरूले आफ्नो दक्षता, विज्ञता र विशिष्टता नेपाल र नेपालीलाई अर्पण गरेकै हुन् ।

रेडियो नेपालको स्थापना र सञ्चालनसँगै सङ्गीतमा नवीन युग प्रारम्भ भयो । शास्त्रीय र लोकगीतको मात्र प्रचलन रहेको नेपालमा एउटा नयाँ मान्यता स्थापित भयो । त्यो हो सुगम सङ्गीत । सुगम सङ्गीतको प्रचलनको जस तत्कालीन सुरकर्मीलाई दिनैपर्छ । शक्ति, सत्ता वा राजदरबार आदि स्थानमा शास्त्रीय वा परम्परागत सङ्गीतको बाहुल्य थियो भने जनस्तरमा केवल लोकसङ्गीत थियो ।

ती दुवैभन्दा भिन्न शैलीको सङ्गीत सिर्जनालाई "सुगम सङ्गीत" वा मूलप्रवाहको नेपाली सङ्गीत भन्ने नामकरण गरियो । जो अहिले पनि त्यही मान्यता वा व्याख्या-विवेचनाबाट बढिरहेको छ । शास्त्रीय वा लोकभन्दा पृथक हुनु र सरल अनि सहज रचना, सङ्गीत अनि गायन हुनु नै "सुगम सङ्गीत" हुनु हो ।

व्याख्याअनुसार सुगम सङ्गीत भनेको मौलिक नेपाली शैली, नेपाली गायन-गला र नेपाली गीत-सङ्गीत नै हो । जो नेपाली श्रोतामाझ सुपाच्य पनि हुन्छ । सुगम सङ्गीत भनेको नेपाली हृदय, संवेदना र श्रवणलाई आकर्षित गर्नु हो । आमनेपाली जनमनमा लोकप्रिय बन्नु, हृदय छुनु र लोक जगतमा आलोकित हुनु पनि हो ।

सङ्गीत विकास र विस्तारमा वि.सं. २००७ पछि दर्जनौं सङ्गठित प्रयास भए । विभिन्न सङ्घ-संस्था गठन भए । नेपालमै रेकर्डिङ प्रारम्भ गरियो । जनमानसमा रेडियोको पहुँच बढ्दै गयो । लोकप्रियता पनि बढ्यो । यो क्रम बढ्दैगयो । वि.सं. २०३९ मा आएपछि सङ्गीतकै विकास र विस्तार गर्दै सङ्गीतको सङ्गठित व्यापार गर्दै राष्ट्रिय अर्थतन्त्रमा सानो रूपमा भए पनि केही योगदान गर्ने सोचले म्युजिक नेपाल देखापऱ्यो ।

हिजोआज नेपाली सङ्गीतको स्वरूप परिवर्तन भइरहेको छ । समकालीन सङ्गीतकर्मी पप, रक, साम्बा, रेगी, ब्लुज, टेंगो, पोल्का, जिप्सी, हिपअप आदि पाश्चात्य शैली-शिल्प गायनमा लागेका छन् । यसअघि नै हिप्पी, टुइस्ट, डिस्को, बल आदि ढाँचा-पारा नेपालमा देखिएका हुन् । त्यसले नेपाली सङ्गीतशैलीमा परिवर्तन, प्रभाव र प्रयोगको थालनी हुनुका साथै नेपालका लोक, परम्परागत र शास्त्रीय सङ्गीतलाई विश्वसँग जोड्न सक्यो ।

रेडियो नेपालमा गीत गाउनु वा वाद्यवादन गर्नु एक समय हरकोहीको गौरवको विषय नै हो । रेडियोबाट गीत बजेको सुनेर कलाकार बन्ने इच्छा राख्ने कतिपय रौसेहरूलाई म्यूजिक नेपालले स्थान दियो । रेडियोबाट तिरस्कृत धेरैलाई म्युजिक नेपालले गायक-गायिका बनाइदिएको छ । कतिपयले त राष्ट्रिय पहिचान पनि बनाउन सफल भएका थिए ।

म्युजिक नेपालअघि पनि नेपालमा छिटफुटरूपमा सङ्गीतको व्यवसाय नभएको होइन तर त्यसको परिमाण सीमित थियो । व्यापारका पूर्वाधार

बनेकै थिएनन् । जति थिए, केवल नाम मात्रका । त्यसैले नेपालमा सङ्गीतको व्यावसायिक बीउ रोप्ने काम नै म्युजिक नेपालले गऱ्यो भन्दा अन्यथा नहोला । समयानुकूल सङ्गीतको विकास र विस्तार गर्न पनि सङ्गीतमा निजी क्षेत्रको उपस्थिति जरूरी थियो । नेपालमा राजनीतिक स्थिरता कहिल्यै नभएकाले व्यावसायिक सङ्गीतको काम सरकारी तवरबाट हुने सम्भावना शून्य रहयो । कसैले कदम चाल्नुपर्ने नै थियो, यसमा म्युजिक नेपाल अघि सऱ्यो । अनि वि.सं. २०४० पश्चात्को सङ्गीतको विकास र विस्तारमा हातेमालो गऱ्यो ।

रेडियो नेपाल, रत्न रेकर्डिङ संस्थानको जति हात छ नेपाली सङ्गीतलाई विकास र विस्तार गर्न, यसमा म्युजिक नेपालको योगदान पनि कम आँक्न मिल्दैन । ४० को दशकपश्चात् नेपाली सङ्गीतको आशाको केन्द्र नै बन्यो म्युजिक नेपाल । नेपाली सङ्गीतमा निकै युगान्तकारी काम म्युजिक नेपालले गरेको छ । कुनै सांस्कृतिक चेतना नभएको ठाउँमा सङ्गीतको व्यापार गर्छु भनेर अघि बढ्नु चानचुने काम होइन । अझ आफू मात्र कमाउने होइन कमाएर अरूलाई पनि दिने काम गर्न सजिलो पक्कै थिएन । यही गाह्रो काममा नै म्युजिक नेपाल उत्तीर्ण भयो ।

आज म्युजिक नेपालको हातमा नेपालको सङ्गीतको बागडोर नै छ भन्दा फरक नपर्ला । वि.सं. २०४० पश्चात् सङ्गीतक्षेत्रमा जेजे परिवर्तन भए कि सबैसँग म्युजिक नेपालको पहिचान र अस्तित्व जोडिएको छ । म्युजिक नेपाल प्रारम्भ हुँदै गर्दा नेपालमा क्यासेट संस्कृति फैलिँदै थियो । त्यसलाई अझ ठूलो आकार दिने काममा म्युजिक नेपालले हात बढायो । सयौं एल्बम बनाएर साङ्गीतिक बजारमा पठायो । क्यासेट संस्कृतिपश्चात् सिडी कल्चर नेपाली सङ्गीत क्षेत्रमा स्थापित गराउने काममा पनि म्युजिक नेपालले अहम् भूमिका खेल्यो । निकै लोकप्रिय क्यासेट तथा सिडी एल्बमहरू म्युजिक नेपालले प्रकाशनमा ल्याएको छ ।

जनमानसमा सङ्गीत लोकप्रिय बनाउन म्युजिक नेपालको कदम कहिल्यै पछि हटेन । यसको प्रत्यक्ष फाइदा सङ्गीतकै सर्जकलाई हुँदै गयो । गायक-गायिकाले त ठूलै पहिचान बनाए । गीतको बजार व्यवस्थापन र प्रचारमा म्युजिक नेपालको भूमिका निकै प्रभावकारी देखियो । रेडियो कार्यक्रम सञ्चालन तथा देशभरि सिडी तथा क्यासेट वितरण सञ्जाल पुऱ्याएर सङ्गीतलाई निकै राम्रो आय-आर्जनको माध्यम बनाउन म्युजिक नेपाल सफल भयो । यसको प्रत्यक्ष फाइदा सरकार र सम्बन्धित कलाकारलाई भयो । प्रत्यक्ष रोजगारीको सिर्जना पनि भयो । सङ्गीत पनि एउटा उद्योगको रूपमा स्थापित भयो । यसमा म्युजिक नेपालको भूमिका प्रशंसित छ । यो सङ्गीत इतिहासमा निकै ठूलो योगदान पनि हो ।

नेपालका योजनाविद्हरूले अनुत्पादक ठहर गरेको सङ्गीतक्षेत्र आज जुन स्थानमा छ, त्यसको परिकल्पना सायद उनीहरूले गरेका थिएनन् । सङ्गीत यति लोकप्रिय र कमाउ हुनेछ भन्ने सोच नै थिएन । उही सामान्य मनोरन्जन मात्र त हो नि भन्ने सोचले गर्दा राज्यले आजसम्म सङ्गीत नीति बनाएन । नीतिविना पनि सङ्गीतले निकै ठूलो फड्को मारेको छ । लोकप्रियता चरम चुलीमा छ । यो अझै बढ्ने क्रममा छ । घट्ने त कुरै छैन ।

सङ्गीतको यो रफ्तारमा म्युजिक नेपाल कहिल्यै पछाडि फर्केन । अविराम सङ्गीतको दौडमा सामेल भइ नै रहयो । अरू सङ्घ-संस्था र कम्पनीहरू जाने आउने गरि नै रहे । नाफा हुँदा सधैँ सल्बलाउने, घाटा हुँदा अन्तै जाने प्रवृत्ति चलि नै रहयो । तर म्युजिक नेपालले घाटानाफाको हिसाब हेरेन । केवल कर्म मात्र सम्झिरहयो । सङ्गीत कर्म गरि नै रहयो र निरन्तर अघि बढि नै रहयो ।

म्युजिक नेपालको स्वामित्वमा रहेका केही करोडका भौतिक सम्पत्तिका कारणले मात्र यसको महत्व भएको होइन । यस्ता भौतिक सम्पत्ति अरू निजी

संस्थाको कति छ कति । कसैसँग पनि नभएको सम्पत्ति म्युजिक नेपालसँग रहेकाले नेपाली सङ्गीतको इतिहासमा म्यूजिक नेपालको महत्व कहिल्यै कम हुँदैन ।

म्युजिक नेपालको सम्पत्ति भनेको उसको सङ्ग्रहमा रहेको हजारौं गीत-सङ्गीत हुन् । जुन अमूल्य छन् । यी सम्पत्ति देशको चिनारी पनि हुन् । भौतिक विकासले देश धनी त देखिएला तर सांस्कृतिक विकास शून्य भयो भने देश खोक्रो हुन्छ । यसतर्फ हाम्रा शासकहरूले कहिल्यै सोचेनन् ।

म्युजिक नेपालमा सङ्ग्रहित गीति-सम्पत्ति देशकै सम्पत्ति हो । यसमा राज्यको योगदान नरहे पनि यो राष्ट्रिय महत्वको छ । म्युजिक नेपालले तिनलाई संरक्षण गरेर देशलाई ठूलो गुन लगाएको छ । भावी पुस्तालाई यो निकै काम लाग्नेवाला छ । नेपाली सङ्गीतको अध्ययन अनुसन्धान गर्न यो निकै उपयोगी सिद्ध हुनेछ । नेपाली सङ्गीतको इतिहासमा म्युजिक नेपालको यो काम स्वर्णाक्षरले लेखिने छ ।

नेपाली सङ्गीतको विकास र विस्तारमा म्युजिक नेपालले माथि उल्लिखित कामको साथमा नेपालमा गीतले पनि पैसा कमाउन सक्छ है भनेर प्रमाणित पनि गऱ्यो । आफ्नो कार्यालयमा प्रत्यक्ष रोजगारीको सिर्जना गर्दै गायक, गायिका, गीतकार, सङ्गीतकार, वाद्यवाधक र सङ्गीत संयोजकहरूलाई पारिश्रमिक र रोयल्टी दिने प्रबन्ध पनि मिलायो । उनीहरूको कामलाई कदरस्वरूप सम्मान तथा पुरस्कारको पनि व्यवस्था गऱ्यो । समयअनुसारका गीत-सङ्गीत र प्रविधि भित्र्याउने काम गरि नै रहयो ।

यसैगरी विश्वजगत्मा आफ्नो कामलाई पुऱ्याउन सकेकाले विभिन्न राष्ट्रहरूले म्युजिक नेपालसँग सम्बन्ध स्थापना गरेका छन् । यसबाट नेपाली सङ्गीत विश्वमा पुऱ्याउन सजिलो हुन्छ । यसको पहलकदमी र अभिभारा पनि म्युजिक नेपालले नै बोक्न सक्छ । सङ्गीतका हरेक क्षेत्रमा म्युजिक

नेपालको उपस्थिति देखिन्छ । प्रशंसनीय योगदान छ । खासगरी म्युजिक नेपालले आफूलाई एउटा प्रगतिशील संस्थाको रूपमा मुलुक सामु प्रस्तुत गर्न सफल भएको छ ।

नेपाली सङ्गीतको विकास र विस्तारमा म्युजिक नेपालले खेलेको भूमिकालाई यसरी स्पष्ट गरिसकेपछि अब भन्न सकिन्छ- यो संस्था नेपाली सङ्गीतको अभिन्न मित्र हो । यसले सुख-दुःखमा साथ दिन्छ । आगामी दिनमा पनि यो सङ्गीतप्रेमीकै मित्र बनेर रहने छ । नेपाली गीत सङ्गीतको उत्थान गरि नै रहने छ । आउँदा दिनमा आउने बाधा, अड्चन हटाउँदै नेपाली सङ्गीतको सेवा गरि नै रहेछ । नौलानौला प्रविधि र सिर्जना ल्याउँदै जानेछ । नेपाली गीत-सङ्गीतको विकास र विस्तार गरिरहने छ ।

❊ ❊ ❊

नेपाली सङ्गीतको रुपान्तरणमा म्युजिक नेपालको भूमिका

राजाराम फुयाल

सङ्गीतको कुनै सिमाना हुँदैन । यो पनि एउटा भाषा हो । जुन भाषा संसार भरिका सबैले सजिलै बुझ्न सक्छन् । मानवजातिले प्राविधिक रूपले सोचेर कुनै आवाजलाई सुर, ताल बनाउँदै लयमा आवद्ध गरेपछि सङ्गीत बन्यो । बिस्तारै यो बाजामा आबद्ध हुनथालेपछि एक प्रकारको शैली बन्यो । अनि क्रमशः यो संस्कृतिमा रूपान्तरण हुँदै गयो ।

नेपालको सवालमा चाहिँ सङ्गीतलाई कहिल्यै सांस्कृतिक पाटो ठानिएन । सङ्गीतलाई आजसम्म हामीले मनोरञ्जनको साधन मात्र ठानेर अघि बढिरहयौं । सङ्गीत कहिल्यै पनि संस्कृतिको संवाहक बनेन, राष्ट्रको सम्पत्ति र पहिचान बन्न सकेन । अथवा हामीले बनाएनौं । त्यसैले सङ्गीतको नाममा जति पनि काम भए सबै सतही मात्र भए । पुर्खाहरूले जति गरे सङ्गीत त्यसकै वरिपरि घुमिरहयो ।

नेपालमा सङ्गीत रूपान्तरण हुन सकेन । नेपाली सङ्गीतमा रूपान्तरण अति जरुरी भैसकेको छ । तर आजसम्म सङ्गीतमा क्रियाशील संस्थाहरूको

ध्यान यसतर्फ जान सकेको छैन । रूपान्तरणको कुरा केवल भाषणबाजीमा मात्र सुनिन्छ । देशमा न्यूनतम् आवश्यकता समेत पूरा नभएर हाहाकार छ । यस्तोमा साङ्गीतिक रुपान्तरणको कुरा गर्नु कत्तिको सान्दर्भिक हुन्छ भन्न सकिन्न ।

सङ्गीतको अहिलेको ढाँचा पनि कतैबाट आयातित हो । यसमा हाम्रो आफ्नोपन छैन । न त यसको नीति नै छ ! के गर्दा सङ्गीत रूपान्तरण हुन्छ त ? यसमा पनि दोधारमा छन् सङ्गीतकर्मीहरू । नेपाली सङ्गीतमा गर्नैपर्ने केही रूपान्तरणका कामहरू यहाँ उल्लेख गरिएको छ ।

१. मौलिक सङ्गीतको संरक्षण

जनगणनाअनुसार नेपालमा १ सय २५ थरिका जाति र त्यति नै सङ्ख्यामा भाषा रहेको तथ्य देखिएको छ । नेपालको यस विविधतालाई समृद्धिको आधार बनाउने हो भने राष्ट्रमा सांस्कृतिक चेतनाको लहर नै आउने सम्भावना देखिन्छ । बहुसङ्ख्यक भाषाको आफ्नै वर्णमाला र लिपि भएकाले संरक्षण र प्रसारप्रचार गर्न सकिने सम्भावना पनि छ ।

अर्को खुसीको कुरा नेपालका भाषाहरूमा आफ्नै प्रकारको सङ्गीतको परम्परा पनि छ । मौलिक गीतको कुनै अभाव छैन । देशैभरि छरिएर रहेका छन् । संस्कृतिलाई व्यवस्थित, संरक्षण र अर्को पुस्तामा हस्तान्तरण गर्ने दिशातर्फ भने ध्यान जान जरूरी छ । अहिले नेपाली मौलिक सङ्गीत लोपोन्मुख छ । चाह्यो भने अझै पनि संरक्षण गर्न सकिने अवस्थामै छ । हराइसकेको छैन ।

सङ्गीत सिर्जनशील प्रक्रिया हो । आज एउटा सङ्गीत कम्पोज गरियो, कालान्तरमा त्यो अर्कै बन्छ । सङ्गीत पानीजस्तै हुन्छ । बाजा पनि त्यही हो । बाजाको सीमा हुन्छ । जस्तै गितारमा बज्ने धुन हाम्रो आरबाजोमा

नबज्ला । भ्वाइलिन हाम्रो सारङ्गीमा नबज्ला । तर त्यसको ध्वनि अनि रसले त दर्शकको मनसँग जोड्ने कुरा नेपाली बाजाले पनि दिइहाल्छ । तर बाजा बनाउने अनि गीत लेख्ने, गाउनेलाई वैज्ञानिकका रूपले लिन नसक्नु हाम्रो विडम्बना हो । उनीहरू त ठूला समाजविद् हुन् ।

नेपालका कुना काप्चामा रहेका हाम्रो परम्परागत बाजाहरूलाई अध्ययन गरेर ल्याउन सक्नुपर्छ । दुई वर्षअघि कर्णाली प्रदेश पदयात्रामा निस्कँदा खस भाषामा गाएको सुनें । यसरी खस भाषाको अवशेष अझै रहेछ भन्ने सुनेर निकै खुसी भएको थिएँ । हो, यसरी रहेका मौलिक सङ्गीतलाई संरक्षण गर्नसके सङ्गीतमा एउटा रूपान्तरण पक्कै हुने थियो ।

कर्णालीको हुड्केली र राउटेहरूको सङ्गीत हामीले सुनेकै छैनौं । नेपालीको सङ्गीत नै नसुनीकन जीवन वित्ने भयो । यी सबै कुरालाई मिलाएर संस्थागत गर्नुपर्छ ।

नेपाली सङ्गीतलाई मौलिकता रहने गरी समयसापेक्ष विकास गर्न आवश्यक रहेको छ । नेपाली मौलिकता जोगाएर नेपाली सङ्गीतको संरक्षण र विकास गर्नुपर्छ । युवा पुस्ताहरू पश्चिमी सङ्गीतप्रति आकर्षित हुँदै गएको परिस्थितिमा सङ्गीतकर्मीहरूले नेपाली मौलिक सङ्गीतप्रति मोह बढाउने काम गर्नुपर्दछ ।

२. सङ्गीतलाई शिक्षामा समायोजन

सङ्गीतशिक्षामा मौलिक सङ्गीतलाई समेटिदिने हो भने यो सजिलै रूपान्तरण भएर जनमानसमा पुग्छ अनि लोकप्रिय पनि बन्छ । वर्तमान पुस्ताले यस सबालमा १० वर्ष मात्रै उचित कदम चालिदियो भने सङ्गीतले नयाँ आयाम पक्कै पाउँछ ।

नेपालमा ३३ हजार ४ सय ३५ वटा विद्यालय छन्, सङ्गीत त्यहाँ पढाइँदैन । विद्यालयको कुनिउँ लगाउँदैमा देश शिक्षित हुन्न भन्ने कुरा अहिले

नबुझे कहिले बुझ्ने ? शिक्षाको विकास गर्न स्कुल त खोलियो तर खै त शिक्षाको विकास ? त्यसैले अब स्कुल खोल्ने होइन खोलिएका स्कुल मर्ज गरेर सुविधासम्पन्न स्कुल हरेक पालिकामा बनाउने प्रक्रिया सुरु गर्नुपर्ने आवश्यकता छ । अनि तिनै स्कुलमा मौलिक सङ्गीत पढाउन सकियो भने बल्ल साङ्गीतिक क्रान्ति सुरु हुन्छ । यसले बनाउने छ नेपालको नयाँ नक्सा । सांस्कृतिक रूपमा सक्षम नेपाल बन्ने छ ।

लोकसङ्गीतकर्मीलाई विद्यालयमा ल्याएर शिक्षामा जोड्न सकियो भने सङ्गीतकर्मीले काम पाउने भए । त्यसो गरियो भने अबको सय वर्षपछिको नेपाल सांस्कृतिक हिसाबले साँच्चिकै नेपाल बन्छ । सङ्गीतको रूपान्तरण पनि हुन्छ ।

३. अर्केस्टा निर्माण

नेपालमा सङ्गीत संरक्षण गर्न अर्केस्टा बनाउनुपर्छ भनेर हल्ला गरेको वि.सं. २०५१/०५२ सालतिरैबाट सुन्दै आएको हो । अझ सङ्गीतमै पत्रकारिता गर्न थालेपछि सङ्गीतकर्मीहरूको अन्तर्वार्ता गर्ने क्रममा धेरै सर्जकहरूले अर्केस्टा अर्केस्टा भनेको सुनिन्छ । तर यसतर्फ आजसम्म तारिफयोग्य काम कसैले गर्न सकेको देखिएन । यदि साँच्चै सङ्गीतको रुपान्तरणको काम गर्ने हो भने महत्वपूर्ण, प्रभावकारी र प्रमुख अङ्ग अर्केस्ट्रा निर्माण नै हुनसक्छ ।

अर्केस्ट्रा निर्माण लामो बाटोमा हिँड्ने सङ्गीतकर्म हो । यसका लागि दूरदर्शी र योजनाबद्ध दिशानिर्देश चाहिन्छ । अर्केस्ट्रा प्रशिक्षणको प्रक्रियाले निरन्तरताको माग गर्छ । कुनै पनि सिर्जनाकर्मले निरन्तरताको बाटो पहिल्याएपछि त्यससित समाजका सबैखाले उमेरसमूहका सर्जकहरू संलग्न हुने क्रमले निरन्तरता पाउँछ । अर्केस्ट्रा सुरु भएपछि मात्र नेपालको सङ्गीतले विश्व परिदृश्यमा आफ्नो सशक्त उपस्थिति देखाउन सक्नेछ । हाम्रोजस्तो सांस्कृतिक विविधता बोकेको देशको सङ्गीतको स्वरूपलाई विशेषखाले रूप प्रदान गर्न पनि अर्केस्ट्रा

नै चाहिन्छ । हाम्रो विविधतायुक्त सामाजिक धरातल अर्केस्ट्रा स्थापनाका निम्ति अति उपयुक्त छ ।

नेपालमा गाइनेहरूले लामो समयदेखि कण्ठ र तारलाई साँधेर आफ्नो साङ्गीतिक संस्कार बचाइरहेका छन् । कण्ठ र तारमा पुस्तैनी अभ्यास गरेका गाइने अर्केस्ट्रामा चल्ने "स्ट्रिङ सेक्सन" र "भोकल सेक्सन" का निम्ति समेत उपयुक्त मानव साधन हुनसक्छन् । धातुका बाजामा दमाईहरू परापूर्वकालदेखि क्रियाशील छन् । "ब्रास सेक्सन" मा तिनको सीपलाई समावेश गराउन सकिन्छ । ताल याने "रिदम सेक्सन" मा पनि हामी चमार लगायतका वाद्यवादनमै जीवन बिताउने तालवादकहरूलाई समावेश गराउन सक्छौं । नेवारीबस्तीका टोलटोलमा "बाँसुरी खल" सक्रिय छन् । तिनलाई "विन्ड सेक्सन" मा समावेश गराउन सकिन्छ । यसको मतलब अरू जातजातिबाट आउने प्रतिभाशाली कलाकारलाई अर्केस्ट्रामा ठाउँ हुँदैन भन्ने होइन । जुनकुनै प्रतिभाशाली कलाकारको क्षमता अर्केस्ट्रामा समावेश गर्न सकिन्छ । अर्केस्ट्रा हो नै साँच्चै समावेशी चरित्रको सङ्गीतकर्म तर यसमा प्राथमिकता भने युगौंदेखि वाद्यवादनमा लागेर पनि अपहेलित भएका जातीय समूहहरूलाई दिनु राम्रो हुन्छ ।

नेपालमा परापूर्वकालदेखि वाद्यवादनमा लागेका सबै जातजातिको आर्थिक अवस्था नाजुक छ । तिनको स्वास्थ्यको अवस्था झन् नाजुक छ । शिक्षाको अवस्था उस्तै छ । अभाव र हँलाले कतिपय सङ्गीतकर्म गर्ने जाति त लोप हुने अवस्थामा पुगेका छन् । यदि हामीले कुशलतापूर्वक तिनलाई अर्केस्ट्रामा संलग्न गराउने हो भने तिनको जीवनमा प्रभावकारी परिवर्तन ल्याउन सकिन्छ र देशको सङ्गीतमा पनि नयाँ क्रान्तिको वीजारोपण गर्न सकिन्छ । यसका लागि देशको सांस्कृतिक विकासको जिम्मा पाएका सरकारी निकायहरूले गम्भीरतापूर्वक सोच्नुपर्छ । समाज र राज्य एकसाथ लागे मात्र सफल हुने विषय हो यो ।

अर्केस्ट्रा सङ्गीतलाई नेपालको पर्यटन उद्योगसित समेत जोड्नुपऱ्यो । त्यसका निम्ति सङ्गीतमा नेपाली मौलिकताको पहिचान गर्नुपऱ्यो । नेपाली अर्केस्ट्रालाई नेपालीत्वसित जोड्नुपऱ्यो । नेपाली धुनका कम्पोजरहरू जन्मने सङ्गीत शिक्षा प्रणालीको विकास हुनुपऱ्यो । हामीले विश्वप्रसिद्ध कम्पोजरका रचनालाई पनि बजाउनुपऱ्यो साथै आफैँले पनि विश्वस्तरका सङ्गीत सिर्जना गर्नसक्ने वातावरण तयार गर्नुपऱ्यो ।

हाम्रो नेपाली बाजाहरू परम्परागतरूपले गाउँ-गाउँमै सीमित छन् । ती बाजाहरूलाई अहिलेको पुस्तामा मात्र होइन, ती मार्फत् अवको हजार वर्षपछिको नेपालमा पुग्ने आयाम हामीले कोर्न सक्छौं । सारङ्गी र अरबाजोको संयोजन गर्न सकिन्छ । त्यसलाई नेपाली अर्केस्टा भने पनि भयो । त्यसपछि त कति अर्केस्टा हुन्छ, हुन्छ । त्यसपछि सही मानेमा सङ्गीतको रूपान्तरण पनि हुन्छ ।

४. सङ्गीतको अन्तर्राष्ट्रियकरण

मौलिक सङ्गीतको संरक्षण, त्यसलाई शिक्षामा समायोजन र अर्केस्टा निर्णाणपछि नेपाली सङ्गीतलाई अन्तर्राष्ट्रियकरण गर्नुपर्छ । नेपालको संस्कृतिलाई विश्वव्यापी गर्दा त्यसमा सङ्गीतले महत्वपूर्ण भूमिका खेल्न सक्छ ।

हाम्रो राष्ट्रभाषामा अहिलेसम्म जति पनि गीतसङ्गीत छन्, थोरैबाहेक तिनलाई अन्तर्राष्ट्रियकरण गर्ने सम्भावना अब लगभग सकिएको छभन्दा आपत्ति नहोला । नेपाली र हिन्दी सङ्गीतको शैली वर्णमाला एउटै भएकाले संसारको जुनसुकै कुनामा गएर नेपाली गीत गाउँदा हिन्दी नै हो भन्ने ठानिन्छ ।

हिन्दी सङ्गीत विश्वव्यापी बनिसकेकाले त्यसको गम्भीर असर नेपाली भाषामा देखिएको छ । तर हामीले नेपालमा बोलिने अन्य भाषाको रैथाने

सङ्गीतलाई केन्द्रमा राखेर अनुसन्धान तथा प्रचार संरक्षण गर्‍यौं भने विश्वव्यापी मात्रै होइन, सङ्गीतको हिसाबले अर्थतन्त्रमै ठूलो सकारात्मक प्रभाव पार्छ ।

यति गर्न सकियो भने सङ्गीतको शैलीमा परिवर्तन मात्र होइन नेपाली सङ्गीत विश्वमा फैलिन्छ । अनि मात्र सङ्गीतले सारा संसारमा नेपालको भूगोल बताउँछ । जनजीवन दर्शाउँछ । भेषभूषा देखाउँछ । छोटकरीमा भन्दा नेपाल चिनाउँछ ।

हाम्रो मौलिक सङ्गीतले नेपाललाई अन्तर्राष्ट्रिय जगत्मा चिनाउने प्रचुर सम्भावना छ । यसतर्फ सम्बन्धित सबैको ध्यान जान जरुरी छ । नेपाली मौलिक सङ्गीतलाई विश्वमा चिनाउन सकियो भने मात्र नेपाल र नेपालीको पहिचान बन्छ । सही मानेमा यो नै एउटा सङ्गीत रूपान्तरण हुनेछ ।

५. पश्चिमा सङ्गीतको प्रभाव न्यूनीकरण

आधुनिकताको नाममा पश्चिमा संस्कृतिले नराम्रोसँग प्रभाव जमाएको देखिन्छ, जसको कारण मौलिक संस्कृति र हाम्रा परम्परा विस्तारै लोप हुनेतिर गइरहेको अवस्था छ । यसको मुख्य जिम्मेवारी त राज्यकै हो तर राज्यलाई घचघच्याउने दायित्व हरेक तहका संस्कृतिकर्मीको पनि हो ।

सांस्कृतिकरूपमा मौलिक सङ्गीतको स्थानमा पाश्चात्य सङ्गीतको बढ्दै गएको छ । पञ्चैबाजाको सट्टा ब्यान्डबाजाले आफ्नो स्थान व्यापक बनाउँदै गएको छ । सामाजिक मेला, पर्व, भोज, गुठी, रोदीजस्ता मौलिक पर्वहरूका ठाउँमा पार्टी, नाइट क्लब, डिस्को स्थापना भएका छन् । हाम्रा पर्वहरू होली, तीज, विवाह, व्रतबन्धजस्ता उत्सवमा समेत पाश्चात्य सङ्गीतको प्रयोग बढ्दै गइरहेको छ । पश्चिमी शैलीको अनुकरणले मग्न हुने हो भने हाम्रा पछिल्ला पुस्ताले आफ्नो वास्तविक संस्कृति पुस्तकमा मात्र पढ्ने दिन आउनेमा शंका रहँदैन । हाम्रा मौलिक गीत-सङ्गीत आदिमा पश्चिमी प्रभावले स्थान बनाउँदै जानाले संस्कृतिमै विचलन आउन थालेको छ ।

नेपाली मौलिक सङ्गीत विश्वमा चिनाउनुपर्ने वेलामा अहिले त झन् नेपालमै ओझेलमा छ । नया पुस्ताको यसप्रति चासो देखिँदैन । सङ्गीतविनाको जीवन कल्पना गर्न नसकिने भएकाले पश्चिमा सङ्गीतको दबदबा भइरहेको वेलामा नेपाली सङ्गीकर्मीहरूले विदेशी सङ्गीतलाई प्रतिस्थापन गरी नेपाली सङ्गीतलाई स्थापित गर्न आवश्यक रहेको छ । यसो गर्न सकियो भने यो पनि नेपाली सङ्गीतको रूपान्तरण हुनेछ ।

६. उत्पादनशील सङ्गीतकर्म

सङ्गीतलाई अब हामीले खालि रमाइलोको विषय मात्र नठानी मान्छेको सामाजिक र आर्थिक पाटोसित पनि जोडेर नयाँ रूपान्तरण गर्न सकिन्छ । त्यसका निम्ति सङ्गीतलाई उत्पादनशील बनाउने योजना तयार गर्नुपर्‍यो । यसका विधागत अन्तरसम्बन्धलाई फराकिलो बनाउनुपर्‍यो ।

७. सङ्गीतनीतिको आवश्यकता

सङ्गीतको लोकप्रियता, विकास र विस्तार गर्न सही नीतिको आवश्यकता छ । यसतर्फ सरकार र सङ्गीत नाट्य प्रज्ञाप्रतिष्ठानले गम्भीर भएर सोच्नुपर्ने देखिन्छ । सङ्गीत संरक्षणको नीति बन्नुपर्‍यो । सङ्गीत प्रसारण नीति बन्नु पर्‍यो । सङ्गीतशिक्षा नीति बन्नुपर्‍यो । सङ्गीत व्यापार नीति बन्नुपर्‍यो । सर्जक र उत्पादकसम्बन्धी नीति बन्नुपर्‍यो ।

प्रतिलिपिअधिकार सम्बन्धमा पनि भरपर्दो नीति बन्नुपर्‍यो । फिल्मको पृष्ठसङ्गीतसम्बन्धी नीति बनाउनुपर्‍यो । नाट्य सङ्गीतमाथि नीति तय हुनुपर्‍यो । सिर्जना चोरीमा संलग्नहरूलाई कडा सजाय गर्ने व्यवस्था कार्यान्वयन हुनुपर्‍यो । यस्ता नीति बनेमा यसले सङ्गीतको रूपान्तरणमा भूमिका खेल्ने थियो ।

सङ्गीत रूपान्तरणमा म्युजिक नेपालको योगदान

सरकारी तवरबाट यस सबालमा खासै उल्लेखनीय कदम हालसम्म चालिएको छैन । सङ्गीतकै विकास र विस्तार गर्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थाले पनि यसतर्फ खासै चासो राखेका छैनन् । जनस्तरमा यसतर्फ भने केही रुचि बढेको भने छ । उपलब्धि यति मात्र हो ।

म्युजिक नेपालले आफ्नो स्थापनाकालदेखि नै यस पक्षमा चासो राखेको देखिन्छ । सङ्गीतकै व्यवसाय गरेपछि यसको उन्नति, प्रगति चाहनु नौलो कुरा होइन । तर अरूले चासो नलिएको क्षेत्रमा नजर मात्र पुऱ्याउनु पनि सानो कुरा होइन । म्युजिक नेपालले स्थापनाकालदेखि नै यसतर्फ कदम चालेको देखिन्छ ।

प्रारम्भमै म्युजिक नेपालले मौलिक लोकगीतको एल्बम निकालेर नेपाली मौलिक सङ्गीतलाई टेवा दिएको थियो । जयनन्द लामाका लोकगीतलाई जनमानसमा ल्याएर नेपाली मौलिक गीतलाई आधार दिएको थियो । रेडियोमा मात्र सीमित गीतलाई क्यासेटबद्ध गरी श्रोताको घरघरमा पुऱ्याउनु पनि एउटा रूपान्तरणकै काम थियो । व्यापारिक सोच भए पनि यसले नजानिँदो पाराले सङ्गीत र राष्ट्रलाई टेवा पुऱ्याएको थियो ।

यसपश्चात् पनि म्युजिक नेपालले थुप्रै मौलिक गीतहरूको उत्पादन र प्रकाशन तथा संरक्षण गरि नै रहयो । नेवारी, मैथिली, भोजपुरी, तामाङ, लिम्बू, थारु, गुरुङ, मगर, देउडा आदि गीत आफ्नो सङ्ग्रहमा राखेको छ । एल्बममार्फत जनसमक्ष पनि ल्याएको छ । अहिलेका उपलब्ध प्रविधिमा पनि यी गीत पाइन्छन् ।

यिनै सङ्गृहित गीतहरूलाई अहिलेको बदलिँदो परिवेशलाई दृष्टिगत गरेर अन्तर्राष्ट्रियकरण गर्ने हो भने नेपालका धुन र मेलोडीले विश्वमा प्रभाव

नपार्ला भन्न सकिन्न । अन्य देशको तुलनामा हाम्रा गीतसङ्गीत कुनै पनि मानेमा कमजोर छैनन् । हाम्रा गीतसङ्गीतले उचित अवसर र मौका पाउने हो भने पक्कै केही न केही गर्छन् ।

सङ्गीतलाई शिक्षाको रूपमा पनि रूपान्तरण गर्न म्युजिक नेपाल लागि परेको छ । वि.सं. २०६२ मा शैक्षिक गुठीअन्तर्गत "नेपाल संगीत विद्यालय" खोलेर सङ्गीतलाई शिक्षासँग जोड्न म्युजिक नेपाल अग्रसर भयो । यो विद्यालयमार्फत सङ्गीतका लागि निकै युगान्तकारी कामहरू यसले सञ्चालन गर्दैआएको छ । जातीय सङ्गीतलाई पाठ्यक्रममा समावेश गरेकाले नेपाल म्युजिक सेन्टरले नेपालको मौलिक सङ्गीत संरक्षणमा पनि भुमिका खेल्दै आएको छ । सङ्गीतको सबै तह र सीप यहाँ पढ्न पाउनु पनि एउटा रूपान्तरणकै चरण हो । ट्युसनको रूपमा गुरु थापेर पढ्ने सङ्गीतलाई संस्थागतरूपमा रूपान्तरण गर्न म्युजिक नेपाल सफल भएको छ । यसको सकारात्मक पक्षहरू पनि देखिन थालेका छन् ।

सङ्गीतको ब्यापार गर्ने सोचले धेरै कम्पनी स्थापना भए पनि कसैले पनि यसको सांस्कृतिक पाटो सोचेनन् । गीत निकाल्ने, कमाउने भन्ने ध्येय मात्र रहयो । तर म्युजिक नेपालसँग कमाउने मात्र होइन सङ्गीतलाई सांस्कृतिक पाटो पनि मानेर जाने चेतना थियो । त्यसै गऱ्यो । अन्तबाट ननिस्केका मौलिक गीतहरूलाई म्युजिक नेपालले स्थान दिँदै गयो । ब्यापार नभए पनि यी राष्ट्रका धरोहर हुन् भन्ने चिन्तनका साथ अग्रसर भइरहयो । मौलिक सङ्गीतलाई पनि ब्यावसायिक बजारमा रूपान्तरण गर्न कोसिस गरिरहयो ।

आउने दिनमा पनि नेपाली सङ्गीतको सेवामा क्रियाशील रहने म्युजिक नेपालको उद्देश्य छ । सङ्गीत संरक्षण र समयानुसार त्यसलाई रूपान्तरण गरि नै रहने सोच, सङ्कल्प र प्रतिवद्धता पनि म्युजिक नेपालसँग देखिन्छ ।

नेपाली सङ्गीतको भविष्य र म्युजिक नेपाल

राजाराम फुयाल

प्रकृतिको धुनबाटै सङ्गीत सिर्जना भएको छ । सरस्वतीलाई आवाजको जननी मानिन्छ । सङ्गीतमा हमेसा सरस्वती माताको बास हुन्छ । बूढालाई पनि किशोर बनाउने सङ्गीतको तरङ्गले जोस, जाँगर र उमङ्गको सञ्चार गर्छ । कल्पना जगाउँछ, आत्मबल बढाउँछ । एक्लोपन भगाइदिन्छ । निमेषभरमै थकान र तनावबाट आराम दिलाएर तन्दुरुस्ती प्रदान गर्ने चमत्कारिक गुण छ सङ्गीतमा ।

गीतसङ्गीतले कहिलेकाहीँ तिखो याद बनेर हाम्रा भावनाहरूलाई यसरी चिमोट्छन् कि रगरगमा समाउँदै मान्छेलाई पुराना दिनको स्मरणमा जागृतसम्म बनाउँछन् । खास सङ्गी त सङ्गीतै रहेछ । साथी भएकैले सङ्गीत भनिएको होला । हरेक मान्छेको मित्र बनेर गुञ्जिने सङ्गीतको साथ एक्लोमा मात्र होइन, भीडलाई पनि चाहिने रहेछ । कुनै विवाह, उत्सव वा पार्टीमा रमाइलोका लागि गीत-सङ्गीत नै बजाएर नाचिन्छ, झुमिन्छ । कतिपय सार्वजनिक कार्यक्रमहरूको प्रारम्भमा गीतसङ्गीत नै घन्काएर माहोल ततााउने गरिन्छ । धेरैजसो चालक गीत बजाएरै गाडीको रफ्तार हाँक्छन् । प्रायः यात्रु पनि गीत सुन्न रुचाउँछन् ।

सङ्गीत सुनेर यात्रा गर्दा बाटो कटेको पत्तै हुँदैन । रोइरहेको बच्चालाई सुताउन आमाहरूले सङ्गीतकै सहारा लिने (लोरी गाउने) गरेको पाइन्छ । पहिले पहिले वनपाखा, खेतबारीमा जाँदा पनि रेडियोमा समाचार र गीतसङ्गीत सुन्दै काम गर्थे मानिसहरू । अचेल हातहातको मोबाइलमै रोजीरोजी समाचार अनि गीतसङ्गीत हेर्न, सुन्न सकिने भएको छ । अहिले पनि दसैँ आउँदा होस् या तिहार वा तीज, पहिल्यै त्यसको आभास बनेर गीतसङ्गीत हाम्रो छेउ आइपुग्छ ।

एकै वा उस्तै सङ्गीत सबैलाई मन नपर्ला कोही पप सुन्छन्, कोही आधुनिक रुचाउँछन्, कोही लोकदोहोरी त कोही फिल्मी गीत मन पराउँछन् । राष्ट्रिय गान, ईश्वरको भजन, क्रान्ति र चेतनाका गीत पनि छन् । तर मायापिरतीको गीत नै धेरैलाई मनपर्छ । किनभने हामी सबैको अन्तरआत्माको चाहना हो माया । हरमानिस प्रेममा रमाउन चाहन्छ । यथार्थमा तीतो, टर्रो, खल्लो भोग्नुपर्दा पनि मधुर प्रेमको इच्छा, कल्पना र लालसाले हरदम सताइरहेको हुन्छ ।

त्यो वेला मीठा-मीठा प्रेमगीत हामीलाई मायाको आभास बनिदिन्छन् र केही क्षण भए पनि आनन्दित तुल्याउँछन् । अलौकिक दुनियाँमा पुऱ्याउँछन् । मिलन होस् या वियोगका गीत–हाम्रो मन भुलाउने सहारा बनेका छन् । सङ्गीतमा यति ठूलो तागत लुकेको छ कि पलभरमै कसैको सम्झना बनेर छाउन सक्छ यो । छिनमै हँसाउन अनि रुवाउन सक्छ ।

कस्तो जादुमय तरंग मनभित्रै छोइदिन्छ । नबोली नबोली मनको कुरा भनिदिन्छ । कोही नजिकको मान्छेलाई आफ्नो कुरा भन्न नसक्दा त्यस्तै गीत-सङ्गीतको सहारा लिएर मनका भावना पोख्न सजिलो छ । कसैलाई आफ्नो प्रेम, प्रस्ताव, बिन्ती, माफी, आक्रोश, खबरदारी, शुभकामना आदि बताउन गीतसङ्गीत गज्जबको सहारा हुँदोरहेछ । मनको आवाज बोलिदिन्छ यसले ।

रिसाएकोलाई फकाइदिने साथी कहिलेकाहीँ सारा नातासम्बन्ध, कामधाम भन्दा पनि माथि भइदिन्छ ।

साँच्चै सङ्गीतमा रमाउने, हराउने मानिस थुप्रै छन् । सङ्गीतको सुरमा चल्नुको मज्जा नै बेग्लै सङ्गीतको तालमा कठिन काम पनि छिट्टै-सजिलै गर्न सकिने रहेछ । हालै युक्रेनमाथि युद्ध गरिरहेका आफ्ना सैनिकलाई सुऱ्याउन रुस सरकारले मोर्चामा साङ्गीतिक टोली पनि सामेल गरेको खबर सुनियो । मानौँ एक किसिमको सुरा नै हो सङ्गीत वा भनौं मादकताको जाम ।

नेपालमै पनि यस्ता थुप्रै उदाहरणहरू पाइन्छन् । राल्फाले छेडेको क्रान्तिकारी गीत-सङ्गीतलाई पछि रामेश, रायनले जनजनमा पुऱ्याए । यो जनक्रान्तिकै लागि भएको थियो । जीवन शर्मा त अहिले पनि सबुत उदाहरण भएका छन् । माओवादी जनयुद्धका बेला माओवादी कलाकारहरूले गीत गाइरहँदा प्रचण्ड र बाबुरामले आँसु पुछेका दृश्यहरू अझै हाम्रा स्मृतिमा ताजै छन् । गीत-सङ्गीतले जोस दिन्छ, मानिसलाई मताउँछ, नचाउँछ, मदहोस अनि मग्न बनाउँछ । विचित्रको सङ्गीतले चलचित्रझैं मान्छेहरूलाई तालतालमा नचाइरहेकै छ ।

देवाधिदेव शिव त बेलाबेलामा ताण्डव गर्छन् । "ॐ नमः शिवाय" र "सत्यंम्, शिवम्, सुन्दरम्" को पनि त आफ्नै लय छ । भगवान्को भजनमार्फत् ईश्वरसँग मिलाउने सेतुझैं तन्त्र, मन्त्र, भक्ति अनि प्रार्थनाहरूमा सङ्गीतकै सरगम छ । योग र ध्यानका लागि समेत अलौकिक शक्ति छ यसमा । वास्तवमै ईश्वरीय वरदान नै हो गीतसङ्गीत ।

कुनै कुराप्रति आशा, आस्था र आत्मविश्वास जगाउँछ यसले । एकैछिनमा रगत उमालिदिन्छ । परिवर्तनको लहर ल्याउनसक्छ । मान्छेलाई सम्मोहित गर्न सक्नेसम्मको ऊर्जा निहित छ यसमा । त्यसैले गीत-सङ्गीत जहिले पनि सशक्त हुनुपर्छ । त्यसका लागि गहिरो साधना चाहिन्छ ।

सङ्गीतको कुनै भाषा र भूगोल हुँदैन । कुनै पनि सिमानाले छेक्न सक्दैन यसलाई । संसारको एउटा कुनामा भएको सिर्जनाले सारा विश्वलाई तरङ्गित पार्न सक्छ । ध्वनिको तरंग र गुञ्जन त सबैका लागि उस्तै हो । हरफहरू कुनै एक भाषामा लेखिए पनि अर्थ बुझ्ने सबैलाई त्यसले उत्तिकै छुन्छ । हरेक धुनको पनि आफ्नै सङ्केत त हुन्छ । दुःखको धुन, खुसीको धुन, मिलनको धुन, वियोगको धुन, रागको धुन, वैरागको धुन बेग्लाबेग्लै हुन्छ । जस्तो कि पीडामा ऐय्या गर्दा र खुसीमा आहा गर्दाको उच्चारण अलग-अलग रूपमा प्रस्फुटन हुन्छ ।

जेहोस्, हरेक जीवात्मामा सङ्गीतको बास छ । निर्जीव वस्तुहरूले समेत सङ्गीत निकाल्छन् । खोलाको कलकल, झरनाको झरझर, आकाशको गडगड, पवनको सुसेली अर्थात् हावाको सरसर, पातपतिंगरहरूको फरफर, कीरा फट्याङ्ग्राहरूको भ्याउँभ्याउँ, चराचुरुंगीको चिरविर वा प्राणीहरूको आवाजमा पनि सङ्गीतको केही अंश छ । हाम्रो स्वाँ..स्वाँ...सिँ..सिँ.., फ्वाँ...फ्वाँ...फु...फु..., आ..., उ...हा...हु, घ्यारघ्यार घुरघुर, ङ्यारङ्यार ङुरङुर सबैमा सङ्गीत समाएको छ । मन परेको मान्छेको मुखबाट निस्किने एक शब्द आवाज पनि हामीलाई अति सुरिलो र प्रिय लाग्छ । वर्षाको टिपटिप, पाउजूको छमछम, चुराको छनछन, घन्टीको टिनटिन, ढुङ्गा-चट्टानहरूका ठक्कर-घर्षण सबैसबैमा सङ्गीतको झङ्कार छ । मानौं, हरेक पदार्थ, आत्मा र स्पर्शहरूमा सङ्गीत भेट्न सकिन्छ ।

चिसिएको मन तताउँछ यसले । जलिरहेको आत्मामा शीतलता छर्छ । खुसी अनि सुहानुभूति ल्याउँछ । विरहको भाका पनि गाउँछ । धोका, ग्लानि, पछुतो सबैसबै महसुस गराउँछ । विविध ज्ञान दिन्छ । जीवन र जगत्को सत्यबोध गराउँछ । किनभने खास भुक्तभोगीहरूबाटै रचिएका हुन्छन् गीतसङ्गीत । जीवनमा अनेक ठक्कर, हन्डर र बज्रपातले विभिन्न धुनमा बजेका, बजाइएकाहरूले प्रकृतिका धुन पनि सुनेका र त्यसलाई महसुस गरेका

हुन्छन् । मिलेका तालहरूले सङ्गीतलाई आकर्षक र मजबुत बनाएजस्तै हामीले पनि यस संसारका हरेक वस्तु वा साइनोसित ठीक-ठीक र गहिरो तालमेल मिलाउन सक्यौं भने हाम्रो जीवन पनि सुमधुर, सानदार, दमदार अनि अलौकिक बन्नेमा शङ्का छैन ।

माथिका यी कुराले सङ्गीतको भविष्य विश्वव्यापी र मानवअस्तित्व रहेसम्म छ भन्ने कुरा प्रमाणित गर्दछ । संसारमा सङ्गीतको अस्तित्व रहेपछि नेपाली सङ्गीतको अस्तित्व नरहने कुरै भएन । नेपाली सङ्गीत आउने दिनहरूमा अझ् बढी विकास हुनेछ । नेपाली सङ्गीतले अनेक रूप लिन सक्छ र विभिन्न शैलीहरूमा विकास हुनसक्छ । समयसँगै यो परिवर्तन हुँदै जानु नौलो कुरा रहेन । नेपाली बोलीमा गीतहरू नयाँ स्तरमा आउनेछन् ।

नेपाली सङ्गीतमा विश्वस्तरीय बन्न सक्ने शक्ति रहेको छ । संसारभरि नेपाली फैलिने क्रम बढेको छ । नेपालीहरू संसारभर पुगेपछि त्यहाँ नेपाली गीत सुन्ने, सुनाउने क्रम पनि बढ्छ । यो क्रमले नेपाली सङ्गीत क्रमशः विश्वभरका सङ्गीतप्रेमीमाझ पक्कै फैलिन्छ । उनीहरूलाई नेपाली स्वर र सङ्गीतले मनोरञ्जन तथा सुखद अनुभव प्रदान गर्नसक्छ ।

नेपाली सङ्गीतलाई विविध धर्म, जाति, भाषा र सांस्कृतिक विविधतासँगै एकताको सूत्रमा बाँध्न सकियो भने हाम्रो सङ्गीत विश्वभरि छाप छोड्न सक्ने तथा विश्वस्तरमा प्रतिस्पर्धामूलक हुने सम्भावनाहरू छन् ।

इन्टरनेट र सामाजिक सञ्जालले नेपाली सङ्गीतको प्रचार-प्रसार गर्ने सम्भावनाहरू बढाएको छ । नेपाली सङ्गीत भविष्यमा बढी उजागर हुने सम्भावना छ । डिजिटल सञ्चारको विकासले सङ्गीत उत्पादन र वितरणका लागि नयाँ माध्यमहरू सम्भव गराएको छ । यसले सङ्गीतकारहरूलाई विविधताको ढोका खोल्न सहयोग गर्न सक्दछ । उनीहरूको कार्यलाई विश्वव्यापी रूपमा पहुँच दिनसक्छ । यसका साथै, नेपाली सङ्गीतमा नयाँ तथा विविध सङ्गीत शैलीहरूको उदय हुनेछ । सामाजिक र सांस्कृतिक

परिवर्तनहरूले पनि नेपाली सङ्गीतमा रूपान्तरण ल्याउनेछन् । यो रूपान्तरण नयाँ गीतको रूपमा, नयाँ सङ्गीतको रूपमा पनि स्थापित हुनेछ ।

नेपाली सङ्गीतको भविष्य सकारात्मक रहेको छ । भविष्यमा नेपाली सङ्गीत धेरै विविधताका साथ आउने सम्भावना छ । जनताको रुचि वा आवश्यकताहरूलाई अनुसरण गर्दै नयाँ सर्जकहरू सङ्गीत का सबै विधामा देखापर्ने छन् । उनीहरूले धेरै सङ्गीत निर्माण गर्न सक्छन् । नेपाली सङ्गीतले आफ्नो ऐतिहासिक रूपमा विविधतालाई देखाउँछ र अन्तर्राष्ट्रिय मञ्चमा पनि विस्तृत र पहिचानपूर्ण रूपमा जानसक्छ ।

नेपाली सङ्गीतको भविष्यलाई सकारात्मक बनाउन कलाक्षेत्रमा सक्रिय रहेका संस्थाहरूले निकै प्रयास गरिरहनु पर्ने देखिन्छ । समयले ल्याउने परिवर्तन र प्रविधिका बारेमा सबै सर्जकलाई सचेत र प्रविधिमैत्री बनाउन सके सङ्गीतको क्षेत्रमा सार्थक परिणाम आउनसक्छ । जुनसुकै शैलीको नेपाली सङ्गीत प्रतिस्पर्धात्मक छ । आगामी दिनहरूमा पनि अझ प्रभावकारी हुनेछ । साथै, विभिन्न भावनात्मक तथा सामाजिक मुद्दाहरूमा आधारित नयाँ सङ्गीत गीतहरू समयले अझ परिस्कृत गर्दै लानेछ । यसले पनि नेपाली सङ्गीतलाई दरिलो स्तर दिनेछ भन्ने कुरामा दुई मत छैन ।

आउने दिनहरूमा नेपाली कलाकारहरूले उत्कृष्टता प्रदर्शन गर्नेछन् । त्यसैले नेपाली सङ्गीतको भविष्य उज्ज्वल छ । सङ्गीत सांस्कृतिक बिरासतको एक भाग पनि हो । नेपाली सङ्गीतमा अनेक विभिन्न विधाहरू छन्, जसले यसलाई विस्तृत रूपमा अघि बढाइरहेका छन् । नेपाली सङ्गीतमा संस्कृतिक विविधता रहेको कारण यसले अनेक शैलीहरू पनि बनाएको छ । नेपाली सङ्गीतले गति बढाउँदै आएको छ ।

नेपाली सङ्गीतको अन्तर्सम्बन्ध नेपालको सांस्कृतिक, सामाजिक र धार्मिक पृष्ठभूमिसँगै रहेको छ । सङ्गीतले नेपालको विभिन्न जातित्वहरू र संस्कृतिहरूको एकता बढाउँदछ । यसले युवाहरूलाई आकर्षित गर्दछ ।

नेपालमा स्थानीय सङ्गीत र विदेशी सङ्गीत दुवै प्रभावशाली छन् र यी दुवै सङ्गीतलाई मिश्रण गरी नेपाली सङ्गीत समृद्धि भएको छ । यस दिशामा स्थानीय सङ्गीतको प्रचलन र अभिवृद्धि अत्यधिक महत्वपूर्ण हुन्छ ।

नेपाली सङ्गीतको भविष्य र म्युजिक नेपाल अन्तर्सम्बन्धित छन् । सङ्गीतको विरासत र महत्वलाई म्युजिक नेपालले राम्ररी मनन गरेको छ । म्युजिक नेपालको सम्बन्ध नेपाली सङ्गीतको अभिवृद्धि, विस्तार र सफलतासँग सम्बन्धित छ । नेपाली सङ्गीतको मियो नै हो म्युजिक नेपाल । नेपालको सङ्गीतको कुरो गर्दा म्युजिक नेपाल सधैं केन्द्रमा आउँछ । चार दशकदेखि नै सङ्गीतको सेवा गर्दै आइरहेको म्युजिक नेपाल बीचबीचमा विभिन्न प्रतिकूलताहरूलाई चिर्दै वर्तमान अवस्थामा अत्यन्त सक्षम र दरिलो बनेको छ ।

चालिस वर्षीय यात्रामा म्युजिक नेपाल एउटा यस्तो ठाउँमा आइपुगेको छ, जहाँ अरू कोही सजिलै पुग्दैनन् । बहुत कठिन दिनहरू पार गरेर म्युजिक नेपालले यात्रा तय गर्न सफल भयो । यति लामो यात्रा पार गरेर गन्तव्यमा पुग्न धेरैको धैर्य हुँदैन । अरूले पनि प्रयास नगरेका होइनन् । तर विभिन्न कारणले धैर्य कायम राख्न सकेनन् ।

अहिले नेपाली सङ्गीत र म्युजिक नेपाल एकअर्काका परिपूरक हुनपुगेका छन् । सिङ्गो सङ्गीत उद्योगमा हिसाब गर्ने हो भने म्युजिक नेपालको सङ्गीत उत्पादनको हिस्सा ६५ प्रतिशत हुन आउँछ । यो प्रतिशत आफैँमा एउटा सफलताको परिचायक हो । त्यसैले जसरी नेपाली सङ्गीतको भविष्य अटल छ, त्यसरी नै म्युजिक नेपाल पनि अटल छ । सम्पूर्ण रूपमा, म्युजिक नेपालले नेपाली सङ्गीत उद्योगको विकासमा सक्रिय भूमिका खेलिरहेको छ । भविष्य दुवैको सुन्दर छ । न त नेपाली सङ्गीत हराउँछ, न त म्युजिक नेपाल अस्ताउँछ ।

❋ ❋ ❋

सङ्गीत संरक्षणमा म्युजिक नेपालको भूमिका

रमण घिमिरे

म्युजिक नेपाललाई सङ्गीत व्यापारी मात्र भन्यो भने अन्याय हुन्छ । यसलाई सङ्गीत उत्पादक मात्र भन्यो भने पनि अर्घेल्याइँ हुन्छ । किनभने म्युजिक नेपाल नेपाली सङ्गीतलाई आमश्रोताको घरसम्मै पुऱ्याउने पहिलो निजी स्तरमा स्थापित संस्था हो । त्यसो त म्युजिक नेपालका कुरा कोटयाउँदा यसका धेरै सकारात्मक पाटाहरू भेटिन्छन् । तर यहाँ खालि म्युजिक नेपालले नेपाली सङ्गीतको संरक्षणमा निर्वाह गरेको भूमिकाबारे संक्षेपमा उल्लेख गर्ने जमर्को गर्छु ।

सर्वविदितै छ, म्युजिक नेपाल नेपालमा रोयल्टी प्रथाको सुरुवात गर्ने र यसलाई निरन्तरता दिने एक मात्र सङ्गीत उद्योग हो । जति वेला क्यासेट निकाल्नु भनेको आकाशको फल थियो । त्यतिवेला सरकारी अनुदान दिएर खोलिएको रत्न रेकर्डिङ संस्थान नामक एक मात्र सङ्गीत उत्पादन निकाय थियो । यो सीमित कलाकारहरूको पहुँचमा थियो । नाम चलेका गायक-गायिकाहरूका गीतका क्यासेटहरू, त्यो पनि वर्षमा सारै नगण्य रूपमा उत्पादन गर्थ्यो र बजारमा पुऱ्याउँथ्यो । यस संस्थानले जति क्यासेट निकाले

पनि कलाकारलाई रोयल्टी दिँदैनथ्यो । तर पनि कलाकारहरू यही संस्थानको मुख ताकेर लामो समयसम्म आफ्नो क्यासेट प्रकाशनका लागि कुरेर बस्थे । यस्तो एकलौटी समयमा म्युजिक नेपालले प्रत्येक क्यासेटमा रोयल्टी दिन सुरु गऱ्यो र नेपालमा पहिलो पल्ट रोयल्टी वितरण गर्ने ऐतिहासिक काम गऱ्यो । रोयल्टीबारे अन्य लेखमा विस्तृत चर्चा गरिने छ । तर यहाँ यसले सङ्गीत संरक्षणमा खेलेको भूमिकाबारे नै चर्चा गरौं ।

गीतहरूको उत्पादन गर्नु मात्र यस संस्थाको ध्येय थिएन । यो संस्था त लामो दूरीको रेसमा निस्केको थियो र सङ्गीतसम्बन्धी हरेक सम्भाव्य काम गर्न प्रतिवद्ध थियो । हो, नेपाली सङ्गीतलाई बजारीकरण गर्ने अभिप्रायले स्थापित भएको संस्था थियो यो । तर यसको सङ्कल्प दूरगामी थियो । यसमध्ये एक थियो नेपली सङ्गीतको संरक्षण ।

त्यसताका पुराना गायक गायिकाहरूका गीतहरू डिस्क रेकर्ड (भिनायल) मा हुन्थे । रेडियो नेपालले आफ्नो प्रसारण प्रयोजनका लागि ती गीतहरूलाई भिनायलबाट कार्टेजमा सार्ने गर्थ्यो । आजजस्तो आधुनिक प्रविधिको विकास भइनसकेको र ती महत्वपूर्ण गीतहरूको उचित संरक्षण गर्ने बाटो पहिल्याउन नसकिरहेको अवस्थामा म्युजिक नेपालले सङ्गीत सङ्कलन गर्ने विभिन्न व्यक्तिहरूसँग सम्पर्क राखी भिनायलबाट क्रोममा सार्ने कार्य थाल्यो । म्युजिक नेपालको यस सत्कार्यमा सुबि शाहले महत्वपूर्ण योगदान पुऱ्याएका छन् । सुबि शाह मादल वाद्यका सुविख्यात सर्जक थिए र उनी मादलका हरेक तालका आधिकारिक ज्ञाता पनि थिए । सोखका रूपमा उनले पुराना भिनायलहरू सङ्कलन गरेका थिए । ती भिनायलहरू धूलो जमेर, चर्केर र अन्य कारणले स्तरहीन जस्ता हुन पुगेका थिए । र, म्युजिक नेपालले शाहसँग सम्झौता गरी ती भिनायलका गीतहरूलाई आधुनिक प्रविधिमा रुपान्तरित गरी, सकेसम्म तिनको स्तर यथावत रहने प्रविधिको विकास गरी सङ्कलन गर्ने कार्य

थाल्यो । म्युजिक नेपालले सङ्गीत संरक्षणमा आरम्भ गरेको यो नै पहिलो सत्प्रयास थियो । यस कार्यमा वरिष्ठ सङ्गीत समालोचक एवम् सङ्गीतज्ञ रामशरणम दर्नाललले पनि गरिमापूर्ण योगदान पुऱ्याएका छन्.।

अलिपछि, यसै अभियानलाई अझ गतिशील र आधिकारिक रूपमा सबल बनाउने उद्देश्यले दर्नाललाई म्युजिक नेपालले पारिश्रमिक दिएरै उनको निवृत्त समयलाई उपभोग गऱ्यो ।

यस क्रममा दर्नाललले म्युजिक नेपालले विभिन्न माध्यमद्वारा प्राप्त लोकगीतहरू विधा वर्गीकरण गर्ने महत्वपूर्ण कार्य त गरे नै सँगसँगै उनले सङ्गीतसम्बन्धी केही पाठ्यपुस्तकहरू पनि तयार गरे । म्युजिक नेपालले नेपाल सङ्गीत विद्यालयको पाठ्यपुस्तकका लागि पनि यी पुस्तकहरूको लेखन कार्य गरेका थिए ।

यस संस्थाले लोकगीत, आधुनिक गीत र अन्य विधाका गीतका कलाकाहरूका छरिएर रहेका गीतहरूलाई उनीसँग सम्झौता गरी सङ्कलन गरेर संरक्षण र बजारीकरण गर्ने कार्य गऱ्यो ।

यसबाहेक अर्को प्रशंसनीय कार्य गऱ्यो, विशिष्ट सङ्गीत साधकहरूको जीवनवृत्तिलाई ध्वन्याङ्कन गर्ने कार्य । यसको अभिभारा वरिष्ठ गीतकार, लेखक एवम् वरिष्ठ कलापत्रकार रमण घिमिरेले लिए । उनको सक्रियतामा नेपाली आधुनिक, लोकसङ्गीतका वरिष्ठ दुई सयभन्दा बढी साधकहरूकै आवाजमा उनीहरूको साङ्गीतिक यात्राको विवरण म्युजिक नेपालसँग छ । सुरुमा यो कार्य युवासाहित्यकार अमोददेव भट्टराईले आरम्भ गरेका थिए । बीचमा वृत्तिविकासका सिलसिलामा उनी अन्यत्रै आवद्ध हुन गएपछि यस कार्यलाई निरन्तरता दिएका थिए घिमिरेले ।

आज म्युजिक नेपाल नेपाली सङ्गीतको पर्याय नै भइसकेको छ । आफ्नो साङ्गीतिक भण्डारमा २ हजार गीति एल्बमहरू सङ्ग्रहित छन् ।

यसले विशेषज्ञ सङ्गीतकारहरूसँग सम्झौता गरी पाएसम्म सबै जातजातिका गीत-सङ्गीतहरू आफ्नो सङ्गीत भण्डारमा सुरक्षित रूपमा संरक्षण गरेको छ । यस कार्यमा वरिष्ठ सङ्गीतज्ञ बुल मुकारुङको योगदान स्मरण योग्य छ ।

विभिन्न जातजातिका सङ्गीत-संस्कृतिलाई सङ्कलन र संरक्षण गर्ने उद्देश्यले यस संस्थाले जिल्ला जिल्लाबाट आफ्नै लगानी र पहलमा काठमाडौंमा ल्याएर विभिन्न भाषाभाषीका सङ्गीत र सांस्कृतिक नृत्यको प्रदर्शनी समेत गऱ्यो । हनुमानढोका डबलीमा यस प्रस्तुतिलाई अवलोकन गर्न राष्ट्रका मूर्धन्य साधक, सङ्गीतमा रुचि राख्ने प्रवुद्ध व्यक्तित्व र जनसाधारणको भीड लागेको थियो ।

नेपाली सङ्गीत संरक्षण र विस्तारकै लागि लामो समयसम्म म्युजिक नेपालले रमण घिमिरेको सम्पादकत्वमा "सङ्गीत" नामक तीनमहिने पत्रिका पनि प्रकाशित गरेको थियो ।

यी यावत पक्षहरूको विश्लेषण गर्दा माथि भने झैं म्युजिक नेपाल खालि म्युजिकको व्यवसाय गर्न मात्र स्थापित भएको संस्था नभई समग्र नेपाली सङ्गीतको संरक्षण र विस्तार गर्न समेत प्रतिवद्धरूपमा लागि परेको संस्था हो भन्नु किमार्थ असङ्गत हुँदैन ।

❊ ❊ ❊

म्युजिक नेपालका युगान्तकारी कामहरू

राजाराम फुयाल

म्युजिक नेपालले नेपाली सङ्गीतको विकास र विस्तार गर्ने काममा एक महत्वपूर्ण भूमिका निभाउँदै आएको छ । यो संस्थाले नेपाली सङ्गीतको उन्नयन गर्न अनेक कामहरू गरेको छ । कुनै पनि काम सुरुमा नियमित प्रक्रियाअन्तर्गत नै गरिएको हुन्छ । आफ्नो कार्यतालिका बनाएर के-के गर्ने भन्ने एउटा सोच बनाएर गरिन्छ । तर कालान्तरमा यस्ता केही काम युगान्तकारी सिद्ध हुन्छन् । म्युजिक नेपालले गरेका केही कामहरू समय बित्दै जाँदा यस्तै कोसेढुङ्गा हुनपुगे । चालिस वर्षीय यात्रामा म्युजिक नेपालले नेपाली सङ्गीत क्षेत्रलाई के दियो त ? यो प्रश्नको उत्तर निकै लामो हुनसक्छ । तैपनि यहा संक्षेपमा उल्लेख गर्ने कोसिस गरिएको छ । जसलाई बुँदागत रूपमा यसरी लेख्न सकिन्छ ।

१. रेडियो नेपालको एकाधिकारको अन्त्य

म्युजिक नेपाल स्थापनाअघिसम्म नेपालमा गायक-गायिका, सङ्गीतकार, गीतकार बन्न अनि गीत रेकर्ड गर्न रेडियो नेपालबाहेक अरू विकल्प थिएन । जसरी पनि रेडियो नेपालकै भर पर्नुपथ्र्यो । वर्षौं त्यहाँ धाएर पनि गायक-सङ्गीतकार बन्न सम्भव नभएका उदाहरण पनि छन् । एक त माध्यम एउटै मात्र त्यसमाथि धेरैको रहर गायक-सङ्गीतकार बनेर आफ्नो नाम आओस् भन्ने इच्छा ।

रेडियो नेपालको पनि सीमित साधन-स्रोत भएकाले चाहेर पनि सबैलाई अवसर दिन सक्दैन थियो । त्यसमाथि कमजोर प्रशासनले भनेजस्तो काम पनि गर्न नसक्ने । नातावाद, कृपावाद हावी थियो । जुनसुकै काम गर्न पनि भनसुन गर्नुपर्ने अवस्था थियो । यस क्रममा निकैले गायक-सङ्गीतकार बन्न रेडियो नेपालको चक्करमा धेरै जुत्ता फटाए । तर मुस्किलले एकाधले मात्र सफलता पाए ।

वि. सं. २०३९ मा म्युजिक नेपालको स्थापनापश्चात् यो प्रथाको अन्त्य पनि भयो । रेडियोबाट गायक-सङ्गीतकार बन्न नसकेका धेरै प्रतिभा म्युजिक नेपालबाट स्थापित पनि बने । रेडियो नेपालको एकाधिकार सकियो ।

२. एल्बम कल्चरको विकास र विस्तार

म्युजिक नेपालको स्थापनाअघि नेपाली बजारमा रत्न रेकर्डिङका केही एल्बमहरू पाइन्थे । पसलहरूमा हिन्दी गीतकै एल्बमहरूको बोलबाला थियो। नेपाली गीतका एल्बम पर्याप्त रूपमा पाइँदैन थियो । म्युजिक नेपालले नेपाली गीतको एल्बम बनाएर बजार व्यवस्थापन गर्न थालेपछि नेपाली सङ्गीतप्रेमीहरूले पनि नेपाली गीतमा चासो लिन थाले । म्युजिक नेपालकै पहलमा नेपाली गीतका एल्बमहरू बजारमा पुग्न थाल्यो । क्रमशः नेपाली गीतका एल्बमले बजारमा स्थान बनाउँदै गयो ।

यसबाट नेपालीमा एल्बम संस्कृतिको विकास हुन थाल्यो । घरघरमा क्यासेट प्लेयर र नजिकै टेबलमा आफूलाई मन पर्ने गायक-गायिकाको एल्बम सजिन थाल्यो । एकप्रकारले नेपालमा पनि एल्बम संस्कृतिको सुरुवात भयो । यसमा म्युजिक नेपालको पनि अहम् भूमिका रह्यो ।

३. स्वदेशमै क्यासेट चक्का उत्पादन तथा डबिङ

प्रारम्भिक दिनहरूमा म्युजिक नेपालले आफूले उत्पादन गर्ने एल्बमहरूका लागि आवश्यक पर्ने खाली क्यासेट विदेशबाट ल्याउँथ्यो । क्यासेट राख्ने बट्टा र रिल पनि नेपालमा थिएन । स्वदेशमै पर्याप्त

सङ्ख्यामा एल्बम बिक्न थालेपछि म्युजिक नेपालले स्वदेशमै क्यासेट उत्पादन तथा डविङ गर्ने सोच बनायो । अनि मेसिन पनि झिकायो । अनि स्वदेशमै क्यासेट उत्पादन हुन थाल्यो ।

४. सङ्गीतमा रोजगारीको सिर्जना

स्थापनाको छोटो अवधिमा नै म्युजिक नेपाल सङ्गीत उद्योगको रूपमा विकसित हुँदै गयो । आफ्नै रेकर्डिङ स्टुडियो, क्यासेट बजार व्यवस्थापन युनिट, क्यासेट उत्पादन युनिट, डविङ युनिट र प्रशासन युनिट सबैतिर गरेर सयौंको सङ्ख्यामा म्युजिक नेपालमा रोजगारीको सिर्जना भयो । कर्मचारीले तलब, भत्ता र सर्जकले आफ्नो गीत बिकेपश्चात् पैसा पाउन थाले । यसरी निकै राम्रो ढङ्गबाट रोजगारी सिर्जना भयो । रेडियो नेपालबाहिर पनि वाद्यवादकहरूले पैसा पाउन थाले । तत्कालीन समयमा यो निकै उपलब्धिमूलक काम मानियो । अहिले पनि यो क्रम जारी छ । तर सङ्गीत डिजिटल युगमा प्रवेश गरेपछि बदलिएका कतिपय प्रविधिले गर्दा कतिपय काम बन्द भए । जसको असर रोजगारीमा पनि पऱ्यो । पुराना प्रविधि हराएर नयाँ आयो । पुरानाले रोजगारी गुमाए पनि नयाँले पाउने क्रम पनि जारी नै रहयो ।

५. सङ्गीत लाइब्रेरीको निर्माण

म्युजिक नेपालले प्रारम्भदेखि नै एल्बम तथा सङ्गीतको सङ्ग्रहमा जोड दिँदै आयो । आफ्नो उत्पादन त छँदैछ अरूको उत्पादन पनि सङ्ग्रह गर्न थाल्यो । आज आएर त्यही सङ्ग्रह नै एउटा राम्रो सङ्गीत सङ्ग्रालय (आर्काइभिङ) मा परिणत भएको छ । सङ्गीतको अध्ययन अनुसन्धान गर्नेलाई यो बहुत उपयोगी पनि हुन्छ । आज म्युजिक नेपालसँग सङ्गीतको भण्डार नै छ । यो खजाना बटुल्न जो कसैले सक्दैन । सरकारी स्तरमा हुनुपर्ने यस्तो काम निजी क्षेत्रको व्यावसायिक संस्थाले गर्नु आफैंमा ऐतिहासिक र तारिफयोग्य छ ।

६. सङ्गीतको डिजिटल प्लेटफर्म निर्माण

क्यासेट सिडीको बजार क्रमशः ओरालो लाग्दै थियो । सङ्गीत विस्तारै डिजिटलाइजेनतर्फ अघि बढ्दै थियो । यतातर्फ कुनै पनि कम्पनीको ध्यान गइरहेको थिएन । म्युजिक नेपाललले नै पहिलो कदम यसमा चाल्यो । आफूलगायत सबै व्यवसायीलाई समेट्दै डिजिटलका सबै रूपमा नेपाली सङ्गीतलाई छिराउन म्युजिक नेपाल सफल भयो । जो आजपर्यन्त चलिरहेछ । आरबिटीबाट प्रारम्भ भएको सङ्गीतको डिजिटल बजार अहिले निकै ठूलो आयाममा परिवर्तन भएको छ । यसका धेरै रूपहरू देखापरेका छन् ।

७. साहित्यलाई सङ्गीतमा संयोजन

सङ्गीतलाई व्यवसायसंग जोडेर छोटा आयामका काव्यलाई मात्र समेट्दै आएको म्युजिक नेपालले आफ्नो क्षेत्र विस्तार गरेर नेपाली साहित्यलाई पनि समेट्दै लग्यो । सङ्गीतकै क्षेत्रमा पनि कसैले नआँटेको र गर्न असम्भव प्रायः युगान्तकारी कार्य यससंस्थाले गरेको छ । नेपाली सङ्गीतमा म्युजिक नेपालको नाम यति गरिमामय छ जति गरिमामय नाम नेपाली साहित्यलाई जनजनमा पुऱ्याउन अहम् भूमिका खेल्ने साझा प्रकाशन, नेपाल प्रज्ञा-प्रतिष्ठान र निजी प्रकाशक रत्न पुस्तक भण्डारहरूको छ ।

यी साहित्यिक प्रकाशनहरूले नाफा-नोक्सानको हिसाब नगरी नेपाली साहित्यका कृतिहरू आमपाठकसम्म पुऱ्याए । त्यसरी नै म्युजिक नेपाललले पनि केही साहित्यिक कृतिहरूलाई आफैँ रेकर्ड गराएर होस् या साभार गरेर होस् नाफा-नोक्सानको हिसाब नगरी जनजनमा पुऱ्याउने सत्कर्म गऱ्यो ।

कुनै पनि संस्थाको गरिमा त्यस वेला आकलन हुन्छ, जब यसले आफूले गर्दै आएका कार्यहरूबाट हटेर नयाँ र जनस्तरीय कार्य गर्छ । आफू रित्तिए पनि सिर्जनालाई भरिभराउ पार्छ । यस मूल्याङ्कनका आधारमा म्युजिक नेपालले ऐतिहासिक र कालान्तरसम्म जीवित रहने केही कार्य गरेको छ । म्युजिक

नेपालले साहित्यलाई सङ्गीतमा जोड्ने क्रममा केहि युगान्तकारी काम गर्न पुगेको छ । जसलाई यहाँ बुँदागत रूपमा चर्चा गरिन्छ ।

७.१ मुना–मदन

महाकवि लक्ष्मीप्रसाद देवकोटाको अमर कृति हो "मुना-मदन" । महाकविले मृत्युको अन्तिम घडीमा भनेका थिए- "म मरेपछि मेरा सबै कृति जलाइदिए पनि मुना-मदनलाई नजलाउनू ।" यस अर्थमा स्वयम् महाकविको सबैभन्दा प्रिय सिर्जना हो खण्डकाव्य- "मुना-मदन" ।

यो खण्डकाव्य अनेकौं पटक अनेकौंको निर्देशन र अभिनयमा मञ्चित भयो । अनेकौंका गलाद्वारा गाइयो । हरेक मञ्चनमा यसले प्रशंसा पायो । अन्ततः नेपाली साहित्यकै उच्चस्तरीय यस कृतिको श्रव्य सामग्रीको प्रकाशनको अभिभारा म्युजिक नेपालले लियो ।

हुन त यो यस संस्थाले आफै ध्वन्याङ्कन गरेको कृति थिएन । फरक प्रकृतिको काम गर्दै आएको संस्थाले नाटकजस्तो विधामा हात हालेर मञ्चन नै गर्नु उचित पनि ठहर्दैनथ्यो होला । तर महाकविको महान् कृतिलाई श्रव्यमाध्यममा काम गर्दै आएको म्युजिक नेपालले प्रकाशन गऱ्यो यो आफैमा ऐतिहासिक कार्य हो ।

अम्बर गुरुङको सङ्गीत तथा स्वरमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको "मुना-मदन" प्रकाशन गरेपछि यसमा म्युजिक नेपाल अझ उत्साहित भयो । भानुभक्तीय रामायणपछि सबैभन्दा बढी पढिएको "मुना-मदन" लाई म्युजिक नेपालले प्रकाशन गर्नु यस संस्थाको साहित्यप्रतिको तिर्सना मेट्ने सुकार्य हो । यसले पुस्तकका पृष्ठहरूमा रहेका श्लोकहरूलाई सङ्गीत र स्वरका माध्यमले नेपाली श्रोतासमक्ष पुऱ्याउने गहन अभिभारा लियो ।

७.२. कुञ्जिनी:

महाकविको अर्को खण्डकाव्य "कुञ्जिनी" को श्रव्यसामग्रीलाई पनि यस संस्थाले प्रकाशित गरेको छ । मुना-मदनजति लोकप्रिय नभए पनि एउटा महान्

सर्जकको कृतिलाई आमश्रोतासमक्ष पुऱ्याउने अभिप्रायले म्युजिक नेपालले कुञ्जिनीको श्रव्यसामग्री प्रकाशनमा गरेको हो । यो एउटा स्तुत्य कार्य हो ।

७.३. गौरी:

मुना-मदनकै हाराहारीमा लोकप्रिय भएको कृति हो, राष्ट्रकवि माधव घिमिरेको चर्चित शोककाव्य "गौरी" । आफ्नी अर्धाङ्गिनी गौरीको असामयिक निधनबाट शोकसन्तप्त एउटा कविको बह-बिसौनी हो- शोककाव्य गौरी । यति अमर भएर जनजिब्रोमा बसेको गौरी यसअघि पुस्तकका पृष्ठहरूमा मात्र भेटिन्थ्यो । यति महत्त्वपूर्ण र जनजिब्रोमा बसेको कृतिलाई अझ धेरै गाउँ, बस्ती र सरहका श्रोताहरूसमक्ष पुऱ्याउने पुनित भावनाले यसलाई पुस्तकका पानाहरूबाट निकालेर श्रव्य प्रविधिमा ढाल्ने. निधो गऱ्यो ।

अनि मुना-मदन, कुञ्जिनी र रामायाणको प्रकाशनपछि म्युजिक नेपालले गौरीलाई पनि आफ्नै लगानीमा रेकर्ड गराएर प्रकाशन गऱ्यो । यो आफैंमा म्युजिक नेपालले गरेको एउटा विशिष्ट योगदान हो ।

७.४. रामायण:

एक समय नेपालमा मात्र होइन, संसारका कुनाकुनामा जहाँजहाँ नेपाली रहेका हुन्थे, त्यहाँसम्म भानुभक्तिय रामायण पुगेको हुन्थ्यो । आजको विकसित र आधुनिक समयमा यसको पहुँच केही कम भएको होला तर एक समय रामायण नभएको नेपाली घरै हुँदैनथ्यो भन्ने गरिन्थ्यो । बिहान-बेलुका या फुर्सदिलो क्षणमा यसका पाना पल्टाएर सुरिलो भाकामा यो रामायण वाचन गरिन्थ्यो । यही रामायणलाई म्युजिक नेपालले "करको" (कमल दीक्षित, रमेश खकुरेल र कोषराज न्यौपाने) समूहको सहकार्यमा देशका प्रतिष्ठित साहित्यकार र सङ्गीतकर्मीलाई म्युजिक नेपालको स्टुडियोमा ल्याएर भाका हाल्न लगायो र अनि आठै काण्ड रामायण एघारवटा क्यासेटमा स्वराङ्कित भई आमश्रोतासमक्ष पुग्यो ।

यो आदिकविप्रति अर्पित एक विशिष्ट श्रद्धासुमन थियो ।

यी बाहेक म्युजिक नेपालले फुटकर कविता, हास्यव्यंग्य विधाका एल्बम पनि गरेर नेपाली साहित्यको निकै राम्रो सेवा गरेको छ । यसको सुचि बनाउने हो भने निकै लामो बन्छ ।

८. नारायणगोपालसँग सहकार्यः

सङ्गीत क्षेत्रकै कुरामा यस संस्थाले अर्को ऐतिहासिक काम पनि गरेको छ । त्यो हो नारायण गोपालको "गीतियात्रा" को उत्पादन र बजारीकरण । विविध कारणले सङ्गीतबाट नै विरक्तिएर बसेका नारायणगोपाललाई पुनः सङ्गीतमा संक्रिय बनाउने काममा पनि म्युजिक नेपालले राम्रै भूमिका खेलेको छ । निकै कठिनातापूर्वक उनलाई मनाएर सङ्गीतमा पुनरागमन गराएको अनुभव सन्तोष शर्मासँग छ ।

एउटा अनुमान गरौँ- म्युजिक नेपाल नभएको भए र यसले पहल नगरेको भए स्वरसम्राट नारायण गोपालको अन्तिम र सर्वाधिक लोकप्रिय गीति एल्बम "गीतियात्रा" (भाग- १) श्रोतासमक्ष पुग्न सक्थ्यो ? सायद सम्भव थिएन । हुनत यो एल्बम व्यावसायिक प्रयोजनका लागि नै रेकर्ड गरियो र बजारमा ल्याइयो ।

अप्ठ्यारो मान्छे भनेर कहलिएका नारायणगोपालको स्वभाव र महत्वलाई हृदयंगम गरी आठ-आठवटा गीत गाउन प्रेरित गर्नु आफैँमा सहज काम थिएन । तर म्युजिक नेपालले जति नै कठिन कार्य भए पनि प्रतिभालाई आकाश दिनुपर्छ भन्ने ध्येयले यो काम सम्पन्न गरी छाड्यो ।

यसको अर्को भाग निकाल्ने उद्देश्यले नै यसलाई "भाग- १" नामाकरण गरिएको थियो । "गीतियात्रा भाग- १" पछि नारायण गोपालको स्वास्थ्य अवस्था अनुकूल भएको भए यसको अर्को भाग पनि म्युजिक नेपालले रेकर्ड गर्ने थियो । जे होस्, यो एल्बमको प्रकाशन गरेर म्युजिक नेपालले अर्को ऐतिहासिक कार्य गरेको छ ।

सुरुमा मुनामदनबाट प्रारम्भ भएको यो साहित्यिक साङ्गीतिक यात्रा म्युजिक नेपालको आज पनि जारी छ । साहित्यबाट व्यापार नभए पनि म्युजिक नेपालले यो काम छोडेको छैन ।

सन्तोष शर्मा र म्युजिक नेपाल

रमण घिमिरे

कुनै पनि मानिस यस धरामा खास उद्देश्य बोकेर ओर्लेको हुन्छ । ऊ कुनै न कुनै लक्ष्याबितक लागि जन्मेको हुन्छ । अपवादलाई छाडेर भन्ने हो भने उचित समयमा उसले आफ्नो आगमनको तात्पर्य बुझ्यो भने उसले यही धर्तीमा योगदानका अपूर्व कीर्तिमानहरू अर्पित गर्नसक्छ । सन्तोष शर्मालाई म्युजिक नेपालसँग गाँसेर लेख्न बस्दा मलाई यस कुराको गहिरो अनुभूति भएको छ ।

सन्तोष शर्माका पुर्खा- हजुरबादेखि बासम्मले व्यापार त गरे तर सङ्गीत पनि व्यापार हुन्छ भन्ने सोचको त्यस वेला परिकल्पनै भएको थिएन र उनीहरूले अरू नै व्यवसाय गरे । सन्तोष शर्माले पनि जतिखेर सङ्गीतमा हात हाले, त्यो वेला यसले कुनै उचाइ पाउँछ भन्ने सायदै कल्पना गरेका थिए हिन्दी फिल्मी गीतका क्यासेटले बजार पिटेको थियो । र, नेपाली सङ्गीतको पनि व्यापार हुन्छ र ? भन्ने मानसिकता सबैमा थियो । तर उनी यस धर्ती अवतरण हुनुको मूल ध्येय नेपाली सङ्गीतलाई मलजल गर्नका लागि थियो, नेपाली सङ्गीतलाई व्यावसायिक मोडमा हिँडाउनकै लागि भएको थियो र नेपाली सङ्गीतलाई संरुक्षण र सम्वर्द्धन गर्नकै लागि भएको थियो । यी कुरालाई उनका त्यसपछिका गतिविधिले छर्लङ्ग पारे ।

बाबु-बाजेले गर्दै नगरेको व्यवसाय या भनौं कार्यक्षेत्रमा लाग्नु र नितान्त नौलो व्यवसायलाई अघि बढाउने सोच निर्माण गर्नुको पृष्ठभूमिमा उनलाई भावीले छैटीमा व्यवसाय गरे पनि, योगदान पुऱ्याए पनि या इलम-उद्यम जे गरे पनि सङ्गीतकै लागि गर्नु भनेर लेखिदिएका रहेछन् भन्दा अत्युक्ति हुँदैन ।

डिल्लीबजार, धोबीधाराको एउटा सानो कोठा केही सहकर्मीहरूलाई बटुलेर उनले क्यासेट डबिङको कार्य सुरु गरे । अलिपछि जब त्यहाँबाट म्युजिक नेपाल कालिकास्थानमा सऱ्यो, त्यसपछि रत्न रेकर्डिङले नभ्याएर, त्यहाँबाट उत्पादिन गीतहरूलाई डबिङ गर्ने काम दियो । हो, यहींबाट सुरु हुन्छ सन्तोष शर्मालाई भावीले अह्राएको कार्यको थालनी ।

नेपाली गीत-सङ्गीत नसुनेका र अङ्ग्रेजी सङ्गीतमा रस बसेका उनले जब रत्न रेकर्डिङका गीतहरू क्यासेटमा डबिङ गर्न थाले अनि उनको मन-मस्तिष्कमा नेपाली सङ्गीतको माधुर्य झङ्कृत हुनथाल्यो । त्यसपछि चार ट्र्याकको एउटा सानो रेकर्डिङ स्टुडियो बनाए । वास्तवमा त्यतिवेला उनीसँग लगानीका लागि यथेष्ट पुँजी पनि थिएन । तर जसोतसो केही रकम जुटाए र एउटा स्टुडियो खोले । बिस्तारै सहरमा हल्ला चल्यो- "रेडियो नेपालमा जस्तो निजी स्तरमा पनि स्टुडियो खुलेको छ रे ।" त्यस वेलाको काठमाडौं, सीमित जनघनत्व, आजजस्तो भीडभाड र चहलपहल थिएन । कुनै नयाँ कुरा भयो भने कानकानै मानिसको जानकारीमा पुग्थ्यो । म्युजिक नेपाल र सन्तोष शर्मा पनि मानिसका मुखबाट मानिसका कानमा ठोक्किँदै चर्चामा आए । यहींबाट नेपाली सङ्गीतमा निजीस्तरको प्रतिष्ठानको अभ्युदय हुनपुग्छ ।

उनी त्यहाँ प्रतिदिन १८ घन्टा खटिन्थे । निरन्तर काममा घोटिन्थे । उनी सुत्दा सङ्गीत उद्योगको कल्पना गरेर सुत्थे, सपना पनि सङ्गीत उद्योगकै

देख्थे । ब्यूँझिदा त उनीसँग यसको विकल्प नै हुँदैनथ्यो- दुई गाँस दालभात टिपेर हिँडेर त्रिपुरेश्वरदेखि कालिकास्थानसम्मको यात्रा गर्थे । यसरी उनी आफ्ना सपना र कल्पनालाई मूर्त रूप दिन समर्थ हुन्छन् ।

पानीको थोपा पनि एकै ठाउँमा निरन्तर खसिरहयो भने त्यसले ढुङ्गामा पनि खाल्डो पार्छ । सन्तोष शर्मा यही थोपाजस्ता हुन्- उनले निरन्तर सङ्गीत सम्वर्द्धन र विस्तारका लागि आफ्नो तन, मन र सीपलाई अविच्छिन्न खन्याइरहे । थोपाहरू भरिँदै गए र बिस्तारै नदी बन्यो र नदी फैलिएर समुद्र । आज सन्तोष शर्माले म्युजिक नेपालमार्फत आर्जेको सम्पदा हो नेपाली सङ्गीतको बजार र उनले भण्डारण गरेको सम्पत्ति हो नेपाली सङ्गीत ।

रत्न रेकर्डिङका गीतहरूको डबिङ, चार ट्र्याकको सानो स्टुडियोको स्थापना यही थियो त्यस वेलाको उनको साकार सपना । त्यही स्टुडियोमा रेकर्ड भए, स्वरसम्राट् नारायणगोपालको प्रसिद्ध "गीतियात्रा" एल्बमका गीतहरू । त्यसपछि उनका कल्पनाहरू हावाले उडाएको फूलको सुगन्धजस्तै परपरसम्म छरिन थाले । सम्भावनाका नयाँनयाँ भ्यालढोकाहरू खुल्दै गए । २०३९ सालमा स्थापित म्युजिक नेपाल २०४८ सालमा अनामनगरमा एउटा अत्याधुनिक स्टुडियोसम्पन्न भवनमा स्थानान्तर भयो । र, त्यहाँ आएपछि सन्तोष शर्मा र म्युजिक नेपालले आफ्नो यात्रामा पछाडि फर्केर हेर्ने अवसर नै पाएनन् ।

सन्तोष शर्मा सुदूर भविष्यलाई चिहाउन सक्ने व्यक्ति पनि हुन् । विश्व सङ्गीतमा तत्काल कुन प्रविधि आएको छ, त्यसको गहिरो अध्ययन गर्न सक्छन् उनी । त्यसैअनुरूप म्युजिक नेपालमा नयाँ प्रविधि भित्र्याउन तल्लीन हुन्छन् । जब नेपाली सङ्गीतको बजार विस्तार हुँदै थियो- म्युजिक नेपालमा पनि नयाँनयाँ प्रविधिले प्रवेश पाउँदै गए । ठूल्ठूलो सङ्ख्यामा गीति एल्बमहरू विदेशमा लगेर डबिङ गर्दा समयको पावन्दी त छँदै थियो, त्यसमाथि लगानी

पनि त्यही अनुरूप बढी लाग्ने नै भयो । यदि क्यासेट उत्पादनको कार्य यहीँ गर्न सके नेपाली मुद्रा विदेशमा पनि नजाने र काम पनि शीघ्र र सहज हुने सोचेर उनले "स्वस्तिक" नामक कम्पनी किने र त्यसलाई विकसित गरी धमाधम क्यासेट उत्पादन गर्न थाले । यसले म्युजिक नेपाललाई त फाइदा भयो नै यहाँका निजी क्यासेट कम्पनीहरूले पनि ठूलो राहत पाए ।

त्यसपछि लुप डबिडको मेसिन पनि खरिद गरे । अब एकै पटकमा अधिक सङ्ख्यामा क्यासेट डबिङ हुने र डबिङ भएका टेपहरू स्वचालित रूपमा क्यासेटमा परिणत हुनथोले । यसले नेपालमा क्यासेट प्रविधिमा ठूलो परिवर्तन भएको अनभुव गरियो यस क्षेत्रमा । यो सन्तोष शर्माको दूरगामी दृष्टिकोणको परिणाम थियो ।

उनले नयाँनयाँ प्रविधि भित्र्याउँदा म्युजिक नेपालका लागि भनेर त भित्र्याए तर खालि म्युजिक नेपाललाई मात्र प्रविधिसम्पन्न बनाउँछु भनेर होइन, सारा नेपाली सङ्गीतकै उत्पादनलाई सहजीकरण गर्छु भनेर भित्र्याएका हुन् । आफू मात्र समृद्धिको फल चाख्ने स्वभावका उनी हुँदै होइनन् । उनी त समग्र नेपली सङ्गीतकै विकासका लागि प्रतिवद्ध थिए र छन् ।

क्यासेट विस्थापित भएर सिडीको चलन आयो, सिडीलाई पनि विस्थापित गरेर पेनड्राइभले बजार पिटयो, अब त पेनड्राइभबाट पनि अनलाइन, युटयुब आइसक्यो । तर सन्तोष शर्माको सोचाइमा कुनै आतुरी छैन । उनी जुनसुकै प्रविधि आएपछि त्यसैमा समाहित भएर प्रस्तुत हुन्छन् ।

उनको ठूलो सपना थियो- सङ्गीतको औपचारिक शिक्षा प्रदान गर्ने विद्यालयको । उनलाई जबसम्म सङ्गीतमा औपचारिक शिक्षा आरम्भ हुँदैन, तबसम्म खारिएका गला र कला जन्मिँदैनन् भन्ने आवधारणाले काउकुती लगायो र नेपाल म्युजिक सेन्टर खडा गरी त्यहाँ नेपाल सङ्गीत विद्यालय

सञ्चालन गरे । आफैँ लागि परेर पाठ्यपुस्तक तयार गरे । शिक्षा मन्त्रालयसँग समन्वय गरी त्यो पाठ्यपुस्तक लागु गरे र अरू साधारण विद्यालयहरूमा पनि सङ्गीत विषयलाई इच्छाधीन विषयका रूपमा लागु गराउन पहल गरे र समर्थ भए पनि । यसरी उनले कसैले नचिताएको काम फत्ते गरेरै देखाए ।

यसरी सङ्गीतलाई उद्योग रूपमा परिणत गर्नु, सङ्गीत उत्पादनलाई हरेक प्रविधिहरूले सम्पन्न बनाउनु र सङ्गीतलाई औपचारिक शिक्षामा परिणत गरी सरकारी स्तरमा मान्यता प्राप्त गराउनु सानोतिनो सोच र प्रयासले सम्भव हुने कुरा होइन । यो कुरा सन्तोष शर्माले गरेरै देखाए । त्यसैले सन्तोष शर्माको चर्चा म्युजिक नेपालसँग जोडेर मात्र गर्दा अपुरो हुन्छ । उनलाई त समग्र नेपाली सङ्गीत-विकासको एक जनकका रूपमा उल्लेख गर्नु सान्दर्भिक र न्यायोचित हुन्छ होला ।

समस्यासँग कहिल्यै नआत्तिने र समृद्धिमा कहिल्यै नमात्तिने एक संयमित र सन्तुलित व्यक्तिको छवी निर्माण गरेका सन्तोष शर्मा यिनै विशेषताका कारण आफ्ना परिकल्पनाहरूलाई मूर्त रूप दिन सफल भएका हुन् । अहिले म्युजिक नेपाल नेपाली सङ्गीतको जुन शिखरमा उभिएको छ, यसलाई त्यहाँसम्म पुऱ्याउने सम्पूर्ण जस सन्तोष शर्मालाई जान्छ ।

❊ ❊ ❊

नेपालमा सङ्गीतको डिजिटल फइको र म्युजिक नेपाल

राजाराम फुयाल

गायक हरिप्रसाद रिमालले वि.सं. २००७ मा शंकर लामिछानेको शब्दमा "मेरो दिल टुक्रा बनेर एक दिन आँखाको बाटो बहनेछु" गीत रेकर्ड गराएर रेडियो नेपालको प्रथम गायक बन्दा सङ्गीतमा डिजिटल युग आउला भन्ने कल्पना कसैले गरेका थिएनन् । सङ्गीतको जगजगी देखेर अस्ताएका स्यंम रिमालले पनि यो युगको कल्पना कहिल्यै गरेनन् ।

सङ्गीत पारखीहरूले ३० को दशकलाई स्वर्णिम युगको रूपमा लिएको पाइन्छ । त्यस बेला नारायणगोपाल, उदितनारायण, भक्तराज आचार्य, दीप श्रेष्ठ, प्रकाश श्रेष्ठ, दीपक खरेल, तारादेवी, अरुणा लामा, अम्बर गुरुङ, गोपाल योञ्जन, तारा थापा, शम्भुजित बाँस्कोटालगायत अन्य गायक गायिकाको उत्कृष्ठ सिर्जनाले नेपाली सङ्गीत भरिएको थियो । नेपाली सङ्गीत सिर्जनाको स्तर बढेको तथा अजर अमर गीत-सङ्गीत क्षेत्रले प्राप्त गरेको देखिन्छ तर त्यतिखेर पनि डिजिटलको परिकल्पना कसैको दिमागमा थिएन ।

नेपालभन्दा बाहिरको संसारमा डिजिटल सङ्गीतले क्रमशः स्थान बनाउँदै गइरहेको थियो । जब नेपालमा यसको आगमन भयो, सङ्गीत व्यवसायीहरुको

सातो गयो । परिवर्तित प्रविधिमा कसरी पस्ने ? के गर्ने ? यसमा कसरी व्यापार गर्न सकिन्छ भनेर सोच्नपट्टि नलागेर हाम्रा सङ्गीत व्यवसायीहरू यसलाई कसरी रोक्ने भन्नेतर्फ लागे । यो तरिका ठिक थिएन । रोक्न सकिने अवस्था पनि थिएन ।

कसैले नचाहँदा नचाहँदै नेपालमा डिजिटल सङ्गीत पस्यो । यो पस्नुमा युवा पुस्ताको ठूलो हात छ । जो गीत रेकर्ड गर्थे गुगलमा वेभसाइट खोलेर गीत अपलोड गरिदिन्थे । इन्टरनेट पहुच हुनेहरुले सजिलै निःशुल्क सुन्थे । उनीहरुलाई पनि यसबाट गीत बेच्न सकिन्छ भन्ने पत्तो थिएन । सबै काम देखासिकीमै चलिरहेको थियो ।

नेपाली सङ्गीत क्षेत्रको यो गतिविधि एउटा कुनामा बसेर म्युजिक नेपालले हेरिरहेको थियो । सङ्गीत व्यवसायीको छटपटी पनि देखिरहेको थियो । नेपाल बाहिरको सङ्गीत संसार पनि निहाली रहेको थियो । गहन अध्ययनपश्चात् डिजिटल प्रविधिमा पनि सङ्गीतको राम्रो व्यापार गर्न सकिन्छ भन्ने निष्कर्षमा म्युजिक नेपाल पुग्यो । अनि नयाँ नयाँ सोच र उद्देश्य बनाउन तल्लिन बन्न थाल्यो ।

लामो अध्ययन मनन्पश्चात म्युजिक नेपाल सङ्गीतको भौतिक व्यवसाय पनि कायम राख्दै डिजिटल युगमा पनि प्रवेश गर्ने निर्णयमा पुग्यो र सोहि अनुसारको तयारी र काममा लाग्यो । आफ्ना स्वामित्वका गीतहरु आफ्नै वेभसाईडमा राख्न थाल्यो । सुन्न पनि मिल्ने किन्न पनि मिल्ने बनायो । यसैबाट नेपाली सङ्गीत विधिवत् रूपमा डिजिटल कारोवारमा पस्यो । व्यापार नगन्य भए पनि हतोत्साहित भएन । भविष्यमा राम्रो हुने प्रतिक्षामा बस्यो ।

आजकल मानिसहरु सिधै इन्टरनेटमार्फत गीत सङ्गीत सुन्न चाहन्छन् । युट्युब लगायतका भिडियो स्ट्रिमिंग साइटहरुले इन्टरनेटमा गीत सुन्ने तथा भिडियो हेर्नेका लागि निकै सहज बनाइदिएका छन् । तर, केही वर्षअघि सम्म

यस्तो सजिलो थिएन । क्यासेट, सिडी तथा अन्य माध्यममा रेकर्ड गरिएका गीतहरु सुन्नुपर्थ्यो, हेर्नुपर्थ्यो ।

सूचना प्रविधिको क्षेत्रमा तीव्र गतिमा विकास भैरहेको छ । मानिसहरु गीत सङ्गीतका लागि इन्टरनेटमा निर्भर बनिरहेका छन् । डिजिटल युग सुरु भएसँगै विश्वमा सङ्गीत सुन्न निकै सजिलो भयो । तपाई कुनै पनि वेबसाइटमा गएर सिधै आफुलाई मनपर्ने गीत सुन्न सक्नुहुन्छ । वेबसाइटमा गीतलाई कपी गर्न, अपलोड गर्न वा डाउनलोड नगरीकनै स्ट्रिम गर्न पनि सकिन्छ । सङ्गीतको यो माध्यम यस्तो छ कि प्रयोगकर्ताले त्यहाँ गीत सङ्ग्रहित गर्नका लागि कुनै उपकरणको प्रयोग गर्नुपर्दैन । सङ्गीत क्षेत्रको लागि डिजिटल युग टर्निंग प्वाइन्ट बनेको छ ।

नेपालमा अलि ढिलो प्रवेश गरेको यो युगको सुरुमा सङ्गीत व्यवसायीले त्यति रुचाएका थिएनन् । डिजिटल को नाम लिने वित्तिकै नाक खुम्चाउँथे । आफ्नो रोजीरोटी गुम्छ भन्ठान्थे । यसैको कारण सङ्गीतमा पाइरेसी बढेकोले कलाकार र व्यवसायीको पेटमा लात हान्ने काम भएको छ भनि यो प्रविधिप्रति छिछि दुरदुर गर्थे । सङ्गीत उद्योग संघले त सुरुमा सार्वजनिक रूपमा विरोध समेत जनायो । यो सबै बुझाइको समस्या थियो । इन्टरनेटमा गीत पाउन थालेपछि बजारमा क्यासेट सिडी बिक्न छोडेका थिए । यसरी बजार नचल्नुमा प्राय सबैले डिजिटल प्रविधिलाई दोषी ठाने ।

अहिले ठिक उल्टो छ । सङ्गीत उद्योग सम्पूर्ण रुपमा डिजिटलमय भएको छ । क्यासेट सिडि एकादेशको कथा भैसकेको छ । यो देख्दै नदेख्वेको पुस्ता पनि सङ्गीतमा आइसकेको छ । यहि प्रविधिले नेपाली सांगीतिक क्षेत्रमा लाखौं रूपैयाको व्यवसायिक बाटो खुलाइदिएको छ । जसलाई वि.सं. २०६६ को महत्वपूर्ण उपलब्धि मान्न सकिन्छ । हुन त २०६२ तिरै यो प्रविधि नेपाल भित्रिए पनि जनस्तरमा स्थापित र व्यापकताको दृष्टिले २०६६ साललाई डिजिटल व्यवसायको मुख्यद्वार मान्न सकिन्छ ।

नेपालमा डिजिटल माध्यमबाट गीत उपलब्ध गराउने काम केहि गायक गायिकाहरुले आफ्नै गीत वेभसाइट बनाएर निशुल्क छोडिदिएर सुरु भएको थियो । विशेषगरी नया पुस्ताका गायक गायिकाले म्युजिक कम्पनी धाउन झर्को मानेर यो काम गरेका थिए । यसलाई आधुनिक पुस्ताले सहर्ष स्वीकार पनि गऱ्यो । "न त एल्बम किन्नु पर्ने न त पैसा नै खर्च हुने" यसरी सजिलै गीत पाउन थालेपछि त्यो पुस्ता खुसी नै भयो । सौखिन गायक गायिकालाई यो ठिकै थियो तर व्यवसायिक कलाकार भने मारमा पनि पर्ने देखेर यो प्रविधिमा आएनन् । तसर्थ, सबै कलाकारले आफ्नो बेभसाइटमा गीत हालेनन् ।

नेपालमा मोवाईल सर्वसुलभ भएपछि सङ्गीतको कारोवारमा नेपाल टेलिकमको नजर पऱ्यो । नेपाल टेलिकमले मोबाइलको रिंगटोनमा गीत बजाउने प्रथा सुरु गरिदियो । केहि गीतको रिंगटोन आफैँ बनाएर टेलिकमले बजाउन शुरु गऱ्यो । यसको प्रभाव निकै राम्रो पऱ्यो । कलाकार यसप्रति हौसिए । आफ्नो गीतको प्रचार हुने ठाने ।

केहि कम्पनीहरु टेलिकमलाई निःशुल्क गीत दिन तयार भए । तर नेपाली गीत सङ्गीतको सबैभन्दा ठूलो संकलनकर्ता म्युजिक नेपाल टेलिकमलाई निशुल्क गीत दिन तयार भएन । उसले टेलिकमसंग व्यापारिक सम्झौता गर्न भन्यो । सबैभन्दा ठूलो र अधिक राम्रा राम्रा गीत भएको प्रतिष्ठानले गीत दिन तयार नभएपछि नेपाल टेलिकम पनि सोच्न बाध्य भयो । केहि महिनाको रक्सारक्सीपछि अन्ततः नेपाल टेलिकम रिंगटोन बजाएबापत पैसा दिन तयार भयो ।

नेपालमा व्यवसायिक रुपमा रिगटोन डाउनलोड प्रक्रिया नेपाल टेलिकम र म्युजिक नेपालको संयुक्त प्रयासमा २०६५ साल चैत्र ११ गतेबाट प्रारम्भ भएको हो । यही दिनबाट नेपाल डिजिटल सङ्गीतको व्यावसायिक पाटो सुरु भयो । यसको श्रेय म्युजिक नेपाललाई जान्छ ।

डुब्नै लागेको सङ्गीत उद्योगलाई यो प्रविधिले ठूलो भर दियो । नेपाल टेलिकमलगायत अरु मोवाइल सेवा प्रदायकहरूले आफ्ना ग्राहकलाई छानी छानी लोकप्रिय र आफुलाई मन परेका धुन र गीत हाल्ने सुविधा दिएपछि रिंगटोनको ग्राहक बन्नेको सङ्ख्या लाखौं पुग्यो । दैनिक १५ लाखसम्मको कारोवार हुने अवस्था आयो ।

रिंगटोनको कारोवार गर्न म्युजिक नेपाल एउटा भरपर्दो एग्रीग्रेटर बनेर देखा पऱ्यो । उसले आफुलगायत अरु म्युजिक कम्पनीका गीतहरू मोवाइल सेवा प्रदायक संस्थाहरूलाई उपलब्ध गराउन थाल्यो । म्युजिक नेपाललाई पछ्याउँदै अरु एग्रिग्रेटरहरु पनि जन्मिए । एग्रिग्रेटरहरूले अरु कम्पनी र सर्जकहरूले बनाएका गीत उपलब्ध गराउन थाले । मोवाइल प्रयोगकर्ताले धुन डाउनलोड गरेवापत तिरेको शुल्कको केहि अंश एग्रिग्रेटरलाई आउन थाल्यो । एग्रिग्रेटरले पनि आफुमा आएको रकमको निश्चित प्रतिशत आफुलाई कन्टेन्ट उपलब्ध गराउनेलाई दिन थाल्यो । केहि प्रतिशत रोयल्टीमा पनि जान थाल्यो । यसरी पैसा वितरण हुनथालेपछि नेपालमा सुरू भएको पहिलो डिजिटल प्रविधिले आफ्नो कमाल देखाउन थाल्यो ।

संचार माध्यमले मनोमानी र काल्पनिक ढंगबाट म्युजिकको टपटेन कार्यक्रमहरू चलिरहेकै बेला गीतको लोकप्रियताको वास्तविक अवस्था र त्यसमा आइरहेको उतारचढावको स्थितिलाई समेत सहजै थाहा पाउने माध्यम पनि रिंगटोन बन्यो । यसैको कारणले टेलिभिजन र रेडियोका टप टेन कार्यक्रम फिक्का र औचित्यहीन बन्न पुग्यो ।

यसबाट श्रोताहरूको रोजाइको अवस्था कुन प्रकारले अघि बढिरहेको छ भन्ने कुराको आधिकारिक जानकारी पाउन सकिने भएपछि रेडियो र टिभी कार्यक्रमको औचित्य समाप्त भयो । रिंगटोन र एल्बमको व्यावसायिक अवस्थाको बिचमा निकट सम्बन्ध रहने हुँदा रिंगटोनको नतिजाले बजारमा

कुन कुन एल्बम चलिरहेका रहेछन् भन्ने कुरो समेत थाहा पाउन सजिलो बनायो । एल्बमको बिक्री पनि यसले केही हदसम्म बढायो । बिज्ञापनको सरल माध्यम पनि बन्यो ।

रोयल्टी उठाउन तथा वितरण गर्न नेपालमा पनि सङ्कलन समाज गठन भयो । तर रोयल्टी कोसँग माग्ने कहाँबाट उठाउने ? कसरी उठाउने ? भन्ने अन्यौलपूर्ण अवस्था थियो । म्युजिक नेपालले नै यसलाई सहजीकरण गरिदियो । सिआरबिटी कारोवारको आम्दानीको केहि प्रतिशत रकम सङ्गीत रोयल्टीवापत सङ्कलन समाजलाई म्युजिक नेपालले दियो । सोही रकम नै नेपालमा उठेको पहिलो सङ्गीत रोयल्टी थियो । समाजले पनि त्यही रकम सर्जकहरुलाई वितरण गरेर आफ्नो क्रियाशीलता देखायो । सर्जकहरु पनि पहिलो पटक रोयल्टी थाप्न पाउँदा निकै हर्षित बने ।

रोयल्टी उठाउन छेको छन्दो नपाइरहेको बेला टुप्लुक्क डिजिटल प्रविधि नेपालमा पस्यो । यही प्रविधिमा बजेका गीतको नै रोयल्टी उठाएर आफ्नो कामको सुरुवात गर्न रोयल्टी सङ्कलन समाज सफल भयो । सङ्कलन समाजका लागि यो सञ्जीवनी बुटी बनेर आइदियो ।

रिंगटोनले केही वर्ष नेपाली सङ्गीतमा राम्रै भूमिका निभायो । राम्रै आय आर्जन पनि दिएकाले केहि कलाकार कम्पनीले राम्रै कमाएको समाचार पनि पत्रपत्रिकामा छायो । यसको पछाडि म्युजिक नेपालको सोच र व्यावसायिक सुझबुझले निकै राम्रो भूमिका खेलेको छ ।

सङ्गीतको डिजिटल कारोवार व्यवस्थित र अझ राम्रो चलाएमान बनाउन म्युजिक नेपालले नयाँ नयाँ तरिका र प्रविधि ल्याउने काम गरि नै रहयो । बजारमा क्यासेट सिडी बिक्न कम हुँदै गएको अवस्था थियो । श्रोताहरू गीत क्यासेट पसलमा गएर आफुलाई मनपरेका गीत सिधै पेनड्राइभमा कपी गर्थे । घर लगेर सुन्थे । यो अवस्था बुझेर म्युजिक नेपालले पेनड्राईभमै गीत बेच्ने

योजना ल्यायो । राम्रा राम्रा गीत छानेर अझ त्यसमा अरु कम्पनिका गीतहरु पनि राखेर पेनड्राइभ बनाएर बजारमा पठायो । तर यसको नतिजा खासै राम्रो आएन । आधिकारिक पेनड्राइभप्रति श्रोताको रुचि देखिएन । आफ्नै ढङ्गले पेनड्राइभमा गीत कपि गरि नै रहे । सम्भवत श्रोताले आफ्नो रुची अनुसारको गीत मात्रै खोजेकाले यो प्रविधि सफल हुनसकेन । सङ्गीत व्यवसायीभन्दा एक पाइला अघि रहे श्रोता । पेनड्राइभ पनि नचाहिने स्तरमा श्रोता पुगिसकेको व्यवसायीले पत्तै पाएनन् ।

पेनड्राइभपश्चात् म्युजिक नेपालकै पहलमा म्युजिक एटिएम सुरु गरियो । न्युरोडमा भव्य समारोहबीच उदघाटन गरिएको यो सिस्टम पनि त्यति सफल हुन सकेन । यो पनि श्रोताको रोजाइमा परेन ।

क्यासेट, सिडी फेजआउट भएपछि डिजिटल तथा मोबाइल फोन-प्रविधितर्फ सङ्गीत उद्योग लाग्यो । राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमा Full Length Songs बिक्री वितरण हुन थाल्यो । म्युजिक नेपालले पनि यी प्रविधिहरुलाई आत्मसात गर्दै आफू मातहतका गीतसङ्गीत अन्तर्राष्ट्रिय रुपमा पस्कियो । नेपालमा सबैभन्दा बढी अस्सी लाख Subscribers भएको Music Nepal channel र Music Nepal Entertainment Video, TV Shows र Nepali Films हरूबाट आयआर्जन गर्दै डिजिटल बजारमा म्यूजिक नेपाल राम्रैसँग जमेको छ । Audio/Video Streaming APP "MOMO" को विकास गरी उक्त APP मार्फत् नेपाली तथा भाषाभाषीका गीत-सङ्गीतहरू तथा भिडियोजन्य सामग्रीहरू र नेपाली चलचित्रहरूको बजारीकरण गर्दै आएको छ । पछिल्लो समय विभिन्न सामाजिक सञ्जालहरू जस्तै- फेसबुक, इन्स्ट्राग्राम, टिकटकबाट पनि आयआर्जन गर्न सकिने सम्भावनाहरू देखा पर्दै गएको छ । यसरी डिजिटल सङ्गीतले दिनप्रतिदिन फड्को मार्दै गइरहेको छ ।

❊ ❊ ❊

नेपालमा सङ्गीत शिक्षा र म्युजिक नेपाल

विषय प्रवेश: राजाराम फुयाल

सङ्गीत जीविकाको पथ, पेसा वा प्रसाधन पनि हो । नेपालमा मात्र नभएर संसारभरि नै अहिले सङ्गीतले जीवनयापनका निम्ति महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । नेपालमा सङ्गीत व्यवसायबाट बाँच्ने कलाकारहरू धेरै भइसकेका छन् । दक्ष र क्षमतावान् कलाकारका लागि विश्वको कुनै पनि भागमा पुग्न र कला प्रस्तुत गर्न अहिले कुनै सारोगाह्रो देखिँदैन । त्यसैले हिजोआज सङ्गीत मनोरञ्जन वा आमोद-प्रमोदको विषयवस्तु मात्र नभई जीवनको अपरिहार्य आधार भइसकेको छ ।

मानिसको यस्तो निकट भैसकेको सङ्गीत सिकाइको परम्परा प्राचीनकालमै सुरु भएको थियो । सङ्गीतको सिकाइ कसरी भयो भन्नेबारे धेरै कथा-मिथकहरू पाइन्छन् । प्राचीनकालमा सङ्गीतलाई मोक्ष प्राप्त गर्ने साधन मानिन्थ्यो । त्यसलाई मार्गी सङ्गीत अर्थात् गन्धर्व सङ्गीत भनिन्थ्यो ।

सबैभन्दा पहिला ब्रह्माजीले सरस्वतीलाई, सरस्वतीले नारदलाई र नारदले भरतलाई सङ्गीतको शिक्षा दिएका थिए । त्यसपछि भरतले अप्सरा, किन्नर र गन्धर्वहरूलाई सङ्गीत सिकाएको किंवदन्ती नाट्यशास्त्रमा वर्णन गरिएको पाइन्छ । तर पाश्चात्य विद्वान् फ्रायडको मतानुसार जसरी बालकले

रुनु, हाँस्नु र कराउनु आदि क्रिया आवश्यकताअनुसार स्वयं सिक्छ, त्यसरी नै सङ्गीतको प्रारम्भ मनोवैज्ञानिक आधारमा स्वयं हुन्छ ।

सङ्गीतको उत्पत्तिका स्रोतबारे पनि धेरै थरीका मतहरू पाइन्छन् । कुनै विद्वान्ले हावालाई सङ्गीतको उत्पत्तिको स्रोत मानेका छन् भने कसैले प्रकृतिबाट सङ्गीत उत्पन्न भएको स्वीकारेका छन् । सङ्गीतको स्रोत जेसुकै भए पनि प्रकृतिमा रहेका अनेकौं मीठा ध्वनिहरूलाई विवेकशील मानिसले पत्ता लगाई प्रयोगमा ल्याएका हुन् । साथै सङ्गीत सर्वप्राचीन कला पनि हो ।

भनिन्छ, सपना देखिरहनुपर्छ । सपनाले डोऱ्याएरै मानिसलाई आफ्नो अभीष्टको गन्तव्यमा पुऱ्याउँछ । यस मान्यतालाई उदाहरणका रूपमा प्रस्तुत गर्ने हो भने म्युजिक नेपालको नाम लिनैपर्छ । नेपालमा कसैले कहिल्यै कल्पना पनि नगरेको सङ्गीतको व्यवसायलाई स्रष्टा-कलाकारहरूको जीविकोपार्जनको मूलाधार म्युजिक नेपालले बनाइदियो ।

रेडियो नेपालको पोखरीको डिलमा बसेर पोखरीमा दुङ्गा हान्दै महिनौंदेखि रेकर्ड गराउन पालो पर्खेर समय व्यतीत गरिरहेका कलाकारुहरूलाई म्युजिक नेपालले प्रतिभाशालीलाई "डेट" परिर्खरहनु पर्दैन भनेर ढोका खोलिदिएर व्यस्त दैनन्दिनीमा ढालिदियो । यो म्युजिक नेपालले देखेको सपनाको सुरुवाती गन्तव्य थियो । सपना पनि जीवनयात्रा जस्तै हुँदोरहेछ । जसरी हिँड्दै गएपछि एक दिन आफूले चिताएको ठाउँमा पुगिन्छ र आफूले खोजेका मानिसहरूसित भेटघाट हुन्छ, त्यसरी नै सपनासँग हिँडिरह्यो भने नयाँनयाँ कामहरूको स्फुरण गराउँछ ।

म्युजिक नेपालले आफूलाई सङ्गीत-उद्योगका रूपमा स्थापित गरिसकेपछि देखेको अर्को सपना हो- सङ्गीतको औपचारिक विद्यालय शिक्षा । नेपालमा सङ्गीत विषय स्कुलमा पठनपाठन नै नगरी सिधै कलेजमा त्यो पनि स्नात्तक स्तरमा सुरु गरेको कता कता पटक्कै मिलेको थिएन । त्यही नमिलेको कामलाई मिलाउन म्युजिक नेपाल अघि सऱ्यो ।

नेपालमा सङ्गीत शिक्षाको पृष्ठभूमि

सङ्गीतको सिकाइ र तालिम रामायणकालदेखि नै प्रारम्भ भएको देखिन्छ । महाभारतकालमा पनि निकै मौलाएको छ । लिच्छवीकालमा यो जारी नै रहयो । अझ मल्लकालमा त सङ्गीतका ग्रन्थहरू नै बनाइए । शाह र राणाहरूले पनि यसलाई निरन्तरता दिँदै आएको देखियो । नेपाली सङ्गीतको प्रारम्भिक युगमा शास्त्रीय सङ्गीतको चहलपहल निकै थियो । चर्चा पनि त्यसकै थियो । दिव्योपदेशमा "रागले मन मोही लिन्या छ" भन्ने कुरा लेखिएबाट पनि अनुमान लगाउन सकिन्छ । त्यतिखेर पनि नेपालमा सङ्गीतको राम्रै स्थान रहेको थियो ।

नेपालमा सङ्गीतको अझ राम्रो गतिविधि राजा रणबहादुर शाहको पालादेखि देखिन थाल्यो । त्यस अघि पनि भारतबाट कालाकारहरू नेपाल नपसेका होइन । यिनकै प्रभावले नेपालमा धेरैले सङ्गीत सिक्न पनि थाले । राजा रणबहादुर आफैँ कुशल सितारवादक थिए । उनले नै भारतका उस्ताजलाई नेपाल झिकाएर यट्खाका रुपनारायण र पदमनारायणलाई गायन र वादनको तालिम दिन लगाएका थिए ।

रणबहादुर शाहले उनीहरूलाई शास्त्रिय सङ्गीतको तालिम दिई दरवारिया गायकमा नियुक्त पनि गरेका थिए । उनीहरूले नै दरवारमा नियमित गायनको साथमा वसन्त पञ्चमीको दिन हनुमानढोका दरवारमा गाउनु पर्थ्यो । यसको लागि उनीहरूलाई दरवारले नै भरणपोषण गर्थ्यो । सङ्गीतको व्यावसायिक युग पनि यहिबाट सुरु भएको थियो ।

उनीहरूले दैनिक दरबारमा बिहान भजन र साँझ अरु गीत गाउँथे । यसरी दरबारले नै सङ्गीत सिकाएर नेपालमा सङ्गीत शिक्षाको प्रारम्भ गरिएको कुरा इतिहासमा पढ्न पाइन्छ । राजा सुरेन्द्र शाहले पनि रणबहादुर शाहकै सिको गर्दै भारतबाटै लक्ष्मण दासलाई झिकाएर दरवारका लागि

धेरैलाई सङ्गीत सिकाएको कुरा इतिहासमा उल्लेख छ । उनका अनेकौं शिष्य मध्य ठूली हसिनाको लोकप्रियता दरबारमा त्यतिखेर निकै थियो ।

राणा शासकहरूमा जंगबहादुर राणाले पनि सङ्गीत सिकाई र तालिममा योगदान दिएको देखिन्छ । शास्त्रीय सङ्गीत भनेको दक्षिण एसियाकै साझा सांस्कृतिक सम्पदा हो । जुन हाम्रो देशमा विकास हुन सकेन तर त्यसको विकास अहिलेको भारतमा भयो । त्यसैले यो भारतीय सङ्गीत भन्ने भ्रम पर्‍यो, जवकि त्यो होइन । यो हाम्रो सङ्गीत हो । हामी कहाँ विकास नभएका कारणले दावी गर्न सकेनौं । सायद जंगबहादुर राणाले यो कुरालाई बुझे ।

अंग्रेजहरूले भारतमाथि विजय प्राप्त गरेपछि नवावहरूको शासन सकियो । उनीहरू शासनसत्ता विमुख बनेपछि भारतमा सङ्गीतको माहौल भङ्कियो । नवाबहरू जसले सङ्गीतकर्मीहरूलाई संरक्षण दिएर राखेका थिए । तिनीहरू नोकरीविहीन भए । तिनीहरूलाई जंगबहादुरले त्यहाँबाट ल्याएर दरबारमा संरक्षण गर्ने काम गरे । नेपालमा शास्त्रीय सङ्गीतको माहोल त्यतिबेलाबाट तीव्र गतिमा बढ्यो । नेपालका दरवारमा तिनीहरूले गायन वादनको साथमा सङ्गीत सिकाउन पनि थाले ।

त्यतिबेला नै शास्त्रीय सङ्गीतका अलावा लोकसङ्गीतको संरक्षणमा जंगबहादुरले गतिलो कदम चाले । पश्चिम नेपालका भडेनी, पातर, वादीहरूलाई जंगबहादुरले विशेष थिती नै बनाएर संरक्षण गरे । उनीहरूलाई तालिम दिएर विशेष जात्रा, चाडपर्वमा ल्याएर नचाउन-गाउन लगाउँथे । परम्परागत रूपमा आएको तर स्थानीय लोक संस्कृतिसँग जोडिएको सङ्गीतलाई औपचारिक रूपमा संरक्षण गर्न आरम्भ गरे । शास्त्रीय सङ्गीत जो सङ्गीतको व्याकरण हो, त्यसलाई पनि ल्याएर नेपालीहरूलाई शिक्षा दिने काम भयो ।

नेपाली साहित्यकार मोतिराम भट्ट पनि सङ्गीतका गुरु थिए । साहित्यिको साथमा उनले सङ्गीतको पनि सेवा गरेका छन् । उनले बनारस रहँदा गुरु

भारतेन्दु हरिश्चन्द्रको प्रेरणामा बनारसी मूर्धन्य कलाकारसँग सितार र तबला सिकेर दुवैमा निपूर्ण बनेका थिए । पछि नेपालमा फर्किएर धेरैलाई सितार र तबला बजाउन सिकाएका छन् । सङ्गीतको उत्थानमा यो काम उनको निकै महत्वपूर्ण थियो ।

वीर शमशेरको शासनकालमा पनि धेरै भारतिय सङ्गीतज्ञलाई नेपाल ल्याईयो । स्वयं वीरले पनि आफ्नो दरवारमा धेरैलाई आश्रय दिए । दरवार भित्रै उनीहरूले चुनिएका दरवारको नजर परेका नेपालीलाई सङ्गीत पनि सिकाए । लालदरवार, सेतो दरवार, फोहरा दरवार, वागदरवारमा सङ्गीतको निकै होडबाजी चल्यो । कसले कति पाल्ने र कतिलाई सिकाएर प्रतिस्पर्धा गर्ने भनेर ठूलै होडबाजी चल्यो ।

विभिन्न सौखिन भारदार तिनका आसेपासे अनि गाँउघरवाट चुनिएका केटीहरूलाई पनि सङ्गीतको प्रशिक्षण दिन थालियो । भारतका चुनिएका ताज खा, दुन्दे खा जस्ता सङ्गीतज्ञले नेपालमा धेरैलाई सङ्गीतको शिक्षा दिए । इच्छुक सवैले सङ्गीत शिक्षा नपाए पनि चुनिएका केहिले राम्रै ज्ञान पाएका थिए । गायन र वादनमा मौका पाएका थिए ।

चन्द्र शमसेरको शासनकालमा पनि सङ्गीतको महत्व बढेर गयो । चन्द्र आफैँ सङ्गीतका ठूला सौखिन भएर निक्ले । उनी शासनमा आएपछि सिंहदरवार सङ्गीतको केन्द्र बन्यो । उनले भारत भूपालका प्रो. बालाचन्द्र शर्मालाई नेपालमै स्थायी बसोवास गर्ने गरी बोलाए । घर, जग्गा, जमिन र नेपालको नागरिकतासमेत दिइ सङ्गीत सिकाउनकै लागि नेपालमै राखियो । उनी पनि राजीखुसी नेपालमै बसी सङ्गीतको सेवा गरेर यही प्राण त्याग गरे ।

प्रो. बालाप्रसाद शर्मा सङ्गीतका विविध शैलीका ज्ञाता थिए । ध्रुपद, धमार, ख्याल, ठुमरी, गजल, टप्पा, कव्वाली जस्ता गीतका प्रकारमा यिनी सिद्धहस्त थिए । आफू पनि गाउने अरुलाई पनि सिकाउन सिपालु थिए । सितार, सरोददेखि हरेक प्रकारका बाजा बजाउन सिपालु थिए ।

चन्द्र शमसेरकै खोज र तालिममै मेलवादेवीको उदय भएको थियो । सिंहदरवारको तालिमले नै उनी गायिका बनेकी थिइन् । मेलवादेवीले पनि अनेकौँ प्रतिभाहरूलाई सङ्गीत सिकाउने काम गरिन । गायनको साथमा सङ्गीत शिक्षिकाको भूमिका यिनको अब्बल थियो । यिनका अनेकौं शिष्यहरूले नेपाली सङ्गीतको उत्थानमा योगदान दिएका छन् ।

जुद्धशम्शेरको शासनकालमा भने सङ्गीत अलि सुस्तायो । एक त देश भुकम्पमय र आन्दोलित थियो । त्यसमाथि जुद्धशम्शेर अघिल्ला राणा शासकजस्ता सङ्गीतप्रेमी नभएकाले पनि दरबारमा सङ्गीतले त्यति धेरै महत्व पाएन । यिनकै पालादेखि दरवारले पनि धेरै सङ्गीतकर्मी पाल्न छोड्यो । दरबारबाट निस्केका सङ्गीतकर्मीहरूले भारदार लगायत अन्य सौखिनको घरमा गाना बजाना गर्दै बाहिरका अरुलाई सङ्गीत पनि सिकाउन थाले । तसर्थ अन्य सौखिनहरूले पनि सङ्गीत सिक्ने मौका पाए ।

२००४ सालमा पद्म शम्शेरको पालामा पनि पद्मकन्या विद्याश्रममा पण्डित गंगाप्रसाद पराजुलीको नेतृत्वमा सङ्गीत शिक्षण सुरु भयो । महिलाहरूले यहि स्कुलबाट सङ्गीत सिक्ने मौका सजिलै पाए । तर तत्कालिन परिवेश नै महिलामैत्री थिएन । धेरैले यसको फाइदा लिन सकेनन् ।

२००७ साल पछिको सङ्गीत शिक्षा

नेपालको शासनमा राजा महेन्द्र आएपछि सङ्गीतले अझ वृहत् रुप ग्रहण गऱ्यो । उनकै पहलमा मित्र राष्ट्रहरूसँग सांस्कृतिक आदानप्रदान गर्ने सम्झौता भयो । फलस्वरूप देशमा कलाकार चाहिने अवस्था सिर्जना भयो । तिनलाई तालिम दिन सरकारी स्तरमा अफिस नै खडा गर्नु पर्ने अवस्था आयो । देशभरिबाट कलाकार छानेर तिनलाई सिकाउन थालियो । विदेशमा कार्यक्रम गर्ने हेतुले यो काम गरिएको थियो । राजा महेन्द्रकै पालामा पहिलोपटक नेपाली कलाकार गायन र नृत्य गर्न नेपाल बाहिर पुगे । एकेडेमीको गठन भयो । एकेडेमीमार्फत सङ्गीतको तालिम दिन थालियो ।

सङ्गीतलाई अझ बढी व्यापक बनाउनको लागि राष्ट्रिय शिक्षा योजना अन्तर्गत अतिरिक्त क्रियाकलापमा सङ्गीत शिक्षा दिने निति तय गरियो । २०११ सालमा सङ्गीत शिरोमणि यज्ञराज शर्माको अध्यक्षतामा नेपाली सङ्गीत परिषद्को स्थापना भयो । यहि परिषदले नेपाल सङ्गीत महाविद्यालय स्थापना भयो । यसैमार्फत सङ्गीत पढाउन तथा तालिम दिन थालियो ।

२०१४ सालमा त्रिभुवन विश्वविद्यालयको स्थापना भयो । सङ्गीत शिक्षालाई व्यापकता दिने कामको लागि त्रिभुवन विश्वविद्यालय पनि अग्रसर भयो । त्रिविको मानविकी तथा सामाजिक संकायले पद्मकन्या कलेज, रत्नराज्य कलेज,अनि ललितकला क्याम्पसमा सङ्गीतको विविध विधाको शिक्षण आरम्भ भयो ।

निजी क्षेत्रबाट पनि सङ्गीत पाठशालाको नाममा केहि व्यक्तिगत प्रयास भए । इन्दिरा कलानिधी सङ्गीत पाठशाला २०१८ सालमा नै सञ्चालनमा आयो । नेपालमा पढाउने इलाहावादको परिक्षा दिन लगाउने कामको सुरुवात भयो । कतिपयले आफ्नै नामबाट प्रमाणपत्र पनि दिन थाले । त्रिविवाहेक अरुको पढाउने निश्चित कोर्स थिएन । त्रिवीको सिको गरेर पढाउँथे । कोचिङ्ग या ट्युसन सेन्टरजस्ता यस्ता प्रशिक्षण स्थल क्रमशः खुल्दै गए । ५० को दशकमा आइपुग्दा त गल्ली गल्लीमा यस्ता सङ्गीत पाठशाला देखिन थाले । देशभरि सङ्गीतको शिक्षणले व्यापकता पायो ।

राणाकालमा भगतकृष्ण, मेलवादेवी गणेशप्रसाद, देवचन्द्र रेग्मी, उस्ताद बद्री, उस्ताद उजिर, उस्ताद नन्दलाल, गणेशलाल श्रेष्ठ, यज्ञराज शर्मा, राम बहादुरले नेपालमा सङ्गीत शिक्षा दिने काम गरे । सङ्गीत शिक्षणको कामलाई २००७ साल पछि नरराज ढकाल, कोइलीदेवी, गणेशबहादुर भण्डारी, अम्बर गुरुंग, गोपाल योन्जन, दिपक जंगम, मिरा राणा आदिले पनि अघि बढाएको देखिन्छ ।

सङ्गीतमा विद्यालय शिक्षाको सुरुवात

नेपालका स्कुलहरूले सङ्गीतलाई मनोरन्जनको साधनस्वरुप अभिभावक दिवसको दिन गाउन बजाउन यसो सिकाएजस्तो गरे पनि गायक गायिका सङ्गीतकार बनाउने स्तरको शिक्षा दिने काम गरेका थिएनन् । सरकारको पनि यसतर्फ ध्यान थिएन । त्यसलाई दृष्टि लगाउने काम म्युजिक नेपालले गऱ्यो ।

जसरी नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान, भूगोल, इतिहास आदि विषयको औपचारिक शिक्षा प्रदान गर्न विद्यालयहरू खोलिएका हुन्छन्, त्यसरी नै सङ्गीतको साउँअक्षरदेखि उच्च माध्यमिक तहसम्म अरू विषयमाझैं सरकारी मान्यता प्राप्त विद्यालय स्थापना गरिनुपर्छ भन्ने निष्कर्षमा म्युजिक नेपाल पुग्यो । काठमाडौंमा सङ्गीतका प्रशिक्षण केन्द्रहरू त बर्खे च्याउसरि सर्वत्र खुलेका थिए ।

तिनीहरूको सिकाइको स्तर थिएन । मापदण्ड दिएन । तालिम चाहिँ दिन्थे । प्रमाणपत्रलाई सरकारी मान्यता थिएन । यी सबै कुरालाई मनन् गरेर म्युजिक नेपालले सङ्गीत विद्यालय स्थापना गर्न आन्तरिक रुपमा २०५५ सालतिर तयारी गऱ्यो । सङ्गीत कम्पनिमा पाएको सफलताले म्युजिक नेपाल उत्साहित थियो । भविष्यमा दीक्षित सङ्गीतकर्मी उत्पादनमा टेवा पुग्छ अनि सङ्गीत पढाइमा नमिलेको संगती पनि मिल्छ भन्ने सोच मुताविक बिद्यालय सङ्गीत शिक्षामा योगदान गर्न म्युजिक नेपाल अघि सर्यो ।

यसरी स्थापना भयो नेपाल सङ्गीत विद्यालय

संगीत स्कूलको आवश्यकता महसुस गरेर नेपालमा सङ्गीत विद्यालय खोल्न म्युजिक नेपाल जुर्मुरायो । म्युजिक नेपालले यसको लागि २०५६ सालमै अनुमति लिने प्रयास गऱ्यो । यसका लागि इजाजत/स्वीकृति माग्न जिल्ला शिक्षा कार्यालय, ताहाचल गयो म्युजिक नेपाल । तर शिक्षा कार्यालय

यससम्बन्धी नियम नै छैन, हामीले स्वीकृति दिन मिल्दैन भनेर टकटकियो र शिक्षा मन्त्रालयको बाटो देखाइदियो । त्यसपछि म्युजिक नेपाल मन्त्रालय गयो । तर त्यहाँ पनि उस्तै ताल देखियो ।

त्यहाँका सम्बन्धित अधिकारीहरूले "हामीकहाँ यससम्बन्धी विज्ञ पनि छैन, नीतिनियम पनि छैन" भन्ने जबाफ दिए । यसअघि नेपाल सरकारले सङ्गीतसम्बन्धी शैक्षिक संस्था सञ्चालन गरेको थिएन । बिद्यालयको लागि अनुमति मागिएपछि निकै समय सरकार नै अलमलियो । के गर्ने कसो गर्ने निर्णय गर्न सकेन ।

यता म्युजिक नेपाललले यसको लागि ताकेता गरेको गर्‍यै थियो । म्युजिक नेपाललले हार मानेन । त्यसै फर्किएन । म्युजिक नेपाललले मन्त्रालयका अधिकारीहरूलाई विज्ञ, नीतिनियम, कागजात आदि यावत आवश्यक व्यक्ति र सामग्री हामी आफ्नै पहलमा उपलब्ध गराउँछौं भन्यो । सङ्गीत शिक्षाको लागि आवश्यक कुराहरू आफैँ बनाउन थाल्यो । बनाएर मन्त्रालयमा बुझायो पनि ।

नेपालको निति नियम पनि कस्तो ? चिकित्सा, इन्जिनियरिङ्ग आदि बिषयमा अनुमति दिन मिल्ने सङ्गीतको स्कुल चलाउन नदिने । हुन पनि हो त्यतिबेलासम्म सङ्गीत सम्बन्धि शिक्षाको महत्व राज्यका अधिकारीहरूले बुझेका थिएनन् । विद्यालयको फाँट हेर्ने उपसचिव रामकुमार बस्याललाई म्युजिक नेपाललले सङ्गीत शिक्षा बारेमा यावत कुराहरू बुझायो ।

बस्याल सकारात्मक सोच र उदार विचारका मानिस रहेछन् । उनले यससम्बन्धी प्रस्ताव तुरुन्तै राखेर मन्त्री स्तरीय निर्णय गरिदिए । निर्णय त सकारात्मक भयो तर एउटा घाँडो सर्त पनि म्युजिक नेपालको घाँटीमा झुन्डयाइयो- म्यूजिक नेपाललले नै सङ्गीत विषयक पाठ्यक्रम बनाएर मन्त्रालयलाई पेस गर्नुपर्ने । यो वि.सं. २०५७ सालको कुरा हो । यसमा म्युजिक नेपाललले हार मानेन । बनाएर बुझायो पनि ।

एकदिन दुइ नर्वेलीहरू म्युजिक नेपालमा आए । अनि कुरैकुरामा उनीहरूले प्रश्न गरे "संस्कृति विविधताका सम्बन्धमा म्यूजिक नेपालले के गर्छ ?" म्युजिक नेपालले लोकनृत्यको भिडियो बनाउँछ, लोकसंस्कृति सम्वर्द्धनको काम पनि गर्छ भन्दै म्युजिक नेपालले सङ्गीतका बारेमा गर्दै आएका अन्य प्रसङ्गहरू पनि बताइदियो ।

म्युजिक नेपालले सङ्गीत शिक्षाका बारेमा पनि महत्वपूर्ण काम गर्ने सोचाइ राखेको कुरा उठाएर माथि उल्लिखित व्यवधानहरूका कारण अहिले सङ्गीत विद्यालय सञ्चालन गर्ने कुरालाई देशको प्रतिकूल अवस्थाका कारण थाती राखेको भनेर खुलेर सबै भएका कुराहरू स्पष्टसँग राखिदियो । नर्वेलीद्वय यो फेहरिस्त बोकेर फर्किए ।

म्यूजिक नेपालले यस विषयमा केही होला भन्ने सोचेकै थिएन । तर यसको चार महिनापछि ती दुईमध्येका एक नर्वेली टम ग्राभेली फेरि म्यूजिक नेपाल आए । अघिल्लो पल्ट आउँदा नै उनीहरूले सांस्कृतिक संस्थान, जनक शिक्षा, नेपाल टेलिभिजन आदि निकायमा पुगेर सर्वेक्षण गरिसकेका रहेछन् । सायद कतै सम्भावना देखेका रहेनछन् । त्यसैले दोस्रोपल्ट एक्लै आएका ती नर्वेलीले म्युजिक नेपाललाई प्रस्ताव राखे सङ्गीत विद्यालय सञ्चालन गर्छौं भने हामी सहयोग गर्छौं । म्युजिक नेपाललाई यो प्रस्ताव दुङ्गा खोज्दा देउता भेटिएजस्तै भयो ।

म्युजिक नेपालले प्रस्तावलाई स्वीकार गऱ्यो । तर समस्या थियो प्राविधिकको । म्यूजिक नेपालसँग सङ्गीतको विद्यालय चलाउने अनुभव थिएन । यसको उपाय पनि तिनै व्यक्तिले गरिदिने भए । कुनै विकसित देशबाट यसका लागि विज्ञ उपलब्ध गराउने वचन दिए ।

२०६१ सालतिरको कुरा हो । युनेस्को अन्तर्गतको साङ्गीतिक संस्था इस्मीका पूर्वअध्यक्ष आइनार सोल्बुले इस्मीको एउटा कार्यक्रममा सहभागी

हुन आमन्त्रित गरे । युनेस्कोको त्यो कार्यक्रममा विश्वभरीका साङ्गीतिक संघ संस्थाका मानिसहरू सहभागी थिए । त्यहाँ नेपालको प्रतिनिधि बनेर सन्तोष शर्मा र अम्बर गुरुङ सहभागी भएका थिए ।

अम्बर गुरुङको स्वास्थ्य अलि ठीक नभएकाले धेरै व्यक्तिहरूसँग कुराकानी गर्न सक्नुभएन । सन्तोष शर्माले म्युजिक नेपालको तर्फबाट धेरै व्यक्तिसँग कुराकानी गर्नुभयो । आइनार सोल्बुले त्यहाँ आएका अन्तर्राष्ट्रिय स्तरका व्यक्तित्वहरूसँग परिचय गराए । सन्तोष शर्मालाई "तपाई के चाहानु हुन्छ सङ्गीत शिक्षाको लागि नेपालमा" भनेर सोधे । शर्माले आफ्नो उद्देश्य स्पष्ट पार्नुभयो ।

म्युजिक नेपालको सोच र योजना सुनेपछि अन्त्यमा तीनजना विशिष्ट विज्ञहरू योजनालाई बुझ्न र कार्यरूप दिन नेपाल आउने भए । ती तीन हस्तीहरू थिए नर्वेका आइनार सोल्बु, बेलायतका डेविड प्राइस र नेदरल्यान्ड्सका हव स्किपर । उनीहरू पनि खुसी भए । किनभने यति माथिल्लो कोटीका व्यक्ति भएर पनि यसअघिसँगै काम गरेका रहेनछन् र म्युजिक नेपालमार्फत् यो अवसर जुटेकोमा खुसी भए ।

यहाँ आएर उनीहरूले पहिला म्युजिक स्कूल बनाउने स्थल सोधे । शर्माले आफ्नी श्रीमती कञ्चन शर्माको पिङ्गलास्थानको जग्गा देखाइदिए । २०६१ को जाडोयाममा उनीहरूले छ-सात दिन बसेर रोडम्याप बनाएर दिए । नेपाल म्युजिक सेन्टरको अवधारणालाई सामान्यीकरण गरेर यसैअन्तर्गत सङ्गीत विद्यालय सञ्चालन गर्नुपर्ने नीति निर्धारण गरियो ।

नामका बारेमा विभिन्न कुरा हुँदा नेपाल सङ्गीत विद्यालय नामकरण गर्ने निर्णय भयो । सङ्गीत शिक्षामा ७५ प्रतिशत नर्वेजियनले सहयोग गर्ने सम्झौता म्युजिक नेपालसँग गऱ्यो । यसमा उनीहरूको आफ्नै विशेषज्ञले गर्ने कुरा पनि तय भयो । नेपाल सङ्गीत विद्यालय घर भाडामा लिएर २०६२

माघमा श्रीपञ्चमीका दिन सरस्वती माताको आराधना गरेर पिंगलास्थानमा सञ्चालन गरियो । अनि यसको पहिलो प्राचार्य हुनपुगे वरिष्ठ सङ्गीतज्ञ अम्बर गुरुङ ।

विद्यालय त सुरु भयो । अब त्यहाँ के पढाउने ? अनि शिक्षा मन्त्रालय समन्वय गरी म्युजिक नेपालले आफ्नै पहलमा कक्षा एकदेखि क्रमशः १० सम्मको पाठ्यक्रम तयार गरेर पाठ्यपुस्तक लेखन-सम्पादनको कार्य गऱ्यो । नेपालमा पनि औपचारिक रुपमा बिद्यालयस्तरमा सङ्गीत विषय पनि अध्धयन-अध्यापन हुन थाल्यो ।

नेपाल सङ्गीत विद्यालयले स्कुल तहबाटै सङ्गीत शिक्षा प्रदान गर्दै प्रतिभावान विद्यार्थीलाई प्रोत्साहित गर्नुपर्छ भन्ने लक्ष्य बोकेको थियो । आजकालको जमानामा आफ्नो देशको मौलिक रीतिरिवाज झल्काउदै त्यसमा पाश्चात्य सङ्गीतको मिश्रण पनि गराउने अनि जातिय सङ्गीतको पनि पठनपाठन गराउने लक्ष्य थियो । यसैमा विद्यालय क्रेन्द्रित रह्यो ।

विद्यार्थीलाई ल्याउने,प्रशिक्षण गराउने अनि पूर्वका विद्यार्थीलाई पश्चिमसँग मिलाउने र उनीहरूलाई प्रशिक्षण दिन पठाउने नीति लिइएको थियो । शास्त्रिय सङ्गीतको पनि अध्ययन पनि गराउने सोच थियो । यसरी समग्रमा सबै किसिमका सङ्गीत पठनपाठन गराएर नेपालमा सङ्गीतको विकास र विस्तारमा टेवा दिने काममा यो विद्यालय निरन्तर लागिरह्यो ।

जमिन आफ्नै भएकाले भाडामा नबसी आफ्नै भवन बनाउने सोचमा म्युजिक नेपाल पुगेपछि विद्यालय भवनको शिलान्यास २०६२ मङ्सिर ५ गते संस्कृतिविद् सत्यमोहन जोशीले गरेका थिए । भवन नेपाली शैलीमा निर्माण हुने कुरा पारित भएपछि एकजना वास्तुविद् देवेश भट्टराईलाई नियुक्त गरियो । यो भवन ७ महिनामा बन्यो । र २०६३ असोज २४ गते उद्घाटन भएको थियो ।

यहीबीचमा २०६५ सालदेखि तीन वर्ष यहाँका कतिपय शिक्षकहरू नर्वेमा जाने पढाउने, त्यहाँको शिक्षा तथा शिक्षण पद्धति सिक्न आदान-प्रदान गरियो । यसअन्तर्गत उताबाट पनि शिक्षकहरू झिकाएर सिकाउन लगाउने र यहाँको सङ्गीतको ज्ञान पनि दिने काम भयो । यसैअन्तर्गत शिक्षक उत्पादन गर्न प्रशिक्षण दिने कार्य भयो ।

सरकारले २०६७-०६८ तिर प्राविधिक शिक्षा दिने भनेर प्राविधिक तथा व्यवसायी शिक्षा केन्द्र (TVET) अन्तर्गत इन्जिनियरिङका पाँचवटा विषय सिभिल, इलेक्ट्रोनिक, आइटी, एग्रिकल्चर आदि समेट्ने घोषणा गऱ्यो । शिक्षा मन्त्रालयअन्तर्गत औपचारिक शिक्षा (९-१२) दिने घोषणा गरेको चाल पाएपछि यो चाल पाएर नेपाल सङ्गीत विद्यालयले सङ्गीत पनि त प्राविधिक विषय हो, यसमा सङ्गीत विषय पनि समावेश गरिनुपर्छ भनेर सरकारलाई झकझकाउने काम गऱ्यो । यसमा एक-दुई वर्ष लाग्यो । अन्ततः मान्यता दियो अनि त्यसपछि सङ्गीत विद्यालयमा सङ्गीत विषयको प्राविधिक तथा व्यावसायिक धारअन्तर्गत ९-१२ को पठनपाठन सुरु भयो । अनुमति पायो । तर पाठ्यक्रम नै बनेको थिएन ।

पाठ्यक्रम विकास केन्द्रसँग पाठ्यक्रम माग्दा बनाएकै छैन । बन्न अझै २ वर्ष लाग्छ भन्ने कुरा आयो । सरकारी बजेटबाट पाठ्सक्रम बनेर स्विकृत भएर आउन धेरै समय लाग्ने देखेपछि म्युजिक नेपाल आफैँ पाठ्यक्रम बनाउने सोचमा पुग्यो । त्यसको लागि चाहिने बजेट पनि आफैँले व्यवस्था गर्ने पत्र पाठ्यक्रम विकास केन्द्रलाई दियो । सङ्गीत विद्यालयलाई तत्काल पठनपाठन गर्नुपर्ने थियो कहाँ दुई वर्ष कुर्नु । यसको उपाय पनि पाठ्यक्रम विकास केन्द्रले नै सुझायो ।

"तपाईहरू यसको लागि आवश्यक बजेट दिनूस् हामी तुरुन्त बैठक बसेर पास गरिदिन्छौं । पाठ्यक्रम तपाईहरू नै बनाएर ल्याउनुस्" यति कुरा भए पछि यसको लागि आवश्यक बजेट र पाठ्यक्रम बनाएर म्युजिक नेपालले

बुझ्कायो । अनि तत्काल बैठक बसेर पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम स्वीकृत गरिदियो । म्युजिक नेपालले ९-१२ को पाठ्यक्रमको बाटो पनि यसरी फुकायो ।

यसरी नेपालमा कक्षा १ देखि १२ सम्मको स्कुल शिक्षा दिने काममा म्युजिक नेपाल र यसैको अर्को भगिनी संस्था नेपाल सङ्गीत विद्यालय सफल भयो । यो नेपालको सङ्गीतको इतिहासमा महत्वपूर्ण पाटोको रुपमा दर्ज भयो ।

सरकारले शिक्षामा अनुदान दिने निति बनाएको थियो । प्राविधिक व्यवसायिक धारका विद्यालयलाई वार्षिक ३०-४० लाख सरकारले व्यहोर्ने नीति थियो । यो रकममा नेपाल सङ्गीत विद्यालयको पनि ध्यान गयो । सङ्गीत विद्यालयले पनि यो लगानी सरकारले गर्छ भन्ने आशा गरेको थियो । यसको लागि पहल पनि गऱ्यो ।

यो रकम पाइयो भने आरामले स्कुल सञ्चालन गर्न सकिन्छ भन्ने सोचिरहेको नेपाल सङ्गीत विद्यालयलाई निजी क्षेत्रको स्कुल भएकाले अनुदान दिन नमिल्ने कुरा सरकारले बतायो ।

सरकारी अनुदान नपाए पनि नेपाल सङ्गीत विद्यालयले सातै प्रदेशबाट एउटा-एउटा जेहेन्दार विद्यार्थीलाई त्यहाँको स्थानीय विज्ञबाट छानेर ल्यायो । आठ कक्षा उत्तीर्ण गरेकालाई छात्रवृत्तिअन्तर्गत खाने बस्ने सबै व्यवस्था यहीँ गऱ्यो । १२ कक्षासम्मको सङ्गीत शिक्षा पाएर ती विद्यार्थी विद्यालयबाट बिदा पनि भैसके । सङ्गीतमा प्रोत्साहित गर्न यो कदम विद्यालयले चालेको थियो ।

अहिले १२ कक्षासम्म पठनपाठन हुने यो विद्यालय अब स्नातक तह तहको तयारीमा जुटेको छ । स्नातक पाठ्यक्रम त्रिभुवन विश्वविद्यालयसँग मिलेर बनाईसकेको छ । अनुमति दिने बित्तिकै यो सञ्चालनमा ल्याउने तयारीमा विद्यालय छ । त्रिविले स्वीकृत गर्न ढिलाई गरे अन्य विश्व

विद्यालयसँग अनुमति लिएर भए पनि स्नातक पठनपाठन गर्ने सोचमा म्युजिक नेपाल पुगेको छ ।

निष्कर्ष

यसरी नेपालमा नमिलेको सङ्गीत शिक्षालाई मिलाउने काममा म्युजिक नेपालले युगान्तकारी भूमिका खेलेको छ । अहिले प्राथमिक तहदेखि उच्चतहसम्मको सङ्गीत शिक्षा नेपालमै पाइन्छ । सङ्गीतको विकास र विस्तारमा म्युजिक नेपालको योगदान मनन् योग्य छ । राष्ट्रियस्तरमा नै धेरै ठोस कार्यहरू गरेको छ । आज नेपाली सङ्गीतकर्मीहरू कुनै पनि विदेशी कलाकारसँग ननिहुरीकन स्वाभिमानका साथ आफ्नो शिर उच्च गरेर अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाललाई चिनाइरहेका छन् । विश्व रंगमंचमा आफ्नो र मुलुकको इज्जत पहिचान कायम गरेका छन् । सङ्गीत शिक्षाको लागि आवश्यक बाटो आफैँले बनाउँदै अधि बढेको म्युजिक नेपालले अवका दिनमा पनि थप उत्साहजनक काम गरेर नेपाली सङ्गीतको सेवा गरि नै रहने छ ।

❊ ❊ ❊

संस्मरण

म्युजिक नेपालसँगको मेरो सुखद् सहकार्य



भूपाल राई
(कुलपति नेपाल प्रज्ञा-प्रतिष्ठान)

वरिष्ठ कवि, गीतकार तथा नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईले म्युजिक नेपाल र यसका गतिविधिलाई नजिकबाट नियालेका छन् । उनका गीतहरू पनि यस संस्थाबाट प्रकाशित भएका छन् । यी विविध सन्दर्भहरूलाई जोडेर एउटा स्रष्टाको दृष्टिमा म्युजिक नेपाल र यसले गरिरहेका गतिविधिले नेपाली सङ्गीतिक फाँटमा के-कस्तो योगदान पुऱ्याइरहेको छ भन्ने विषयमाथि स्रष्टा राईसँग "म्युजिक नेपालः यात्राका ४० वर्ष" का लागि रमण घिमिरेले संक्षिप्त कुराकानी गरेका थिए । प्रस्तुत छ- त्यही कुराकानीको सम्पादित अंश ः

नेपाली सङ्गीतको औद्योगिक दुनियाँमा आज म्युजिक नेपाल जसरी स्थापित भएको छ, यस अर्थमा यो संस्थापक हो । गीत, सङ्गीत र गायनको पनि बजार हुन्छ भनेर यसले प्रमाणित गरेको छ । गीत-सङ्गीतको संस्थागत विकासमा म्युजिक नेपालले नै पहिलो खुट्किलो हालेको हो भन्ने लाग्छ । हामी पनि यसको अनुभोक्ता हौं । पहिलेपहिले यस संस्थासँग सहकार्य गरेकै व्यक्तिभित्र पर्छु म पनि । त्यसैले मलाई के अनुभव छ भने म्युजिक नेपाल, खासगरी नेपाली गीत-सङ्गीतलाई बजार या उद्योगसँग गाँसेर अघि बढाउने यो नै संस्थापक संस्था हो भन्ने मेरो मान्यता छ ।

नेपाली अर्थ व्यवस्थासँग सङ्गीतलाई गाँस्ने र जोड्ने यसको भूमिका बिर्सिन मिल्दैन । अहिले सङ्गीत उद्योगमा जेजस्ता संस्था र व्यक्तिहरू आए, त्यो म्युजिक नेपालकै पहल कदमीको परिणाम हो । कुनै पनि नौलो कुराको सुरुवात शून्यबाट गर्नु भनेको त ठूलो कुरा हो, नयाँ चेतना हो । पछाडि त सहयोगीका रूपमा थुप्रै संस्था-व्यक्तिहरू आउँछन् । प्रतिस्पर्धी, प्रतिद्वन्द्वीहरू पनि आउँछन् । तर कुनै पनि विषयलाई शून्यबाट सुरु गर्नु भनेको नयाँ चेतनाको काम हो । यस मानेमा म्युजिक नेपालको यस कार्यमा ठूलो योगदान छ भन्ने मलाई लाग्छ ।

रेडियो नेपाललाई पनि हामीले बिर्सिन मिल्दैन । रेडियो नेपाल भनेको गीत-सङ्गीतको दुनियाँमा एउटा कडी नै हो । नेपाली गीत-सङ्गीतलाई आम जनमानसमा पुऱ्याउने ठूलो माध्यम या साधन हो रेडियो नेपाल । यसको इतिहास छुट्टै छ । तर रेडियो नेपाल र म्युजिक नेपाल दुई संस्थालाई छुट्टयाउने एउटा कडीचाहिँ मलाई के लाग्छ भने रेडियो नेपालले गीत-सङ्गीतको जेजति सेवा गऱ्यो र जनजनमा पुऱ्यायो, त्यो आमश्रोतामाझ गीत-सङ्गीतलाई पस्किने, प्रचार गर्ने काम, साधना गर्ने काम गरेको हो । तर त्यस साधनालाई अर्थतन्त्रसँग जोडेर बजार व्यवस्थापन गर्ने काम म्युजिक नेपालले गऱ्यो । म्युजिक नेपाल अस्तित्वमा आएपछि विशुद्ध साधकहरू पनि

"त्यही साधनालाई प्रयोग गरेर बाँच्न सक्छन् है र यो पनि एउटा पेसा हो है" भन्ने प्रमाणि गरिदियो । म्युजिक नेपालले सङ्गीतलाई पनि अरू पेसाजस्तो अपनाएर जीवनयापन गर्न, जीवनवृत्तिको माध्यम बनाउन सकिन्छ भन्ने चेतना दियो । अर्थात् रेडियो नेपालले गीत-सङ्गीतलाई उत्पादन र प्रचारण गऱ्यो अथवा गीत-सङ्गीतलाई चिनाउने काम गऱ्यो भने म्युजिक नेपालले जीवनवृत्ति बनाउन सकिन्छ भन्ने पुष्टि गऱ्यो ?

यसले बजारसँग जोडेर आम स्रष्टा-कलाकारलाई जीवन धान्ने माध्यम बनाइदियो । अहिलेको दुनियाँमा कुनै पनि वस्तु बजारसँग जोडिएन भने त्यो वस्तु पनि बाँच्दैन र यसमा आवद्ध व्यक्ति पनि आर्थिक हिसाबले बाँच्दैन । यसरी गीत-सङ्गीतसँग आवद्ध कुनै पनि साधक यही पेसा अँगालेर बाँच्न सक्छन् भन्ने यसले देखाइदियो । बजारको विस्तार गर्नु भनेकै ठूलो कुरा हो ।

प्रतिलिपि अधिकारका क्षेत्रमा पनि म्युजिक नेपाल र सन्तोष शर्माले महत्वपूर्ण योगदान पुऱ्याएका छन् । यसले सुरुको क्यासेटबाटै रोयल्टी दिने प्रथाको थालनी गऱ्यो । पछि प्रतिलिपि अधिकारसम्बन्धी कानुन ल्याउने कुरामा पनि म्युजिक नेपाल र सन्तोष शर्माले एउटा समूह बनाएरै काम गरे । नाफा मात्र खोज्ने एउटा व्यावसायिक संस्थाले त यस्ता काममा ध्यान दिँदैनन् । आफैँ मात्र आयआर्जन गर्न चाहन्छन् । यस सवालमा म्यूजिक नेपाल अरुभन्दा फरक देखियो ।

बजारसँग जोड्ने, जोडिने एउटा कुरा भयो । बजारसँग जोडिइसकेपछि कुनै पनि सिर्जना प्रतिलिपि अधिकारसँग जोडिइ नै हाल्छ । यद्यपि नेपालमा प्रतिलिपि अधिकारसम्बन्धी ऐनकानुन २०२२ मै आइसकेको थियो । तर यो कानुन छ है भन्ने कसैलाई थाहा थिएन । हामी स्वयम्लाई नै थाहा थिएन । तर म्युजिक नेपाल र सन्तोष शर्माज्यू आएपछि त्यसलाई व्यावहारिक रूपमा कार्यान्वयन गरिदिनुभयो ।

भलै यो ठूलो क्षेत्रमा जति गर्नुपर्ने हो त्यो गर्न सकिएन होला । तर सन्तोष शर्माज्यूले प्रतिलिपिअधिकर पनि हुन्छ भन्ने चेतना जगाइदिनुभयो र

रोयल्टी पनि प्रदान गर्नुभयो । म स्वयम्ले पनि म्युजिक नेपालबाट रोयल्टी पाएको छु । मैले अरू कुनै संस्थाबाट रोयल्टी पाएको छैन । यो कुरा पनि म्युजिक नेपालबाट स्थापित भएको छ । अर्थात् कुनै सिर्जनात्मक कामको रोयल्टी पाइँदो रहेछ भन्ने कुराको यसले उदाहरण दिएको छ । यसलाई हामीले बिर्सिनु हुँदैन ।

पहिलो कुरो, म्युजिक नेपालले आफ्नो व्यवसाय पनि गर्नुपर्थ्यो । दोस्रो कुरो, मैले माथि पनि सङ्केत गरिसकेँ- यसले गीत-सङ्गीतलाई बजारसँग जोड्ने कदम चाल्यो । तेस्रो कुरो, माओवादी जनयुद्धकालमै त्यस्ता खालका गीत-सङ्गीत उत्पादन गर्नु र निकाल्नु ठूलो चुनौती थियो । राज्यले कोपभाजनमा पारिहाल्थ्यो । तर यस्तो अवस्थामा पनि म्युजिक नेपालले यस्तो चुनौतीपूर्ण कार्य गऱ्यो, यसलाई पूर्णतः क्रान्तिकारी कार्य नभने पनि जनताको जुन अभियान-आन्दोलन थियो त्यो पनि यो देशको केही हिस्सा हो र जनयुद्ध पनि जनताकै चाहना हो भन्ने बोधचाहिँ म्युजिक नेपाललाई भएकै हो । राज्यसत्ताले त म्युजिक नेपाललाई अदालतमा बोलायो होला, प्रहरी कहाँ तारिख धाउन लगायो होला । त्यतिखेरको समयमा म्युजिक नेपालले गरेको त्यस कामलाई वास्तवमा "स्यालुट" गर्नुपर्छ हामीले । किनभने सबै उत्पादक संस्थाहरू यस्ता थिएनन् । जनताका गीत गाउने कलाकारहरू पनि लुकेर गाउने अवस्था थियो । विचराहरू बाहिर आउन सक्दैनथे । यस परिस्थितिमा म्युजिक नेपालले जुन आँट गऱ्यो, त्यस आँटले पनि सांस्कृतिक, साङ्गीतक हिसाबले जनयुद्धलाई स्थापित गर्ने काम चाहिँ गरेकै हो । बजार मात्र नसोची दृढता र नीडरताका साथ जनताको आवाज पनि निकालौं है भन्ने सोचका साथ यस्ता गीत-सङ्गीत प्रकाशन गर्नु ठूलो आँटको कुरा हो ।

एकै शब्दमा भन्ने हो भने यो साहसिक, आँटिलो काम हो । किनभने म पनि जनयुद्धकालमा भूमिगत भएको एउटा सशस्त्र समूहका लागि यहाँबाट

म्यागेजिन निकाल्ने काम गर्थें । लुकेर गर्थें । तर म्युजिक नेपालजस्तो व्यावसायिक काम मात्र गरिरहेको संस्थाले त्यस कालमा यस्ता जनगीतहरू निकाल्नु भनेको ठूलो साहसिक काम हो ।

म्युजिक नेपालले उत्पादन गरेका क्यासेटहरूमा मैले केही गीतहरू लेखेको छु- शीलाबहादुर मोक्तानज्यूहरूसँग आवद्ध भएर । मेरो आफ्नै प्रोजेक्ट नभए पनि शीलाबहादुरज्यूहरूको प्रोजेक्टसँग गाँसिएर मेरा सिर्जनाहरू म्युजिक नेपालमार्फत् उत्पादन तथा बजार व्यवस्थापन भएका छन् । म्युजिक नेपालले मलाई बोलाएरै पहिलोपल्ट ती सिर्जनाहरूको रोयल्टी प्रदान गरेको छ । यसले मलाई एकदमै उत्साहित पारेको थियो । "बाफ रे रोयल्टी पनि पाइँदो रहेछ" भन्ने खुसी अनुभव गरेको छु । यसले गर्दा पनि म्युजिक नेपालसँगको मेरो सहकार्य एकदमै सुखद र ऐतिहासिक छ भन्दा हुन्छ ।

❊ ❊ ❊

म्युजिक नेपाल र म



उत्तम थापा
(महा-प्रबन्धक म्युजिक नेपाल)

आफ्नो अध्ययन पूरा गरिसकेपछि म नेपाल सरकार (तत्कालीन श्री ५ को सरकार) को सरकारी जागिरमा अधिकृत हुने सोचमा थिएँ तर त्यस समयमा लोकसेवा आयोगको परीक्षा अनिश्चित समयका लागि रोकिएकाले कुनै पनि कम्पनीमा भए पनि अधिकृत हुन्छु भन्ने विचारमा थिएँ । त्यही वेला मैले विज्ञापनहरू हेर्दै जाँदा कान्तिपुर दैनिकमा प्रकाशित म्युजिक नेपालको विज्ञापनमा आँखा पर्न गयो र त्यही प्रतिस्पर्धामा छनौट भई म प्रशासन अधिकृतको रूपमा स्टोरसम्बन्धी कामसमेत हेर्ने गरी सेवामा प्रवेश गरेको हुँ । प्राइभेट कम्पनी भए पनि म्युजिक नेपालमा लिखित, अन्तर्वार्ता र प्रयोगात्मक परीक्षासमेत दिनुपर्ने सिस्टम विशेष राम्रो लाग्यो मलाई । त्यसैले म मेरा लागि यो नै सरकारी कार्यालयसरह भयो र जीवनको महत्वपूर्ण समय यसै कम्पनीको

सेवामा रमाएर बिताइरहेको छु । कारण यो कम्पनी विधि, प्रविधि र प्रणालीगत रूपमा सञ्चालित यस्तो संस्था हो, जुन कुनै सरकारी कार्यालयभन्दा कम छैन बरु अझ बढी नै व्यवस्थित भएको हुँदा यसैको काममा समर्पित भएकोले म पनि यतै हराइरहेको छु अहिलेसम्म पनि ।

करिब २५ वर्षअघि म म्युजिक नेपाल आउँदा यस कम्पनीमा संस्थापक अध्यक्ष एवं कार्यकारी सञ्चालक श्री सन्तोष शर्माज्यूको नेतृत्वमा कम्पनी सञ्चालित थियो भने बजार-व्यवस्थातर्फको नेतृत्व संस्थापकमध्येका अर्का सञ्चालक श्री यादव बास्कोटाज्यूको नेतृत्वमा कम्पनी कार्यालय भवनदेखि बाहिर छुट्टै महाशाखाको रूपमा सञ्चालित रहेको थियो । त्यसैगरी मार्केटिङमा श्रीकृष्ण भट्टराई विभिन्न स्रष्टा-कलाकारसँगसँगै र गीत-सङ्गीतको समन्वय गर्ने कार्यमा हुनुहुन्थ्यो भने कम्पनीबाटै उत्पादित क्यासेट एल्बमलगायतको Inventory Management को कामको जिम्मेवारी अर्का कर्मचारी श्री केशव अधिकारीले गर्दै आउनुभएको थियो । म पनि उहाँहरूसँगै सहभागी भएर आफ्नो कार्यसम्पादन गर्दै आइरहेको थिएँ ।

मैले म्युजिक नेपाल प्रवेश गरेपछि सङ्गीतबजारका धेरै उतार-चढावहरू देखेको र भोगेको छु । आजको दिनसम्म आइपुग्दा सङ्गीत बजारमा धेरै फेरबदल आइसकेको छ यस संस्थाका बारेमा गर्वका साथ भन्नुपर्दा यस कम्पनीले विगतका क्यासेट सिडीको युगदेखि आजको डिजिटल प्रविधिको युगसम्म यस क्षेत्रमा सधैं अग्रणी भूमिका निर्वाह गर्दै आइरहेको छ । र, यो एउटा निजी स्तरको अग्रणी र प्रतिष्ठित संस्थाको रूपमा स्थापित हुनसकेको छ ।

म्युजिक नेपालले राष्ट्रिय-अन्तर्राष्ट्रिय व्यावसायिक सञ्जालसँगको सहकार्यका कारण सङ्गीतबजारमा आउने प्रविधिको परिवर्तनलाई आत्मसात् गर्दै डिजिटल प्रविधिको माध्यममा अग्रसर हुन खोज्दै गर्दा एकाएक फिजिकल मार्केट (क्यासेट, सिडी) को गिरावट भएको कारण अधिकांश म्युजिक कम्पनीलाई धरासायी मात्र बनाएन बन्द गर्नुपर्नेसम्मको अवस्थामा पुऱ्यायो ।

यस क्रममा यस कम्पनीलाई पनि फेज आउट बजारका कारण प्रतिकूल प्रभाव भने पारेकै हो । तर सुझबुझपूर्ण व्यवस्थापनका कारण संस्थाले आफूलाई स्थापित गराइरहन सफल रहेको हो ।

विगतको समयदेखि नै म्युजिक नेपालले सङ्गीत बजारको विकासमा सधैँ महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । पछिल्लो समय आफूलाई डिजिटल तथा मोबाइलफोन प्रविधिको प्लेटफर्मका रूपमा स्थापित गरेर आफ्नालगायत विभिन्न म्युजिक कम्पनी तथा व्यक्तिका गीत-सङ्गीत तथा भिडियोजन्य सामग्रीहरू र नेपाली चलचित्रहरू संसारैभरि पुऱ्याउन सफल भएको छ ।

म पनि त्यसमा एउटा शौभाग्यशाली व्यक्ति हुँ, जसले क्यासेट, सिडीजस्ता भौतिक वस्तु एल्बम उत्पादनको समयदेखि डिजिटल तथा मोबाइल फोन-प्रविधिको समयसम्म कम्पनीलाई प्लेटफर्मका रूपमा स्थापित गर्न विभिन्न म्युजिक कम्पनी र व्यक्तिहरूसँग सहकार्यका सम्झौताहरू गर्ने अवसरदायी भूमिका निर्वाह गर्न पाएँ । डिजिटल तथा मोबाइल फोन-प्रविधिको व्यवसाय सुरुमा नेपाल टेलिकमको सिआबिटी सेवाबाट शुभारम्भ भएको हो जसमा मैले सुरुका सम्झौतादेखि सहभागी हुने पनि अवसर पाएँ ।

म्युजिक नेपालमा प्रवेश गर्नुअघि म असनको कुनै क्यासेट पसलमा गएर आफूलाई मनपर्ने गीतहरूका लिस्ट दिई क्यासेटमा भर्न लगाएर सुन्ने गर्थें । जुन वेला मलाई प्रतिलिपि अधिकारको हनन् गर्नुहुन्न भन्ने जानकारी नै थिएन । तर आज म यस कम्पनीमा कार्यरत भएपछि दुईचार प्रतिलिपि अधिकारसम्बन्धी कुराहरू गर्नसक्ने भएको छु । प्रतिलिपिअधिकारको वर्तमान कानुन ल्याउनमा यस संस्थाका संस्थापक अध्यक्षज्यूको प्रयासलाई मैले नजिकबाट देखेको छु । उक्त कानुनअन्तर्गत स्थापित विभिन्न रोयल्टी संस्थाहरू र प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालयसँग सहकार्य गर्ने यस संस्थाको नीति रहेको छ ।

यस संस्थाको व्यवस्थापनको सोच, कार्यशैली र प्रणालीगत उपायहरूका कारण यो संस्था निजी स्तरको अग्रणी संस्था बनिरहन सफल भएको हो । यस संस्थाको मुख्य उद्देश्य नै सङ्गीतलाई व्यावसायीकरण गर्नु र "स्रष्टाको संरक्षण गरौं राष्ट्रलाई समृद्ध बनाऔं" भन्ने आफ्नो मूल नारालाई आत्मसात् गर्दै अघि बढ्नु रहेको छ ।

म प्रवेश गर्ने समयमा आफ्नो रेकर्डिङ स्टुडियोमार्फत् गीत-सङ्गीतका एल्बम उत्पादन गरी बजार गर्दै गरेको यस कम्पनीले दक्षिण एसियामै पहिलोपटक अत्याधुनिक टेपमेटिक डिजिटल लुपबिन मेसिन राखी धेरै सङ्ख्यामा क्यासेटहरू उत्पादन गरी बजार पठाउने गर्थ्यो । क्यासेट, सिडी फेजआउट भएपछि डिजिटल तथा मोबाइलफोन-प्रविधितर्फ सुरु भएको आरबिटी सेवादेखि राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमा Full Length Songs बिक्री वितरणमा होस् वा नेपालमा हालसालै सबैभन्दा बढी सतासी लाख Subscribers भएको Music Nepal channel र Music Nepal Entertainment Video, TV Shows र Nepali Films हरूबाट आयआर्जन हुँदै आएको छ भने अर्कोतर्फ Audio/Video Streaming APP "MOMO" को विकास गरी उक्त APP मार्फत् नेपाली तथा भाषाभाषीका गीत-सङ्गीतहरू तथा भिडियोजन्य सामग्रीहरू र नेपाली चलचित्रहरूको बजारीकरण गर्दै आएको छ । पछिल्लो समय विभिन्न सामाजिक सञ्जालहरू जस्तै- फेसबुक, इन्स्ट्राग्राम, टिकटकबाट पनि आयआर्जन गर्न सकिने सम्भावनाहरूमा कम्पनी प्रवेश गरिसकेको छ ।

मलाई गौरव लागेको छ कि म पनि कार्यरत भएकै समयमा यो कम्पनी प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेडमा परिवर्तन भएको छ । संस्थामा अझै जिम्मेवारी थपिएको महसुस गरेको छु । आगामी दिनमा संस्थाले अझै धेरै प्रगति गर्नेछ भन्ने मेरो विश्वास र प्रतिवद्धता रहेको छ । साथै यो संस्था आगामी दिनहरूमा पनि नेपाली सङ्गीत बजारको महत्वपूर्ण धरोहर हुनेछ भन्ने मेरो अपेक्षासमेत रहेको छ ।

(रमण घिमिरेसँगको कुराकानीमा आधारित)

जीवनको सारथि, म्यूजिक नेपाल



केशव अधिकारी
(वरिष्ठ प्रबन्धक, म्युजिक नेपाल)

तत्कालीन समयमा मेरो गाउँमा रहेको स्कुलमा कक्षा सातसम्म मात्र पढाइ हुने भएकाले माध्यमिक तहको पढाइका लागि घरभन्दा तीन घन्टा टाढाको बाटोमा रहेको डेरामा बसी दिङ्ला भोजपुरको अरुण माध्यमिक विद्यालयमा कक्षा आठदेखि एसएलसीसम्मको अध्ययन पूरा गरेपछि मेरो जीवनको पहिलो मोड सुरु हुन्छ ।

मध्यम वर्गीय परिवार रहेको मेरो गाउँमा आफ्नो खेती किसानीबाट खानलाउन पुग्ने तर थप नगद सञ्चित नहुने र उच्च शिक्षा अध्ययन गर्न नजिकमा क्याम्पस पनि नभएकाले गाउँमा एस.एल.सी पास गर्ने अधिकांश

ब्यक्तिहरू अस्थायी शिक्षकमा जिल्लामै वा छिमेकी जिल्लामा शिक्षण गर्ने प्रचलन थियो । तर मचाहिँ जसरी पनि उच्च शिक्षा अध्ययन गर्ने अठोटले परिवारसँग सल्लाह गरेर काठमाडौं आएँ र क्याम्पस भर्ना भएँ । र, मेरो गाउँबाट उच्च शिक्षा अध्ययन गर्न बाहिर जाने म पहिलो ब्यक्ति हुनपुगेँ ।

घरबाटै खासै आर्थिक सहयोग हुन सक्दैनथ्यो । यसर्थ क्याम्पस भर्ना भएपछि मलाई आर्थिक समस्या पर्न थाल्यो र जागिरको खोजी सुरु भयो । बालाजु औद्योगिक क्षेत्रमा रहेको "नेपोथिन" कम्पनीमा साप्ताहिक सिफ्ट अनुसारको जागिर मिलेपछि केही राहत त भयो तर सिफ्टको जागिरले कलेजको पढाइमा असर गऱ्यो र म जागिर छाड्न बाध्य भएँ । यसै वेला गोरखापत्रमा म्युजिक नेपालको पदपूर्तिसम्बन्धी विज्ञापन प्रकाशित भयो र यही विज्ञापनका आधारमा मैले दर्खास्त हाल्दा अन्तरवार्तामा छनौट भई २०५४ भदौंदेखि म्युजिक नेपालमा मेरो सेवा सुरु भयो ।

मेरो सानैदेखि नेपाली गीतसङ्गीत सुन्ने रुचि थियो । घरमा भएको "नेसनल प्यानासोनिक" रेडियोमा "एभरेडी" ब्याट्री पैसा उठाएर भए पनि किन्थ्यौं अनि ठूलो स्वरमा बजाइ रहन्थ्यौं । यसैमा हामी आनन्दित हुन्थ्यौं । रेडियो नेपालमा मीरा आचार्यले सञ्चालन गर्ने "सङ्गीत-सौगात" कार्यक्रमको त म नियमित श्रोताजस्तै थिएँ, जुन म्यूजिक नेपालले प्रायोजन गरेको थियो ।

दसैँ-तिहार र विशेष चाडपर्वहरूमा बाहिर गएका मानिसहरू गाउँमा आउँदा ठूलोठूलो स्वरमा क्यासेट प्लेयर बजाउँदै आउँथे । राम थापा, कुमार बस्नेत, शम्भु राई, नारायणगोपाल, उदितनारायण झा, प्रेमराजा महत, लक्ष्मी जोशी, मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्यका क्यासेट चक्काहरू बढी घन्कन्थे । डम्मरु र त्रिशूल अङ्कित लोगो भएको म्यूजिक नेपालका ती क्यासेट चक्काहरू घन्काएर आनन्द लिएको, नाचगान गरेको गाउँका साथीभाइले अहिले पनि कुरा गर्दा र आफू त्यही संस्थामा आवद्ध हुन पाएकोमा अझ बढी सन्तुष्टि मिलेको अनुभूति हुन्छ ।

सेवा प्रवेशको सुरुआती वर्षहरूमा आपनो जिम्मेवारी डिलरले अर्डर गरेको क्यासेट एल्बमको रेकर्ड राख्ने, त्यसको समयमै डेलिभरी गर्ने, स्टक मौज्दात नियन्त्रणको काम गर्ने थियो । त्यसताका म्युजिक नेपालका काठमाडौँ उपत्यका, बिर्तामोड, विराटनगर, धरान, नारायणघाट, पोखरा, नेपालगञ्जलगायतका ठाउँमा रहेका डिलरहरूसँगको सम्बन्ध सुमधुर नै रहयो ।

बोनस खानका लागि दिइएको वार्षिक बिक्री पुऱ्याउनका लागि आर्थिक वर्षको अन्तिम महिनामा र बहु प्रचारित, रुचाइएका कलाकारका नयाँ एल्बम रिलिज हुने वेलामा डिलरहरूले गर्ने अधिक एल्बम अर्डरलाई पनि समयमै व्यवस्था गर्न सकेकोमा अफिसले बनाएको सिस्टम, सिनियरहरूले गर्ने गाइड, कर्मचारी साथीहरूबीच टिमवर्कको भावनाप्रति अहिले पनि सन्तुष्टि मिलिरहन्छ ।

लेखा शाखामा रहेर काम गर्दा स्रष्टा कलाकार, डिलर, सङ्गीत कम्पनीहरूसँगको सम्बन्ध अझ बढ्न गयो । विषेश गरी स्रष्टा-कलाकारहरूको क्यासेट बिक्री-विवरणसहितको रोयल्टी आन्तरिक प्रक्रिया पूरा गरी तोकिएको मितिमा भुक्तानी गर्दा र सङ्गीत कम्पनी तथा डिलरहरूको हिसाब लेखाविधिअनुसार उहाँहरूले बुझ्ने गरी उपलब्ध गराउँदा म्युजिक नेपालप्रति उहाँहरूले व्यक्त गर्नुभएको विश्वसनीयता र दिनुभएको सुझावले थप ऊर्जा दियो भने सेवा प्रवाहमा समयअनुसार सुधार्नुपर्ने मार्गनिर्देश पनि गऱ्यो । सुधार्नुपर्ने कुराहरू टिपोट गरी व्यवस्थापनमा छलफल गर्दा सधैँ सकारात्मक प्रतिक्रिया पाइन्थ्यो र प्रायः सबै कार्यान्वयन नै पनि भएको छ ।

नेपाली गीतसङ्गीतको व्यावसायिक विकास गर्ने, स्रष्टा-कलाकार तथा कला-संस्कृतिको संरक्षण गर्ने मूल उद्देश्य रहेको यस कम्पनीले देश विकासमा आफ्नो तर्फबाट पुऱ्याएको सेवा र टेवा अनुकरणीय छ र म्युजिक नेपाल गीतसङ्गीतको खोज-अनुसन्धान गर्नेका लागि पनि एउटा महत्वपूर्ण स्रोतकेन्द्र हुनसक्छ ।

समयको माग र हालको डिजिटल प्रविधिले ल्याएको परिवर्तनसँगै कम्पनीले गर्ने व्यवसाय विस्तार भइरहेको र सेवाग्राहीलाई प्रवाह गर्ने सेवामा पनि समयअनुसारको सुधार गर्दै लगेको पाएको छु ।

काम गर्ने राम्रो वातावरण, नियमित तलब, विषयगत तालिम दिने, वार्षिक कार्य सम्पादन तथा मूल्याङ्कन, वर्ष कर्मचारी सम्मान, बढुवा, कम्पनीको आर्थिक अवस्था र कर्मचारी नियमावलीमा भएको व्यवस्थाअनुसार समय सापेक्ष तलब वृद्धि, सञ्चयकोष, उपदान, बिमा, बिदा, भैपरी आउने समस्याका लागि कर्मचारी विशेष सापटी, चाडपर्व विशेष कार्यक्रम आयोजना, संस्थागत संरचनाको व्यवस्था, सिक्ने र आफ्नो प्रतिभा देखाउने अवसर, आफ्नो सुझाव राख्न पाइने, नियमित बैठक हुने, काम तथा जिम्मेवारी तोक्ने व्यवस्था भएको यो कम्पनीमा काम गर्ने कर्मचारी सबैको भविष्य उज्ज्वल देखेको छु । संस्थामा आफनो व्यवसाय विस्तार, आर्थिक सम्वृद्धि र गरिमा कायम गर्न

"उपयुक्त प्रणाली, सक्षम र सन्तुष्ट कर्मचारी
खुसी पारौं सेवाग्राही र व्यवस्थापन पदाधिकारी"

भन्ने मान्यता रहेको पाएको छु भने कर्मचारीले पनि आफ्नो प्रतिष्ठा, पेसा र जीवनवृत्तिका लागि उपयुक्त संस्था सम्झेर उच्च मनोबलका साथ तोकिएको जिम्मेवारी पूरा गरिरहेको पाएको छु ।

मैले संस्थापक अध्यक्ष श्री सन्तोषकुमार शर्माज्यूको नेतृत्वमा रहेको म्युजिक नेपाल लिमिटेडजस्तो गरिमामय संस्थामा रहेर सेवा गर्ने, व्यावसायिक, व्यावहारिक, आर्थिक, सामाजिकलगायत जीवनका धेरै पक्षका बारेमा सिक्ने, सुधार्ने तथा चिनिने अवसर प्राप्त गरेँ । "मेरो जीवनको सारथि म्यूजिक नेपाल" ४० वर्ष पुगेको अवसरमा गरिमामय र प्रगतिमय शुभकामना" ।

(रमण घिमिरेसँगको कुराकानीमा आधारित)

सङ्गीत उद्योगको दर्विलो संस्था



कर्णदास (लोकप्रिय गायक)

पोखरा यसै पनि साहित्य र सङ्गीतको सहर । त्यतिबेला केही ब्याण्डले पोखरामा राम्रो पकड बनाइसकेका थिए । मलगायत साथीहरु पनि सङ्गीतका सौखिन थियौं । गाउन, बजाउन हामीलाई पनि आउँथ्यो । हामी कलेज पढ्ने केही युवाहरूको समूहले ब्याण्डको योजना बनायौं । नाम राखियो, मध्याह्न ब्याण्ड । पचासको दशकमा नेपालमा अरू पनि दर्जनौं ब्याण्ड थिए । ती ब्याण्डको भुमरीमा मध्याह्न ब्याण्डले पनि आफ्नो उपस्थिति खरो तरिकाले उतार्नुपरेको थियो ।

बीस वर्षे आफ्नो जोस र सङ्गीतप्रतिको झुकावको प्रतिफलमा हामीले एउटा गीत रेकर्ड गरायौं । गीतले राम्रो चर्चा मात्र कमाएन, ब्याण्ड र मलाई नेपाली सङ्गीतको क्षेत्रमा पनि चिनायो । गीत नसुन्ने कमै भए । मन नपराउने कमै भए । मेरो पहिलो गीतले नै मलाई सङ्गीतमा स्थापित

बनायो । गीतको प्रतिक्रियाले हौसिएका हामीले अरू गीत पनि राम्रो गर्ने सुनौलो मौका पायौँ। गीत हिट भएपछि अझ राम्रोसँग गिटार र हार्मोनियम बजाउन सिकेँ ।

हाम्रो लोकप्रियतालाई मध्यनजर गरेर धेरै सङ्गीत कम्पनीहरुले हामीसँग रुचि देखाएका थिए । हामी पनि के गर्ने, कसो गर्ने सोचिरहेका थियौँ । गीतहरु बनाइरहेका थियौँ । ब्याण्ड र म चर्चित भयौँ तर साथीहरुले विविध कारणले सङ्गीतमा निरन्तरता दिन सकेनन् । ब्याण्डको खोजी हुँदा म एक्लो पर्दै गए । स्थापना भएको केही वर्षमा नै हाम्रो ब्याण्ड भने लगभग हराइसकेको थियो । साथीहरु लाखापाखा लागेपछि म एक्लै सङ्गीतको दौडमा सामेल भएँ । आएका गीतहरु गाउँदै हिड्दैं थालेँ । एक्लै कार्यक्रमहरु गर्न थाले । धेरै सङ्गीतकार गीतकारले मप्रति रुचि लिइरहेका थिए । धेरै गीतहरुको प्रस्ताव आइरहेको थियो । म पनि पहिलेभन्दा फरक गीतको तयारीमा थिएँ ।

प्रायः सबैले पहिलो एल्बमकै जस्तो गीत खोजिरहेका थिए । तर म त्यो भन्दा फरक गर्ने सोचमा थिएँ । धेरैसँग कुरा भयो तर कसैले पनि मलाई बुझिरहेको अवस्था थिएन । त्यस्तैमा मेरो सङ्गीत करियरसँग म्युजिक नेपाल जोडिन आइपुग्यो । मेरो सोच र म्युजिक नेपालको सोच मेल खायो । अबको प्रोजेक्ट म्यूजिक नेपालसँग जोडिने कुरामा सहमति दिए । कुरो २०५५ तिरको हो । मेरो सोचअनुसारको गीति एल्बम म्युजिक नेपालले गरिदिने भयो । सङ्गीत र गीत अनि रेकर्डिङको सबै काम सकेर एल्बमको फाइनल कपी म्युजिक नेपाललाई दिएँ । "व्यर्थै फेरि" नामबाट यो एल्बम निस्कियो ।

सुगम सङ्गीतलाई यसपटक पेस गरेको थिएँ । मेरो यो प्रयोगले व्यावसायिक सफलता नपाए पनि मेरो सङ्गीतप्रतिको सोच र पहिचान सङ्गीत अनुरागीहरुसमक्ष पेस गर्न सकेँ । यही नै मेरो सफलताको परिचायक बन्न पुग्यो । यसमा मलाई म्युजिक नेपालको पूर्ण साथ र सहयोग थियो । त्यसपछिका एल्बम "पुरानो डुगाँ", "आधा सपना", "प्रीत" र "जिन्दगीका क्षणहरू" सबै चर्चित भए ।

"पुरानो डुंगा" मा रहेका गीतहरू अझ धेरै चर्चित बने । यो एल्बमका

गीतले मेरो नामलाई नेपाली सुगम सङ्गीतमा बोल्ड बनाइदियो । म अझ लोकप्रिय हुन सफल रहें । यसमा नजाँनिदो तरिकाले म्यूजिक नेपालकै योगदान छ । यदि म्यूजिक नेपालले "व्यर्थै फेरि" जस्तो मेरो सोच र शैलीको एल्बम बजारीकरण नगरिदिएको भए कहाँ पछिल्ला एल्बमहरुसँग जोडिने मौका पाउँथे र ? कर्णद्वासले यस्तो पनि गीत गाउँदो रहेछ भन्ने जानेरै मछेउ आउनु भएको हो अरु लगानीकर्ताहरु । पोखराले मात्र होइन, पूरै नेपालीले मेरो गीत गुनगुनाउन थालिसकेका थिए ।

सन् २००६ मा अमेरिका हानिएको म अमेरिका जान पाउनु एउटा अवसर भएको ठान्छु । अमेरिकाले मलाई निडर र स्वावलम्वी हुन सिकाएको छ । मैले सुनेको "अमेरिकाको जिन्दगी कस्तो रहेछ" भन्ने लागेर म केही समयका लागि त्यहाँ गएको थिएँ । त्यसअघि पहिले पनि केही देशको भ्रमण गर्ने मौका जुरेको थियो । त्यसबाट पनि धेरै कुरा सिकें । जानें । बुझें । सोहिअनुसार आफूलाई परिमार्जन पनि गर्दै लगें ।

२० वर्षपछि फेरि म्युजिक नेपालबाटै लामो समयको ग्यापपछि नेपाली साङ्गीतिक यात्रामा जोडिन पुगे । "एउटा नयाँ आशा" एल्बममार्फत नेपाली साङ्गीतिक क्षेत्रमा म्यूजिक नेपालसँग सहकार्य गर्न पुगें । सम्भवत् यो मेरो अन्तिम एल्बम हुनसक्छ । प्रविधिमा आएको परिवर्तनले अहिले हामी एल्बम नै नचाहिने मोडमा आइपुगेका छौं । गीत बन्छन् तर एल्बम नबन्ला अब । सोलो गीत डिजिटल प्लेटफर्ममा सिधै अपलोड गर्ने परम्पराले एल्बम जुगलाई नै विस्थापन गरिदियो । समयको वेगलाई अरुले जस्तै मैले पनि आत्मसात् गरेको छु ।

पछिल्लो समयमा डिजिटल प्रविधिवाहेक अन्य कुरा उस्तै भए पनि नयाँ कलाकारले पनि गीति क्षेत्रमा राम्रो प्रभाव देखाएका छन् । नयाँ पुस्ताले नयाँ आशा लिएर आउनुभएको छ । यो सकारात्मक कुरा हो । तर लामो समयसम्म पनि सङ्गीत क्षेत्र जस्ताको त्यस्तै छ ।

४० वर्ष सङ्गीतको अनवरत् सेवा गरेकोमा म्यूजिक नेपाललाई बधाई तथा शुभकामना । नेपाली सङ्गीतमा निकै दर्विलो काम गरेर आफूलाई प्रमाणित गरेको संस्था हो, म्युजिक नेपाल ।

तस्बिर खण्ड

म्युजिक नेपालका संस्थापक तथा कर्मचारीहरु



सन्तोष शर्मा



सजनराम भण्डारी



यादव वास्कोटा



संस्थापकहरुसँग तत्कालीन कर्मचारी तथा लोकप्रिय कलाकारहरु

म्युजिक नेपालद्वारा आयोजित विभिन्न कार्यक्रमहरु



हनुमानढोकामा आयोजित अन्तर्राष्ट्रिय लोकसंगीत फेस्टिभल



रामायण विमोचन समारोहमा गायिका लोचन भट्टराई रामायण वाचन गर्दै



गाउँछ गीत नेपाली एल्बमको विमोचन समारोह



२०४८ सालमा आयोजित प्रथम लोकगीत प्रतियोगितामा सहभागीहरु प्रस्तुति दिदैं



रामायणको विमोचन गर्दै तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला



पन्ध्रौं वार्षिक उत्सव समारोहलाई सम्बोधन गर्दै तत्कालिन प्रधानमन्त्री मनमोहन अधिकारी



म्युजिक नेपालद्वारा आयोजित सांगीतिक कार्यक्रममा उपस्थित जनसमुदायहरु



रामायण एल्बम तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई हस्तान्तरण गर्दै सन्तोष शर्मासाथमा कमलमणि दिक्षित



१६ औं वार्षिकोत्सव तथा म्यूजिक नेपाल पुरस्कार समारोहको एक झलक



१७ औं वार्षिकोत्सव तथा म्यूजिक नेपाल पुरस्कार समारोहको एक झलक



तत्कालिन प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दसँग सन्तोष शर्मालगायत प्रतिनिधिहरुको छलफल



१५ औं वार्षिकोत्सव तथा म्यूजिक नेपाल पुरस्कार समारोहको एक झलक



जापानिज प्रशारण NHK लाई अन्तर्वार्ता दिँदै सन्तोष शर्मा



१६ औं वार्षिकोत्सव तथा म्यूजिक नेपाल पुरस्कार समारोहको एक झलक



१५ औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित नेपाली संगीत उद्योग र प्रतिलिपि सम्बन्धी गोष्ठीको एक झलक



१७ औं वार्षिकोत्सव तथा म्यूजिक नेपाल पुरस्कार समारोहको एक झलक

म्युजिक नेपालका रेकडिङ यन्त्र तथा उपकरणहरु









पत्रपत्रिकामा म्युजिक नेपाल



म्युजिक सेन्टरमा आदिवासी संगीत

काठमाडौं, मुख २५ (मागपोक)– क मौलाजपि सांगीको धुन गुन्जाएको नेपाल म्युजिक सेन्टरमा गिवार आदिवासी जनजातिको सम्मान भयो । सेन्टरको प्रेक्षालयमा भेलाबक्का धाम दौ र बाँडे तथा ओखलढुंगाका सुरुवार, गोरखाका मगर र रामेछापका माझी समुहाले संगीत प्रस्तुत गरे ।

म्युजिक सेन्टरले आँहले गराइरहा सूचीकृत २९ आदिवासी जनजातिका संगीतको रिसर्च रिपोर्टको छ । त्यही अनुसन्धानका क्रममा भेटिएका संगीतलाई सेन्टरले सभागृहमा काठमाडौंका प्रेक्षकहरु गहँ आएको छ । यानेमा सभागाम्बाल सेक्का आदिवासी जनजातिलाई सोहिएको थियो ।

अध्यक्ष गर्ने बालेमा नेपालकै आदिवासीका संगीत किन जगाइने भन्ने लागेर यो कार्यक्रम सुरु गरेका हौं' सेन्टरका रिसर्चर धुरु पार्ने मुकरुहले बागमती, जगमती, जनकपुर, र गण्डकी अञ्चलको भ्रमण गरेका थिए । आधिकारिक संगीत आओस् भन्ने उद्देश्यले सम्बन्धित जातीय संस्थाको सहकार्यमा कार्यक्रम

न्याइएको थियो ।

रिसर्च गोर तयार हुने सम्मानि किसानको रूपमा निकालने पो लिइएको सेन्टरका अध्यक्ष बा शर्माले बताए । 'धामकी ल तयार भइसकेको छ भने चुर्लेली बा सर्भेटेएपछि त्यो पुरा हुन्छ, भने, रत्नमणि कीर्तिपुर, ललि काठमाडौं, मध्यपुर र धनकुटाका न संगीतमाथि अर्को किताब हुनेछ ।

अध्ययन सामग्रीको रूपमा आदिवासी जनजातिका संगी हरेक वर्ष किताबमा नि जानेछौं ।

शनिबार संगीत प्रस्तुत समूहलाई सांस्कृतिक सा जोगी र संगीत अभियन्ता ग हर्षलले प्रमाणपत्र प्रदान गरे ।



लोकसंगीत महोत्सव शुरू

Folk musicians unite to perform an ode to life and cultur







अब आठ कक्षामै संगीतको अध्ययन

THE KATHMANDU POST FRIDAY, JANUARY 9, 1998

The Kathmandu Post Jan 9, 1998

For the protection of creators

By Santosh Sharma

We often hear politicians describe creators as jewels of a nation. And may rightly so. It is another matter that they do very little to protect them. A nation is what its art, culture and science makes it to be and is the combined effort of the creators of various fields. We live in the world they have created for us. This is why they are the invaluable assets of a nation. Therefore, every nation should not only protect the moral and economic right of creators but also need to make the situation conducive to creativity.

The creators of human mind is defined in the intellectual property. It can be classified broadly into two main categories: industrial property, which covers design, patent and trademarks and copyrights, covering the field of art, literature, music and photography. The scope of this article is limited to the field of copyright and particularly to Nepal's present scenario vis-a-vis international practice.

Our experience in the field of copyright started with the Copyright Act of 2022 BS (1965 AD). This act was mechanistical due to lack of regulations to administer it as well as some inherent weaknesses chief among which were minimal fine for infringement, enumeration of first time offense, burden of proof on victim and exclusion of some broad heads. Responding to the request of creators and the King last march (December 1997).

This new law tries to address most of the weaknesses of the old Act. Following are some of the highlights: Fine for infringement increased from Rs 500 to a maximum of Rs 200,000; jail term increased from six months to a maximum of two years; no enumeration for first time offenses; new technologies such as computer software also incorporated and unauthorized adaptation made punishable, recognizing the moral right of the authors.

While these are the important aspects of first amendment, which achieved to have positive impact, it still has several shortcomings making it incompatible internationally.

All over the world royalty collecting societies act as guardians of creators and interact with the actual users on behalf of them. Secondly, copyright being a technical subject and somewhat complicated too, most of the countries of the world have made provision for copyright tribunals in their law. This ensures efficient expenditure of the copyright infringement cases. Thirdly and more important, our law makes registration mandatory to get protection. This is in violation of internationally accepted principle that the moral and economic rights of a creator should be protected irrespective of whether it is registered or not.

121 countries as its members.

This convention is based on three main principles. First is the principle of national treatment according to which works originating in one of the contracting states must be given the same protection in each of the other contracting states as the latter grants to the works of its own national. The second principle of automatic protection says that protection must not be conditional upon the compliance with any formality. The third principle of "independence" says that protection should be independent of the existence of the protection in the country of the origin of the work.

Similarly, in the field of industrial property, Paris Convention, 1883, is the most important one and 140 nations had become its member till January 1, 1997. The United Nations' specialized agency that looks after the administration of both the Berne and Paris conventions is the World Intellectual Property Organization, also called WIPO. These treaties are open to all the countries of the world for accession.

In fact, WIPO is the culmination of the union of international bureaux of both the Berne (1886) and Paris (1883) conventions. It was established by a convention held in 1967 in Stockholm. Its main objectives are to promote the protection of intellectual property

cooperation in February 1997. Similarly in the field of trade, the most important treaty which concerns intellectual property is TRIPS (Trade Related Aspects of Intellectual Property Rights). It has sufficient time clause attached and has incorporated clauses 1 to 21 of the Berne Convention. We have up to December 31, 2005 AD to upgrade our law to make it compatible with the treaty. There is no escape.

At present we don't have to make any special effort to observe the gross and blatant violation of intellectual property rights in the country. One visit to the shops in New Road or Asan will reveal the scale of infringement. Both the national and international products are being copied openly with big signboards announcing infringement services. Needless to say, it is counterproductive to national creativity. Today, the world has become a global village due to the development of technology. Important creations in the field of art, literature, music and science can make that country rich in no time. So it is important that we protect our creations both nationally as well as internationally.

In the recent past, we have created computer software for Devnagari script. That software alone, if protected, had the potential to offset balance of trade deficit with India.

Such protection is possible after

राजधानी

पाइरेसी रोक्न एटीएम



संगीत एटीएम सञ्चालन



महत्त्व संगीत पाठ्यक्रमको



छ कक्षाको पाठ्यक्रममा संगीत र नृत्य

नेपाल समाचारपत्र २०६०-१२-२८

स्कुललाई संगीत पुस्तक



NEWS


Kathmandu goes digital

Studer adopts ADA



FEBRUARY 27, 1998 (FALGUN 15, 2054) SATURDAY

Tears And Fears Of Music Nepal



नेपाल संगीत विद्यालयको पिङ्गलास्थानमा रहेको भवन

विविध फोटोहरु



म्यूजिक नेपालका संस्थापक सन्तोष शर्मा विदेशी प्रतिनिधिहरुसँग



११ औं वार्षिकोत्सव तथा म्यूजिक नेपाल पुरस्कार समारोहको एक झलक



म्यूजिक नेपालमा कार्यरत् महिला कर्मचारीहरु



अन्तर्राष्ट्रिय पुरस्कार ग्रहण गर्दै सन्तोष शर्मा



विदेशी प्रतिनिधिहरुसँग सन्तोष शर्मा



कार्यशालामा आफ्नो मन्तव्य राख्दै सन्तोष शर्मा



म्युजिक नेपाल पुरस्कार ग्रहण गरेपश्चात् गायक रामकृष्ण ढकाल र राजु लामाका साथमा अन्य कलाकारहरु



नेपाल संगीत विद्यालयको उद्घाटन समारोहको एक झलक



नेपाल संगीत विद्यालयको शिलान्यास समारोहको एक झलक



११ औं वार्षिक उत्सव सम्बोधन गर्दै सन्तोष शर्मा



सन्तोष शर्माका साथमा गायक वमबहादुर थापा र प्रेमराजा महत



आफ्नो कार्यकक्षमा सन्तोष शर्मा





सुर्खेतमा रहेको म्युजिक नेपालको तत्कालिन अधिकृत विक्रेताको पसल